काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

२६ औं वार्षिकोत्सव

www.kankrebihar.com

राष्ट्रिय संस्करण ❐ वर्ष : २६ ❐ अंक : १ ❐ बिहीवार, १ असोज, २०८३ ❐ Thursday, 17 Sep 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४+१२ ❐ मूल्य : रु. १०

प्रकाशकीय/सम्पादकीय

खबरदारीको निरन्तरता

समय बदलिन्छ, परिस्थिति बदलिन्छ, शासनका स्वरूप र प्राथमिकता बदलिन्छन् । प्रविधिले सञ्चारका माध्यम पनि बदलिदिएको छ, सूचना प्राप्त गर्ने नागरिकको तरिका बदलिएको छ र समाजका अपेक्षाहरू पनि दिनप्रतिदिन फराकिलो हुँदै गएका छन् । तर सत्यको खोजी, नागरिकको आवाज र सार्वजनिक उत्तरदायित्वप्रतिको आवश्यकता भने बदलिएको छैन । यही आवश्यकताको जगमा पत्रकारिता उभिएको छ । र यही जिम्मेवारीलाई आत्मसात् गर्दै कर्णाली प्रदेशको पहिलो दैनिक पत्रिका तथा काक्रेविहार राष्ट्रिय दैनिकले आफ्नो यात्रालाई अघि बढाइरहेको छ । आ.व. २०५७/०५८ देखि सञ्चालनमा आएको यो पत्रिका कर्णाली प्रदेशसँगै देशभर सर्वाधिक बिक्रि हुने र खोजिने पत्रिका पनि हो । तर पत्रकारिता हाम्रो लागि समाचार छाप्ने कर्म मात्रै होइन, यो समाजको ऐना हो, प्रश्न गर्ने माध्यम हो, आवाजविहीनको आवाज हो, भने सार्वजनिक जीवनमा जवाफदेहिताको निरन्तर खोजी पनि हो । समाचारले घटना बताउँछ, तर हामीले पत्रकारितामार्फत निरन्तर घटनाको कारण सहित खबरदारी गर्दै आएका छौं । सूचना दिनु पत्रकारिताको आधारभूत दायित्व हो । त्यसको प्रभाव, त्यसले जन्माएको प्रश्न र त्यसबाट नागरिकले पाउनुपर्ने जवाफ खोज्नु पत्रकारिताको गहिरो जिम्मेवारी हो । त्यसैले खबरदारी हाम्रो पत्रकारिताको मूल स्वभाव हो । खबरदारी भन्नाले हरेक विषयमा विरोध गर्नु होइन । कसैलाई दोषी ठहर गर्नु पनि होइन । खबरदारी भनेको अधिकार प्राप्त व्यक्तिलाई उसको दायित्व सम्झाउनु हो । सार्वजनिक स्रोतको प्रयोग कहाँ भइरहेको छ ? भनेर प्रश्न गर्नु हो । राज्यले नागरिकलाई दिएका वाचा र व्यवहारबीचको दूरी देखाउनु हो । विकासका योजनाको कागज र त्यसको वास्तविक अवस्थाबीचको अन्तर उजागर गर्नु हो । नागरिकले सेवा पाउन किन सास्ती भोग्नुपर्छ ? भनेर सोध्नु हो । र राम्रो काम भएको छ भने त्यसको उदाहरण समाजसामु प्रस्तुत गर्नु पनि खबरदारीकै अर्को सकारात्मक पक्ष हो ।

लोकतन्त्र निर्वाचनको दिनमा मात्र जीवित हुँदैन । लोकतन्त्र त नागरिकले हरेक दिन प्रश्न गर्न पाउने वातावरणमा जीवित रहन्छ । हामीले सरकार र सार्वजनिक निकाय जनताप्रति उत्तरदायी छन् कि छैनन् ? नीति र निर्णयले नागरिकको जीवनमा कस्तो प्रभाव पारिरहेका छन् ? सार्वजनिक धनको सदुपयोग भइरहेको छ कि छैन ? शिक्षा, स्वास्थ्य, पूर्वाधार, रोजगारी र सेवा प्रवाहमा नागरिकले अपेक्षित परिणाम पाइरहेका छन् कि छैनन् ? यस्ता प्रश्नहरू निरन्तर उठाइरहेका छौं । जहाँ प्रश्न गर्न छोडिन्छ, त्यहाँ जवाफदेहिता कमजोर हुन थाल्छ । जहाँ जवाफदेहिता कमजोर हुन्छ, त्यहाँ बेथिति मौलाउने सम्भावना बढ्छ । र जहाँ बेथितिमाथि प्रश्न गर्ने संस्कार कमजोर हुन्छ, त्यहाँ नागरिकको विश्वास पनि कमजोर हुँदै जान्छ । त्यसैले काँक्रेविहार राष्ट्रिय दैनिकको खबरदारी कुनै क्षणिक अभियान होइन । यो निरन्तर पत्रकारिताको अभ्यास हो । पछिल्लो समय सूचना उत्पादनको गति अत्यन्त तीव्र छ । एउटा मोबाइलबाट केही सेकेन्डमै सूचना हजारौँ मानिससम्म पुग्छ । सामाजिक सञ्जालले नागरिकलाई अभिव्यक्तिको ठूलो अवसर दिएको छ । तर सूचनाको यो विस्फोटसँगै गलत सूचना, आधा सत्य, भ्रम र अपुष्ट दाबीको जोखिम पनि बढेको छ । यस्तो समयमा सञ्चारमाध्यमको भूमिका झन् महत्वपूर्ण हुन्छ । हामीलाई छिटोभन्दा पहिले सही हुनुपर्ने चुनौती छ । लोकप्रियभन्दा पहिले विश्वसनीय हुनुपर्ने चुनौती छ ।

सनसनीभन्दा पहिले सत्य रोज्नुपर्ने चुनौती छ । काँक्रेविहार राष्ट्रिय दैनिकले यही जिम्मेवारीलाई आत्मसात् गरेको छ । हाम्रो आगामी यात्रा चुनौतीविहीन छैन । आर्थिक दबाब, डिजिटल प्रतिस्पर्धा, सूचनाको तीव्र गति, सामाजिक सञ्जालको प्रभाव र पत्रकारितामाथि बढ्दै गएको विभिन्न प्रकारको दबाबबीच विश्वसनीय पत्रकारिता कायम राख्नु सजिलो काम होइन र छैन पनि । तर कठिनाइले जिम्मेवारी घटाउँदैन; बरु बढाउँछ । हामीलाई थाहा छ, खबरदारी गर्दा प्रश्न उठ्छन् । कहिलेकाहीं असन्तुष्टि उत्पन्न हुन सक्छ । तर सार्वजनिक हितमा उठाइएका तथ्यमा आधारित प्रश्नलाई व्यक्तिगत असहमतिको आधारमा दबाउन सकिँदैन । पत्रकारिताको मूल्य नै त्यतिबेला देखिन्छ, जतिबेला प्रश्न गर्न सहज हुँदैन । त्यसैले काँक्रेविहार दैनिक आफ्नो यात्राको आगामी चरणमा अझ तथ्यपरक, अझ जिम्मेवार र अझ नागरिकमुखी पत्रकारिताको अभ्यास गर्ने प्रतिबद्धता व्यक्त गर्दछ । त्यसैले हाम्रो खबरदारी कुनै एउटा अंकमा सीमित रहने छैन । अंक फेरिन्छन्, समाचार फेरिन्छन्, समय फेरिन्छ, तर नागरिकप्रतिको हाम्रो जिम्मेवारी फेरिने छैन । सत्यको खोजीमा, नागरिकको आवाजसँगै र सार्वजनिक उत्तरदायित्वको पक्षमा यो खबरदारीको निरन्तरता जारी रहनेछ । यो यात्रामा समन्वय र सहकार्यका लागि सम्पूर्ण पाठकवर्ग, विज्ञापनदाता, सरकारी तथा गैर सरकारी निकायलाई धन्यवाद ज्ञापन गर्दछौं !

.....

सुशीलराज शर्मा

सम्पादक

कर्णालीको ऊर्जा क्षेत्रमा लगानीको खडेरी



✍ चाँदनी कठायत



सुर्खेत । कर्णालीका नदीमा १८ हजार मेगावाटभन्दा बढी जलविद्युत् उत्पादन गर्न सकिने सम्भाव्यता अध्ययनहरु भएका छन् । तर आर्थिक सर्वेक्षण २०८२/८३ अनुसार २०८२ फागुनसम्म प्रदेशमा वैकल्पिक ऊर्जाबाहेकको विद्युत् उत्पादन क्षमता १५ मेगावाट मात्रै छ ।

यही अवधिमा राष्ट्रिय प्रसारण ग्रिडबाट विद्युत् पहुँच पुगेको जनसंख्या भने ७४.३ प्रतिशत पुगेको छ । अर्थात् कर्णालीमा बिजुलीको पहुँच विस्तारको गति उत्पादन विस्तारभन्दा धेरै अगाडि देखिन्छ । कर्णाली जलविद्युतमा भने पछिल्लो समय ठूलो लगानीका आयोजना निर्माणको चरणमा प्रवेश गर्न थालेका छन् । ४२० मेगावाटको तिला-२ को ७० अर्ब सात करोड रुपैयाँको वित्तीय व्यवस्थापन पूरा भएको छ ।

तिला नदीमै बन्ने ४४० मेगावाटको तिला-१ का लागि ५९ अर्ब ४० करोड रुपैयाँ लागत अनुमानसहित ऋण लगानीको व्यवस्था अघि बढेको छ । ४३९ मेगावाटको बेतन कर्णालीमा ९३ अर्ब ४० करोड सात लाख रुपैयाँ लगानी स्वीकृत भइसकेको छ । ९०० मेगावाटको माथिल्लो कर्णाली निर्माणका लागि पूर्वाधारको ठेक्का प्रक्रिया अघि बढेको छ, तर ४१७ मेगावाटको नलगाड अझै लगानीकै खोजीमा छ ।

कर्णाली जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयका सूचना अधिकारी सागर आचार्यका अनुसार प्रदेशमा साना-ठूला गरेर २३६ आयोजना निर्माण सम्पन्न भइसकेका छन्, भने ७० आयोजना विभिन्न चरणमा छन् । उनका अनुसार विभिन्न चरणमा रहेका यी ७० आयोजनाको क्षमता मात्रै करिब १० हजार मेगावाट छ । 'प्राविधिक तथा आर्थिक हिसाबले निर्माण गर्न सकिने करिब २० हजार मेगावाट क्षमताका जलविद्युत् आयोजनामध्ये हाल १० हजार मेगावाटका सानाठूला गरी ७० वटा आयोजना विभिन्न चरणमा छन्' उनले भने, 'विभिन्न जिल्लाका १४ लघु जलविद्युत् आयोजना भने अहिले बन्द अवस्थामा छन् ।'

तिला-२ को कुल लागत ७० अर्ब सात करोड रुपैयाँमध्ये ५२ अर्ब ५५ करोड रुपैयाँ ऋण र १७ अर्ब ५२ करोड रुपैयाँ स्वपुँजीबाट जुटाउने गरी वित्तीय व्यवस्थापन भएको छ । दैनिक ६ घण्टासम्म पिकिङ गर्न सक्ने यो आयोजनाबाट वार्षिक दुई हजार ३१८.७९ गिगावाट घण्टा विद्युत् उत्पादन गर्ने लक्ष्य छ । आयोजनाको विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा जोडिनेछ । तिला-१ र तिला-२ मात्रै जोड्दा तिला नदीबाट ८६० मेगावाट विद्युत् उत्पादन गर्ने दुई आयोजना निर्माणतर्फ गएका छन् । तिला-२ मा ११ वटा बैंक तथा वित्तीय संस्थाले ऋण लगानी गर्ने सम्झौता गरेका छन् । बेतन कर्णालीको अनुमानित लगानी ९३ अर्ब ४० करोड ७ लाख रुपैयाँ स्वीकृत भएको छ । डीपीआरअनुसार निर्माण अवधिको ब्याजबाहेक लागत ७४ अर्ब १५ करोड र ब्याजसमेत जोड्दा ८८ अर्ब १९ करोड रुपैयाँ पुग्ने अनुमान छ । आयोजनाको ऋण-स्वपुँजी अनुपात ६५/३५ राखिएको छ । करिब ५७ अर्ब ३२ करोड रुपैयाँ ऋण व्यवस्थापन गर्ने तयारी छ । वार्षिक दुई हजार ३०२.५६ गिगावाट घण्टा विद्युत् उत्पादन गर्ने लक्ष्य छ । बेतन कर्णाली सञ्चयकर्ता हाइड्रोपावर कम्पनीका प्रबन्ध निर्देशक कृष्णप्रसाद आचार्यले निर्माणपूर्वको काम अघि बढिरहेको बताए । अब पीपीएपछि वित्तीय व्यवस्थापन सहज हुने उनको भनाइ छ । 'पिपिएको मस्यौदा करिब तयार भइसकेको छ' उनले भने, 'अबको डेढ-दुई महिनामा पिपिए हुन्छ । पिपिए भएपछि लगानी व्यवस्थापन गर्न पनि सहज हुन्छ ।' उनका अनुसार आगामी आर्थिक वर्षमा निर्माणका लागि टेन्डर आह्वानको तयारी छ ।

कर्णालीमा निर्माण अनुमती, अध्ययन, वित्तीय व्यवस्थापन र प्रारम्भिक निर्माण गरी विभिन्न चरणमा रहेका आयोजनाको क्षमता करिब १० हजार मेगावाट रहेको जलस्रोत तथा उर्जा विकास मन्त्रालयका सूचना अधिकारी सागर आचार्य बताउँछन् । निर्माण अनुमती पाएका १७ जलविद्युत् तथा सौर्य आयोजनाको क्षमता ९२४ मेगावाट छ । अध्ययन पूरा गरी निर्माण अनुमती मागिएका नौ आयोजनाको क्षमता दुई हजार ४९१ मेगावाट छ । सरकारबाट अध्ययन सम्पन्न भएका ६ आयोजनाको क्षमता १५४ मेगावाट र अध्ययन भइरहेका १० आयोजनाको क्षमता दुई हजार ३६ मेगावाट छ ।

९०० मेगावाटको माथिल्लो कर्णाली लामो समयदेखि लगानी जुटाउने चरणमै छ । ४१७ मेगावाटको नलगाडमा डीपीआर बने पनि लगानीको टुंगो नलाग्दा काम रोकिएको छ । नलगाडका साइट इन्जिनियर पदम थापाका अनुसार लगानी जुटाउन नसक्दा आयोजना अलपत्र परेको हो । यो आयोजनाको लागत करिब एक खर्ब २३ अर्ब रुपैयाँ पुग्ने अनुमान छ । नलगाडमा जापानी सहयोग नियोग (जाइका) ले लगानीमा चासो देखाए पनि केही सर्तका विषयमा सहमती नजुट्दा प्रक्रिया अघि बढ्न नसकेको थापाले बताए । उनले भने, 'जाइका लगानी गर्न तयार भए पनि उसका केही सर्तहरु रहेछन्, त्यसमा छलफल भएर कुरा अगाडी बढेकै छैन । 'फुकोट कर्णालीको अवस्था पनि यस्तै छ । करिब ४८० मेगावाट क्षमताको आयोजनाको लागत ९२ अर्ब रुपैयाँभन्दा बढी अनुमान गरिएको छ । आयोजनामा लगानी र विकास संरचनाको विषय लामो समयदेखि विवादमा छ । कर्णालीमा सर्वेक्षण अनुमती लिएका आयोजना मात्र ५६ वटा छन् । तर अनुमती लिएर बसेका सबै आयोजना निर्माणमा जाने निश्चित छैन । ठूला आयोजना निर्माणमा गएपछि अर्को चुनौती प्रसारण संरचना हुनेछ । तिला-२ बाट उत्पादित विद्युत् राष्ट्रिय प्रणालीमा जोड्न प्रसारण संरचना आवश्यक छ । माथिल्लो कर्णाली, बेतन कर्णाली, नलगाड, फुकोट कर्णाली र मुगु क्षेत्रमा एकैपटक ठूलो उत्पादन क्षमता थपिँदा ती आयोजनाबाट उत्पादित बिजुलीलाई राष्ट्रिय ग्रिडमा ल्याउने सबस्टेसन र उच्च क्षमताका प्रसारण लाइन समयमै निर्माण गर्नुपर्ने हुन्छ ।

सरकारले कर्णालीमा बाँकी पृष्ठ ३

पहुँचमा कर्णाली कहाँ छ ?

आर्थिक सर्वेक्षण २०८२/८३ को प्रदेशगत तथ्यांकले कर्णालीको विद्युत् पहुँचमा पछिल्लो चार वर्षमा ठूलो वृद्धि देखाउँछ । २०७७/७८ मा राष्ट्रिय प्रसारण ग्रिडबाट विद्युत् पहुँच पुगेको जनसंख्या ३४.७ प्रतिशत रहेकोमा २०७८/७९ मा ४३.९ प्रतिशत र २०७९/८० मा ४४ प्रतिशत पहुँच पुगेको छ । यस्तै २०८०/८१ मा ७३.४ प्रतिशत, २०८१/८२ मा ७४.१ प्रतिशत हुँदै २०८२ फागुनसम्म ७४.३ प्रतिशत पुगेको हो । आर्थिक सर्वेक्षण २०८२/८३ अनुसार सात प्रदेशमध्ये राष्ट्रिय प्रसारण लाइनको पहुँचमा रहेको जनसंख्या कर्णालीमा सबैभन्दा कम छ । कर्णालीको ७४.३ प्रतिशत पहुँच भनेको अझै करिब एकचौथाइ जनसंख्या राष्ट्रिय प्रसारण ग्रिडबाहिर रहेको अवस्था हो ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठका अनुसार २०८२ फागुनसम्म कर्णालीको ७४.३० प्रतिशत जनसंख्यामा राष्ट्रिय प्रसारण लाइन पुगेको हो । कर्णालीका ७१८ वडामध्ये ८२ वडा पूर्ण र ४७२ वडा आंशिक रुपमा राष्ट्रिय प्रसारणबाट जोडिएका छन् । अझै १६४ वडा राष्ट्रिय प्रसारण प्रणालीबाट बाहिर छन् । राष्ट्रिय जनगणना २०७८ ले कर्णालीका तीन लाख ६६ हजार ३७ घरधुरीमध्ये एक लाख ८१ हजार ६७६ घरधुरी अर्थात् ४९.६३ प्रतिशतले बत्ती बाल्न विद्युत् प्रयोग गरेको देखाउँछ । एक लाख ७५ हजार ३०६ घरधुरी अर्थात् ४७.८९ प्रतिशतले सौर्य ऊर्जा प्रयोग गर्छन् । लघु जलविद्युत् भने कर्णालीको विद्युत् पहुँच विस्तारको पुरानो आधार हो । वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका अनुसार प्रदेशमा २०९ वटा साना तथा लघु जलविद्युत् आयोजनाबाट ६ हजार ७१९ किलोवाट विद्युत् उत्पादन भइरहेको छ । यसबाट ६४ हजार २३१ घरधुरी लाभान्वित छन् । २३ वटा सौर्य मिनीग्रिडबाट एक हजार ७०९ किलोवाट उत्पादन भई पाँच हजार ३९१ घरधुरी लाभान्वित भएका छन् ।

पहुँच विस्तारसँगै कर्णालीको अर्को तथ्यांक भने निकै कमजोर छ । आर्थिक सर्वेक्षण २०८२/८३ अनुसार २०८२ फागुनसम्म वैकल्पिक ऊर्जाबाट उत्पादित बिजुलीबाहेक कर्णालीको जडित विद्युत् उत्पादन क्षमता १५ मेगावाट मात्रै छ । सोही समयमा बागमतीमा एक हजार ६९८ मेगावाट, गण्डकीमा एक हजार १८० मेगावाट, कोशीमा ७९७ मेगावाट र सुदूरपश्चिममा १६९ मेगावाट क्षमता पुगेको छ ।





कर्णालीमा जलविद्युतको प्रचुर सम्भावना



✍ नविन सुवेदी



नेपालको ऊर्जा भविष्यबारे चर्चा हुँदा सबैभन्दा बढी दोहोरिने नाममध्ये एक हो कर्णाली नदी । हिमालबाट झर्ने तीव्र बहाव, गहिरा खोँच, वर्षभरी पानी रहने नदी प्रणाली र कम जनघनत्वका कारण कर्णालीलाई देशकै सबैभन्दा ठूलो जलविद्युत सम्भावना बोकेको क्षेत्र मानिन्छ । तर विडम्बना, कर्णाली आज पनि विद्युत् अभाव, कमजोर प्रसारण संरचना र अधुरा आयोजनाको समस्यासँग जुधिरहेको छ । विभिन्न अध्ययनअनुसार कर्णाली प्रदेशमा झण्डै १८ हजार मेगावाट जलविद्युत उत्पादन गर्न सकिने सम्भावना छ । तर हाल उत्पादन भने १६ मेगावाट हाराहारी मात्रै छ । अर्थात् उपलब्ध सम्भावनाको एक प्रतिशत पनि उपयोग हुन सकेको छैन ।

कर्णाली नदी, भेरी, तिला, मुगु कर्णाली, हुम्ला कर्णाली र जगदुल्ला लगायत दर्जनौं नदी र खोलाले प्रदेशलाई जलविद्युत्को दृष्टिले अत्यन्त सम्भावनायुक्त बनाएका छन् । तर अध्ययन सम्पन्न भएका अधिकांश आयोजना अझै निर्माण चरणमा प्रवेश गर्न सकेका छैनन् । कतिपय आयोजना स्थानीय विवाद, लगानी अभाव, प्रसारणलाइनको समस्या र नीतिगत ढिलासुस्तीका कारण वर्षौंदेखि अल्झिएका छन् । प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजनाले आगामी पाँच वर्षभित्र २५० मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य राखेको छ । तर पहिलो पञ्चवर्षीय योजनामा राखिएका अधिकांश लक्ष्य पूरा नभएको अनुभवका कारण यो लक्ष्य पनि कार्यान्वयन नहुने पक्का छ । कर्णालीमा देशकै ठूला जलविद्युत् आयोजनाहरू पहिचान भइसकेका छन् । १९०२ मेगावाट क्षमताको मुगु कर्णाली, ९०० मेगावाटको माथिल्लो कर्णाली, ४८० मेगावाटको फुकोट कर्णाली र ४३९ मेगावाटको वेतन कर्णाली पहिचान भएका हुन् । यस्तै ४१० मेगावाटको तिला-१, ४२० मेगावाटको तिला-२, २३५-२३५ मेगावाटका हुम्ला कर्णाली-१ र २ तथा १०६ मेगावाटको जगदुल्ला-१ र १२० मेगावाटको जगदुल्ला-२ जस्ता आयोजना चर्चामा छन् ।

यीमध्ये अधिकांश आयोजना अध्ययन, लगानी खोजी वा प्रारम्भिक निर्माण प्रक्रियामै सीमित छन् । केही आयोजनामा प्रदेश सरकारले समेत शेयर लगानी गरेको छ । तर निर्माणको गति भने अपेक्षाअनुसार बढ्न सकेको छैन । स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था नेपालका अनुसार कर्णालीको जलविद्युत् विकासमा सबैभन्दा ठूलो समस्या लगानी, प्रसारण पूर्वाधार र स्थानीय स्वामित्वको अभाव हो । आयोजना घोषणा हुने तर कार्यान्वयनमा नजाने प्रवृत्तिले लगानीकर्ताको विश्वाससमेत कमजोर बनाएको संस्थाले जनाएको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार प्रदेशका ७१ प्रतिशत घरधुरीमा मात्र विद्युत् सेवा पुगेको छ । दुर्गम हिमाली र पहाडी बस्तीहरूमा अझै वैकल्पिक ऊर्जा वा परम्परागत स्रोतमा निर्भरता कायम छ ।

कर्णालीमा पहिचान भएका आयोजना निर्माण सम्पन्न भए प्रदेश मात्रै होइन, समग्र पश्चिम नेपालमा देखिने विद्युत् आपूर्तिको समस्या धेरै हदसम्म समाधान हुने हाइड्रो इन्जिनियर महेन्द्र खत्रीले बताए । सुख्खायाममा उत्पादन घट्ने राष्ट्रिय समस्यालाई जलाशययुक्त तथा पम्प-स्टोरेज आयोजना निर्माणमार्फत सम्बोधन गर्न सकिने उनको भनाइ छ । 'कर्णाली नदी प्रणालीमा वर्षभरी पर्याप्त बहाव रहने भएकाले यहाँ उत्पादन हुने विद्युतले राष्ट्रिय प्रसारण प्रणालीलाई स्थायित्व दिनसक्छ' उनले भने, 'तर यसका लागि उत्पादनसँगै प्रसारणलाइन, सबस्टेसन र वितरण प्रणालीमा समानान्तर लगानी आवश्यक छ ।'

अपर कर्णालीको आशा जीवितै

लामो समयदेखि अलपत्र बनेको ९०० मेगावाट क्षमताको माथिल्लो कर्णाली जलविद्युत् आयोजनामा लगानी जुटेसँगै कर्णालीका ठूला जलविद्युत् परियोजनाहरू पुनः चर्चामा आएका छन् । भारतीय कम्पनी जीएमआरले आयोजना विकासको जिम्मा पाएको १७ वर्षपछि वित्तीय व्यवस्थापनको टुंगो लगाएको दाबी गर्दै लगानी संरचना नेपाल लगानी बोर्डमा पेश गरेको छ ।

लगानी बोर्डका अनुसार जीएमआरले कुल एक खर्ब चार अर्ब ६५ करोड भारतीय रुपैयाँ बराबरको ऋण सम्झौतासहितको वित्तीय व्यवस्थापन दस्तावेज पेश गरेको छ । बोर्डका प्रवक्ता सुनिता नेपालले कम्पनीले पेश गरेको प्रस्ताव छलफलपछि आवश्यक निर्णयमा जाने बताइन् । उनका अनुसार परियोजनाको अनुमानित लागत ९१ अर्ब ४५ करोड भारतीय रुपैयाँ अर्थात् करिब एक खर्ब ४६ अर्ब ३२ करोड नेपाली रुपैयाँ रहेको छ । त्यसको करिब ७० प्रतिशत रकम ऋणमार्फत जुटाउने गरी वित्तीय व्यवस्थापन गरिएको छ । नेपाल इन्भेस्टमेन्ट मेगा बैंकको नेतृत्वमा पाँच नेपाली बैंकले ४२ अर्ब रुपैयाँ ऋण लगानी गर्ने सहमति गरेका छन् भने भारतको इन्डियन रिन्युएबल इनर्जी डेभलपमेन्ट एजेन्सी (इरेडा) ले ६२ अर्ब रुपैयाँ ऋण लगानी गर्ने भएको छ ।

सरकारले वित्तीय व्यवस्थापन टुंग्याउन अन्तिम समयसीमा दिएपछि जीएमआरले संशोधित लगानी मोडेल तयार पारेको हो । कम्पनीले २०६४ सालमा प्रतिस्पर्धामार्फत आयोजना निर्माणको जिम्मा पाएको थियो । २०७१ सालमा परियोजना विकास सम्झौता (पीडीए) भए पनि पटक-पटक म्याद थप्दा समेत लगानी जुट्न नसक्दा आयोजना अघि बढ्न सकेको थिएन । जीएमआरले वित्तीय व्यवस्थापनको दाबी गरेसँगै लामो समयदेखि रोकिएको माथिल्लो कर्णाली आयोजना निर्माण चरणमा प्रवेश गर्ने अपेक्षा गरिएको छ । तर लगानी बोर्डको अन्तिम निर्णयपछि मात्र यसको भविष्य स्पष्ट हुने देखिएको छ ।

मुगु कर्णालीको सम्झौता रद्द

यता एक हजार ९०२ मेगावाट क्षमताको मुगु कर्णाली जलविद्युत् आयोजनाको निर्माण प्रक्रिया भने विवादमा परेको छ । विद्युत् उत्पादन कम्पनी लिमिटेडको सञ्चालक समितिले आयोजनासम्बन्धी सम्झौता प्रक्रिया रद्द गर्ने निर्णय गरेको हो । सरकारी स्वामित्वका ठूला आयोजना निजी क्षेत्रलाई हस्तान्तरण गर्न खोजिएको भन्दै आलोचना भएपछि प्रक्रिया रोकिएको छ । विशेषगरी व्यवसायी तथा सांसद विनोद चौधरी निकट कम्पनीलाई लाभ पुग्ने गरी प्रक्रिया अघि बढाइएको आरोप सार्वजनिक भएपछि विवाद चर्किएको थियो । यो कम्पनीले २३ जलविद्युत् आयोजनामा ५१ प्रतिशत स्वपुँजी लगानी जुटाउन प्रस्ताव आह्वान गरेको थियो । तर निर्धारित समयभित्र पर्याप्त आवेदन नपरेपछि म्याद थपिएको थियो। अन्तिम समयमा सीजी इनर्जी प्रालिको मात्र आवेदन परेको थियो । करिब चार खर्ब ६० अर्ब रुपैयाँ लागत अनुमान गरिएको मुगु कर्णाली आयोजना अब पुन प्रारम्भिक चरणबाट अघि बढाइने भएको छ ।

जगदुल्लाको ठेक्का प्रक्रिया पुन सुरु

डोल्पामा निर्माणाधीन १०६ मेगावाट क्षमताको जगदुल्ला अर्धजलाशययुक्त जलविद्युत् आयोजनाले रद्द भएको ठेक्का प्रक्रिया पुनः सुरु गरेको छ । जगदुल्ला हाइड्रोपावर कम्पनीले सिभिल तथा हाइड्रोमेकानिकल निर्माणका लागि आह्वान गरेको अघिल्लो ठेक्कामा सहभागी कम्पनीहरू प्राविधिक मूल्यांकनमा असफल भएपछि प्रक्रिया रद्द गरिएको थियो ।

हाल कम्पनीले अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मक बोलपत्रमार्फत नयाँ प्रस्ताव मागेको छ । करिब २३ अर्ब रुपैयाँ लागत अनुमान गरिएको आयोजनाको वित्तीय व्यवस्थापन टुंगो लागिसकेको कम्पनीले जनाएको छ । १६ अर्ब रुपैयाँ ऋण र सात अर्ब रुपैयाँ स्वपुँजीबाट जुटाइने यस आयोजनामा कर्णाली प्रदेश सरकारको पाँच प्रतिशत शेयर लगानी छ ।

२०८६ असारभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको आयोजनाबाट दैनिक करिब एक करोड २० लाख रुपैयाँ आम्दानी हुने र राज्यले वार्षिक झण्डै २९ करोड रुपैयाँ राजस्व प्राप्त गर्ने अनुमान गरिएको छ ।

फुकोट कर्णालीमा सर्वोच्चको हस्तक्षेप

कालिकोटमा निर्माणाधीन ४८० मेगावाट क्षमताको फुकोट कर्णाली जलविद्युत् आयोजनाको लगानी संरचना संशोधन गर्न सर्वोच्च अदालतले आदेश दिएको छ । विद्युत् उत्पादन कम्पनी लिमिटेड र भारतको सरकारी कम्पनी एनएचपीसीबीच भएको संयुक्त लगानी सम्झौतामा नेपालले अपेक्षित प्रतिफल नपाएको दाबी गर्दै दायर रिटमाथि फैसला गर्दै अदालतले सम्झौता संशोधन गर्न निर्देशन दिएको हो । हालको समझदारीपत्रअनुसार आयोजनामा एनएचपीसीको ५१ प्रतिशत र विद्युत् उत्पादन कम्पनीको ४९ प्रतिशत शेयर स्वामित्व छ ।

साथै उत्पादन हुने विद्युत्मध्ये नेपालले २१.९ प्रतिशत निःशुल्क विद्युत् पाउने व्यवस्था गरिएको छ । सर्वोच्चले नेपाल सरकारको लगानी तथा राष्ट्रिय हितलाई ध्यानमा राख्दै निःशुल्क प्राप्त हुने विद्युतको अनुपात बढाउने गरी सम्झौता संशोधन गर्न आदेश दिएको छ । अदालतको आदेशपछि कानुनी अन्योल हटे पनि अब सम्झौता पुन परिमार्जन गरेर मात्रै आयोजना अगाडि बढ्ने भएको छ ।

तिला-१ र तिला-२ अझै अन्योलमा

कालिकोटस्थित तिला नदीमा प्रस्तावित तिला-१ र तिला-२ जलविद्युत् आयोजना पनि लामो समयदेखि अलपत्र छन् । २०६७ सालमा एसी पावर कम्पनीले यी दुई आयोजना निर्माणका लागि सरकारसँग सम्झौता गरेको थियो । प्रत्येक ४४० मेगावाट क्षमताका यी आयोजनाबाट कुल ८८० मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य राखिएको थियो । २०७४ सालमै नेपाल विद्युत् प्राधिकरणसँग विद्युत् खरिद सम्झौता (पीपीए) समेत भए पनि निर्माण कार्य अघि बढ्न सकेको छैन ।

यसरी माथिल्लो कर्णालीमा १७ वर्षपछि लगानी जुटेको खबरले कर्णालीका जलविद्युत् परियोजनामा नयाँ आशा जगाएको छ । तर मुगु कर्णाली, तिला-१, तिला-२ लगायतका आयोजना अझै नीतिगत विवाद, लगानी अभाव र कार्यान्वयन ढिलाइका कारण अन्योलमै छन् । ऊर्जा क्षेत्रका जानकारहरूका अनुसार कर्णालीको विशाल जलविद्युत् सम्भावना उपयोग गर्न अब घोषणा होइन, कार्यान्वयनको परिणाम देखिन आवश्यक छ ।

ऊर्जा विकासमा जोड

कर्णाली प्रदेश सरकार स्थापना भएदेखि ऊर्जा विकासलाई प्राथमिकतामा राखिएको छ । जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय गठन गरेर नीति निर्माणदेखि आयोजना प्रवर्द्धनसम्मका काम गर्ने व्यवस्था मिलाइएको छ । तर परिणाम भने उत्साहजनक छैन । आर्थिक वर्ष २०७६/७७ मा आठ मेगावाट रहेको उत्पादन हाल बढेर १६ मेगावाट पुगेको छ । प्रदेश सरकारले नागरिकलाई जलविद्युतको मालिक बनाउने अवधारणा अघि सारे पनि त्यसले मूर्त रूप लिन सकेको छैन । प्रदेश योजना आयोगले आगामी पाँच वर्षभित्र विद्युत् उत्पादन बढाउने, स्मार्ट ग्रिड विकास गर्ने, वैकल्पिक ऊर्जा विस्तार गर्ने र निजी क्षेत्रसँग सहलगानी बढाउने रणनीति अघि सारेको छ ।

विगतका अनुभवले लक्ष्य हासिल गर्न चुनौतीपूर्ण हुने देखिएको छ। तर कर्णाली प्रदेश सरकारले आर्थिक वर्ष २०८२/०८३ देखि स्थानीय तह र निजीक्षेत्रको सह-लगानीमा जलविद्युत् आयोजना निर्माण गर्ने नीति लिएको छ ।प्रदेशको क्षेत्राधिकारभित्र पर्ने २० मेगावाटसम्मका जलविद्युत् आयोजनाको सम्भाव्यता अध्ययन कार्य अघि बढाइएको हो । जसका लागि प्रदेश सरकार, स्थानीय तह र निजीक्षेत्रको सह-लगानीमा जलविद्युत् आयोजना निर्माण गर्ने नीति लिएको प्रदेश सरकारले जनाएको छ । यसअघि डोल्पामा निर्माण हुन लागेको अर्धजलाशययुक्त जगदुल्ला जलविद्युत् आयोजनामा प्रदेश सरकारले शेयर लगानी गरेको छ । यस्तै, स्थानीय समुदायमार्फत सञ्चालित ग्रामीण लघु जलविद्युत् आयोजनाको पहिचान तथा अध्ययन गरी प्राथमिकताका आधारमा मर्मत सम्भार कार्यलाई निरन्तरता दिइएको छ । यता मध्यपश्चिम विश्वविद्यालयका पूर्वडीन पीताम्बर ढकालका अनुसार कर्णालीको जलविद्युत् विकासका लागि सबैभन्दा महत्वपूर्ण पक्ष लगानीकर्ता आकर्षित गर्नु हो । उनका अनुसार आयोजना बन्न लाग्दा विभिन्न तहबाट विरोध हुने, मुद्दामामिलामा अल्झाउने र विकासभन्दा अवरोध सिर्जना गर्ने प्रवृत्तिले लगानीकर्तालाई निरुत्साहित गरिरहेको छ ।

'कर्णालीमा जलविद्युत् विकासका लागि नागरिक, स्थानीय तह, प्रदेश र संघीय सरकारबीच साझा समझदारी आवश्यक छ' उनले भने, 'कर्णालीको भौगोलिक विकटता, कमजोर सडक सञ्जाल र प्रसारण पूर्वाधारका कारण आयोजनाको लागत अन्य क्षेत्रको तुलनामा बढी पर्छ । त्यसैले दीर्घकालीन नीति, लगानी सुरक्षा र स्थानीय समुदायको विश्वास निर्माण नगरी जलविद्युत् क्षेत्रमा ठूलो फड्को मार्न कठिन छ ।' उनका अनुसार कर्णालीमा जलविद्युत् विकास हुन सके प्रदेशको आर्थिक स्वरूप नै बदलिन सक्छ ।

हजारौं रोजगारी सिर्जना हुने, स्थानीय तहले रोयल्टी प्राप्त गर्ने, उद्योग स्थापना हुने र प्रदेशको आन्तरिक आय बढ्ने सम्भावना छ । साथै अहिले पनि विद्युत् पहुँचबाट वञ्चित रहेका बस्तीहरू उज्यालो हुनेछन् । तर सम्भावना र वास्तविकताबीचको दूरी अझै निकै ठूलो छ । अध्ययन भएका आयोजना निर्माणमा जान सके, लगानी सुरक्षित हुने वातावरण बने र प्रसारण पूर्वाधार विस्तार गरिए कर्णाली नेपालको ऊर्जा केन्द्र बन्न सक्छ । अन्यथा १८ हजार मेगावाटको सम्भावना कागजमै सीमित रहने खतरा यथावत् रहनेछ ।

हार्दिक बधाई तथा शुभकामना

कर्णाली प्रदेशको पहिलो दैनिक तथा लोकप्रिय पत्रिका **काँक्रेविहार राष्ट्रिय दैनिक**

प्रकाशन यात्राको **२६ औं वर्ष**मा प्रवेश गरेकोसुखद् उपलक्ष्यमा हार्दिक शुभकामनासहित

नेपाली पत्रकारिताको मानक बनोस् भन्ने कामना गर्दछौं।

प्रो. रामबहादुर खड्का — मो. ९८५८०५११६०

मार्सल जनरल स्टोर

वीरेन्द्रनगर-३, सुर्खेत

सेवाहरू

घरायसी आवश्यकताका दैनिक उपभोग्य सामग्रीहरू एकै स्थानमा सहज रूपमा उपलब्ध छन् ।

सेवा गर्ने मौका अवश्य दिनुहोला ।

प्रो. प्रेमबहादुर भण्डारी — मो. ९८५५०१३९५६

सुपथ मेडिकल हल

वीरेन्द्रनगर-६, सुर्खेत

सेवाहरू

हामीकहाँ विभिन्न प्रकारका औषधिहरू, स्वास्थ्य सम्बन्धी आवश्यक सामग्रीहरू, स्वास्थ्य सम्बन्धी आवश्यक परामर्श दिइन्छ ।

सेवा गर्ने मौका अवश्य दिनुहोला ।

प्रो. शिवप्रसाद न्यौपाने — मो. ९८५७८८१०३१

सिद्धार्थ हार्डवयर एण्ड सप्लायर्स प्रा.लि

वीरेन्द्रनगर-६, चाइनापुल, सुर्खेत

सेवाहरू

सिमेन्ट, छड तथा निर्माण सामग्री, जस्तापाता, पाइप तथा फिटिङ, धारा, ट्याङ्की तथा सेनेटरी सामग्री, पेन्ट, ब्रस तथा रङरोगनका सामग्री, किला, स्क्रु, तार तथा हार्डवेयर सामान, ताला, ह्यान्डल तथा विभिन्न फिटिङ सामग्री, विद्युतीय तार, स्विच तथा आवश्यक सामग्री, औजार तथा निर्माणमा प्रयोग हुने उपकरण प्लम्बिङ तथा मर्मतसम्भारका सामग्री

प्रो. दिनेश ढकाल — गोवर्द्धन ढकाल

सुर्खेत ट्रेडर्स एण्ड सप्लायर्स

वीरेन्द्रनगर-६, चाइनापुल, सुर्खेत

सेवाहरू

सिमेन्ट, छड तथा निर्माण सामग्री, जस्तापाता, पाइप तथा फिटिङ, धारा, ट्याङ्की तथा सेनेटरी सामग्री, पेन्ट, ब्रस तथा रङरोगनका सामग्री, किला, स्क्रु, तार तथा हार्डवेयर सामान, ताला, ह्यान्डल तथा विभिन्न फिटिङ सामग्री, विद्युतीय तार, स्विच तथा आवश्यक सामग्री, औजार तथा निर्माणमा प्रयोग हुने उपकरण प्लम्बिङ तथा मर्मतसम्भारका सामग्री

सेवा गर्ने मौका अवश्य दिनुहोला ।

प्रो. लोकेन्द्रबहादुर शाही — फोन नं. ०८३-५२२५०६

शान्ति ग्रुप प्रा.लि

वीरेन्द्रनगर-६, हिलेखालीचोक, सुर्खेत

सेवाहरू

सिमेन्ट, छड तथा निर्माण सामग्री, जस्तापाता, पाइप तथा फिटिङ, धारा, ट्याङ्की तथा सेनेटरी सामग्री, पेन्ट, ब्रस तथा रङरोगनका सामग्री, किला, स्क्रु, तार तथा हार्डवेयर सामान, ताला, ह्यान्डल तथा विभिन्न फिटिङ सामग्री, विद्युतीय तार, स्विच तथा आवश्यक सामग्री, औजार तथा निर्माणमा प्रयोग हुने उपकरण प्लम्बिङ तथा मर्मतसम्भारका सामग्री

सेवा गर्ने मौका अवश्य दिनुहोला ।

कर्णाली महिला स्वास्थ्य क्लिनिक

Karnali Women's Health Clinic

वीरेन्द्रनगर ३ यरीचोक सुर्खेत

(महिला स्वास्थ्य र हेरचाहमा समर्पित)

हाम्रा प्रमुख सेवाहरू:

- गर्भवती जाँच, महिनावारी सम्बन्धी समस्याको उपचार ।
- गर्भवती तथा पेट सम्बन्धी आधुनिक भिडियो एक्स-रे सेवा ।
- सुरक्षित परिवार नियोजनका साधनहरू उपलब्ध ।
- पाठेघरको मुखको क्यान्सर जाँच समयमै पहिचान र रोकथाम ।
- ल्याब तथा प्रयोगशाला सेवा

घोषणा र बजेटमा सीमित अर्गानिक कर्णालीको नारा, उपलब्धि न्यून

काँक्रेविहार संवाददाता
सुर्खेत, ३१ भदौ ।



संघीय संरचनामा देश प्रवेश गरेपछि बनेको प्रदेश सरकारले २०७४ फागुन ६ गते बसेको पहिलो मन्त्रिपरिषद् बैठकबाट नै कर्णालीलाई अर्गानिक प्रदेश बनाउने घोषणा गऱ्यो । त्यसको झन्डै दुई वर्षपछि २०७६ पुस ९ गते बसेको प्रदेश समन्वय परिषद्को दोस्रो बैठकले पनि कर्णालीलाई अर्गानिक प्रदेश बनाउने निर्णय गऱ्यो । अर्गानिक प्रदेश बनाउने अभियानअन्तर्गत २०७६ सालमा कर्णालीमा अर्गानिक कृषि सम्मेलनसमेत आयोजना गरियो । प्रांगारिक मल ढुवानीमा अनुदान, जैविक विषादीको मूल्यमा अनुदान, सहकारी तथा निजी क्षेत्रको सहकार्यमा जैविक विषादी र जैविक मल उत्पादन तथा प्रशोधन उद्योग स्थापना लगायतका कार्यक्रममा झन्डै १६ करोड रुपैयाँ खर्च गरिएको थियो । तर अधिकांश कार्यक्रम टुक्रे योजनामै सीमित भए। आर्थिक वर्ष २०७५/७६ देखि लगातार चार वर्ष उच्च प्रविधियुक्त (हाइटेक) नर्सरी स्थापना गर्न ३२ करोड ८६ लाख रुपैयाँ विनियोजन गरियो । वातानुकूलित र स्वचालित प्रविधिका नर्सरी स्थापना गरी कर्णालीलाई आवश्यक पर्ने सबै बिरुवा उत्पादन गर्ने उद्देश्य राखिएको थियो। तर झन्डै १० करोड रुपैयाँ खर्च गरेर निर्माण गरिएका २३ वटा नर्सरी अहिले अलपत्र छन् ।

अर्गानिक अभियानअन्तर्गत २०७७ सालमा सुर्खेतको वीरेन्द्रनगर नगरपालिका र जाजरकोटको भेरी नगरपालिकामा जैविक मल तथा जैविक विषादी कारखाना बनाउन २ करोड रुपैयाँ विनियोजन गरिएको थियो । उद्योग स्थापनाको काम अघि बढ्न नसकेपछि त्यसयता बजेट विनियोजन गर्न छाडिएको छ । आर्थिक वर्ष २०७६/७७ मा १३ वटा स्थानीय तहमा अर्गानिक कृषि मोडल कार्यक्रम सञ्चालन गर्न कर्णाली सरकारले ५०/५० लाख रुपैयाँ विनियोजन गरेको थियो । ती कार्यक्रम पनि अहिले अलपत्र छन् । दुई वर्षयता ती कार्यक्रमका लागि बजेट विनियोजन गरिएको छैन ।

आर्थिक वर्ष २०७७/७८ मा सुर्खेतको हर्रे र सल्यानको कपुरकोटमा द्रुत विषादी अन्वेषण प्रयोगशाला निर्माण गर्न १ करोड ५० लाख रुपैयाँ विनियोजन गरिएको थियो । त्यसबाट भवनलगायत पूर्वाधार निर्माण गरिएको थियो । दुवै प्रयोगशालामा झन्डै ७०/७० लाख रुपैयाँ खर्च भएको छ । आर्थिक वर्ष २०७८/७९ मा आवश्यक उपकरण खरिद गर्न २९ लाख रुपैयाँ विनियोजन गरिएको थियो । तर दुवै प्रयोगशालाका लागि ६/६ जना कर्मचारीको व्यवस्थापन हुन नसक्दा भवन र अन्य संरचना जीर्ण बन्दै गएका छन् । सोही आर्थिक वर्षमा अर्गानिक कार्यक्रमका लागि संघीय र प्रदेश सरकार दुवैको गरी १ अर्ब ९७ करोड रुपैयाँ बजेट खर्च भएको थियो । प्रयोगशाला सञ्चालनको विषय आगामी वर्षको नीति तथा कार्यक्रममा पनि समेटेर बजेटको व्यवस्था गरिएको छ ।

चालु आर्थिक वर्षमा अर्गानिक कृषि, रैथाने बाली तथा पशुपन्छी प्रवर्द्धन कार्यक्रमका लागि ६ करोड १८ लाख रुपैयाँ विनियोजन गरिएको थियो । 'अधिकांश योजना कार्यकर्तामैत्री भएपछि वर्षेनि बजेटको दुरुपयोग भइरहेको छ,' अर्गानिक कृषि अभियन्ता देवीकृष्ण रोकायाले भने, 'वास्तविक किसान अझै पनि खेती, मल-बिउ र बजारीकरणको समस्यामा छन्, अनुदान लिएका आधाभन्दा बढी कृषि उद्यम बन्द भइसके, कार्यकर्तामुखी बजेटले कृषिमा आर्थिक अराजकता बढाएको छ ।'

कर्णाली प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले मन्त्रालय स्थापना भएयता आर्थिक वर्ष २०७४/७५ देखि चालु आर्थिक वर्षसम्म २३ अर्ब ९७ करोड ५९ लाख २३ हजार रुपैयाँ बजेट विनियोजन गरेको छ । त्यसमध्ये गत जेठसम्म १४ अर्ब ३१ करोड २६ लाख ६४ हजार रुपैयाँ खर्च भएको छ । मन्त्रालयका अनुसार त्यसको झन्डै ३० प्रतिशत अर्थात् ४ अर्ब २९ करोड ३७ लाख ९९ हजार रुपैयाँ 'अर्गानिक कर्णाली' अन्तर्गतका विभिन्न योजनामा खर्च भएको छ ।

पूर्वतयारी नहुनु, कर्मचारी अभाव, टुक्रे योजनालाई प्राथमिकता, लगानीमैत्री वातावरण नहुनु, रासायनिक मल तथा विषादीको विकल्प नहुनु, जलवायु परिवर्तनको प्रभाव र खडेरी, सिँचाइको अभाव तथा कृषिमा निर्भर जनशक्तिको पलायनलगायत कारण अभियान अलमलमा परेको मन्त्रालयले जनाएको छ ।

'मूल्यवान' लोगो, तर किसानको समस्या उस्तै

'अर्गानिक कर्णाली अभियान'अन्तर्गत दुई वर्षयता 'मूल्यवान' लोगोसहित कर्णालीका रैथाने उत्पादनको बजारीकरणका लागि उत्पत्ति प्रमाणपत्र, ब्रान्डिङ, लेबलिङ तथा गुणस्तर लोगो प्राप्तिमा सहयोग गर्ने कार्यक्रम पनि मन्त्रालयले अघि सारेको छ । तर कर्णालीमा सबैभन्दा बढी उत्पादन हुने स्याउको बजार र उचित मूल्य नपाउँदा वर्षौंदेखि समस्या भोगिरहेको जुम्लाका किसान नवराज न्यौपानेले बताए । 'जिल्ला बाहिर प्रतिकिलो १ सय ५० देखि २ सय रुपैयाँमा जुम्लाको स्याउ बिक्री भइरहेको हुन्छ, हामी भने कहिल्यै पनि प्रतिकिलो ४५ रुपैयाँभन्दा बढी मूल्य कहिल्यै पाउँदैनौं,' उनले भने, 'स्याउको सिजनमा सधैं कर्णाली राजमार्ग बन्द हुन्छ, स्तरीय कार्टुन अभावमा एक तिहाइ स्याउ त बाटोमै कुहिन्छ, वर्षेनि रोगकिराको प्रकोप फैलिएको फैलियै छ, तर सरकारी सहयोग नहुँदा वर्षेनि उत्पादन घटिरहेको छ ।'

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका अनुसार कर्णालीमा ९ हजार ३ सय ७७ हेक्टर क्षेत्रफलमा स्याउ खेती गरिएको छ । त्यसमध्ये ३ हजार ४ सय १९ हेक्टर जमिनलाई उत्पादनशील क्षेत्र मानिएको छ । उत्पादनशील क्षेत्रमा प्रतिहेक्टर औसत ९.१० मेट्रिक टन स्याउ उत्पादन हुन्छ । गत वर्ष ३१ हजार १ सय २ मेट्रिक टन स्याउ उत्पादन भएको थियो । त्यसमध्ये १४ हजार ३ सय ६ मेट्रिक टन स्याउ मात्र कर्णालीबाहिर गएको थियो ।

स्थानीयलाई वेवास्ता, भारतीय तरकारी निर्वाध

स्थानीय उत्पादनले माग नधान्दा ठूलो परिमाणमा विषादीयुक्त भारतीय तरकारी निर्वाध रूपमा भित्रिरहेकाले अर्गानिक प्रदेश अभियान कार्यान्वयनमा चुनौती थपिएको कृषि अर्थविज्ञ तेजकुमार शर्माले बताए । 'अर्गानिक प्रदेश भन्दै हिमाली जिल्लामा रासायनिक मल र किटनासक विषादी प्रतिबन्ध गरियो, तर निर्वाधरुपमा विषादीयुक्त भारतीय तरकारी जुम्ला, हुम्लासम्म पुगिरहेको छ,' उनले भने, 'तर उत्पादन र रोगकिराको प्रकोप नियन्त्रण नहुँदा बाली र तरकारीका लागि किसानहरु झन् महँगोमा लुकीछिपी रासायनिक मल प्रयोग गर्न बाध्य छन् ।'

कालीकोटको रास्कोट नगरपालिका-२ का किसान रत्न बुढाका अनुसार अन्य प्रदेशमा प्रतिकिलो २५ रुपैयाँमा पाइने युरिया कर्णालीमा ५० देखि ६० रुपैयाँ र ५० रुपैयाँमा पाइने डीएपी मल ७५ देखि ९० रुपैयाँमा अवैध रूपमा प्रयोग गर्नुपर्ने अवस्था छ । 'व्यापारीले लुकाइछिपाइ महँगोमा बिक्री गर्छन्,' उनले भने, 'गोठको मलले कहिल्यै पुग्दैन, उत्पादन बढाउन रासायनिक मल प्रयोग गर्नुको विकल्पै भएन ।' रोगकिराको प्रकोप बारम्बार देखिन थालेपछि विषादी प्रयोग गर्नुपर्ने बाध्यता रहेको उनले बताए । अहिले भारतबाट भित्रिएको तरकारी जमुनाहा नाकामा मात्र परीक्षण गर्ने व्यवस्था छ। २०७७/७८ देखि सुर्खेतको हर्रेमा प्रयोगशाला स्थापनाको काम सुरु भए पनि अझै पूरा हुन नसक्दा भारतीय विषादीयुक्त तरकारीको बिगबिगी रहेको वीरेन्द्रनगरस्थित संघीय सरकारअन्तर्गतको द्रुत विषादी विश्लेषण प्रयोगशालाका प्राविधिक धनसिंह थामीले बताए ।

'३५ प्रतिशतभन्दा कम विषादीको रोकावट प्रतिशत देखिएमा बिक्रीको लागि अनुमति दिन्छौं,' उनले भने, '३५ देखि ४५ प्रतिशत देखिए बढीमा ७ दिन क्वारेन्टाइनमा राखेर फेरि चेक गरी बिक्री गर्न दिइन्छ, त्योभन्दा बढी देखिए नष्ट गर्नुको विकल्प छैन ।'

उनका अनुसार वीरेन्द्रनगरस्थित बुलबुले कृषि थोक बजारमा दैनिक करिब ५० मेट्रिक टन ताजा तरकारी भित्रिन्छ । एक वर्षको अवधिमा झन्डै २ सय ८९ मेट्रिक टन अत्यधिक विषादीयुक्त तरकारी नष्ट गरिएको उनले जानकारी दिए । भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका अनुसार कर्णालीमा १ लाख ६९ हजार मेट्रिक टन तरकारी उत्पादन हुन्छ । २ हजार ३ सय ७४ मेट्रिक टन तरकारी अपुग हुने गरेको छ । गत वर्ष कर्णालीबाहिरबाट १ लाख १२ हजार मेट्रिक टन तरकारी आएको थियो । त्यसमध्ये झन्डै ८० प्रतिशत तरकारी भारतबाट भित्रिने गरेको मन्त्रालयका सचिव सञ्जिवकुमार कर्णले बताए ।

सुर्खेतस्थित पञ्चकोशी एग्रोभेट एन्ड ट्रेडिङ सेन्टरका प्रोपराइटर हिमाल ओलीले आफूले वर्षमा झन्डै ५० लाख रुपैयाँको विभिन्न विषादीको व्यापार गर्ने बताए । उनका अनुसार कर्णालीका सबैजसो जिल्लामा किसानको मागका आधारमा विषादी पठाउने गरिएको छ । 'व्यावसायिक खेतीमा त विषादी प्रयोगको विकल्पै छैन,' उनले भने, 'एउटा फार्ममा कम्तीमा १५/१५ दिनमा कुनै न कुनै विषादी छर्कनैपर्छ, कुनै न कुनै रोगकिराको प्रकोप भएकै हुन्छ, नियन्त्रण गर्न अरु उपाय नै छैन ।'

वीरेन्द्रनगरमा प्रदेश सरकारअन्तर्गतको एकीकृत कृषि प्रयोगशाला सञ्चालनमा छ । तर पर्याप्त जनशक्ति र उपकरण अभावमा प्रयोगशालाको काम प्रभावकारी हुन नसकेको मन्त्रालयका सचिव कर्णले बताए ।

जैविक मल र विषादी कारखानाको योजना पनि रोकियो

अर्गानिक अभियानअन्तर्गत जैविक मल र जैविक विषादी कारखाना स्थापना गर्ने योजना पनि अघि सारिएको थियो । त्यसका लागि आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ मा ५/५ करोड रुपैयाँ विनियोजन गरिएको थियो । तर काम हुन नसकेपछि बजेट छुट्याउन छाडिएको छ ।

'हामीले निजी क्षेत्रसँग साझेदारी गरेर ५०/५० प्रतिशत लगानीमा कारखाना स्थापना गर्न खोजेका थियौं,' सचिव कर्णले भने, 'तर लगानी गर्ने व्यक्ति र संस्था नभेटिएपछि अहिले बजेट छुट्याउनै छाडियो ।' राष्ट्रिय उपभोक्ता मञ्च कर्णाली प्रदेशका अध्यक्ष आकाशतारा बयकले कर्णालीका मुख्य नाकामा क्वारेन्टाइन स्थापना गर्न सके भारत र अन्य प्रदेशबाट आउने विषादीजन्य सामग्री रोक्न सकिने बताए । 'एक त सबै कर्णालीवासीलाई वर्षभरि पुग्ने खाद्यान्न पुऱ्याउन गाह्रो छ,' उनले भने, 'त्यसमा पनि अर्गानिक प्रदेशको नारा दिएर उन्नत प्रविधि, मल र बिउमा प्रतिबन्ध लगाउँदा झन् अखाद्य वस्तु तथा विषादीयुक्त फलफूल र तरकारीको बिगबिगी बढ्यो ।'

कृषिविज्ञ दिपक शर्माका अनुसार कर्णालीमा खाद्यान्नसँगै तरकारीको पनि ठूलो परनिर्भरता छ । 'एक किलो गोठे मलमा जम्मा २ प्रतिशत मात्र नाइट्रोजन पाइन्छ, जबकि युरियामा त्यो परिणाम ४६ प्रतिशत हुन्छ,' उनले भने, ' उत्पादनै नहुने बारीमा रासायनिक मल प्रतिबन्ध लगाए उत्पादन बढ्ला कि घट्ला ?' उनले अर्गानिकको नाममा कर्णाली खाद्यान्नमा झन् परनिर्भर बन्ने अवस्था आउन थालेको बताए ।

राष्ट्रिय जनगणना २०७८ अनुसार कर्णालीको जनसंख्या १६ लाख ८८ हजार ४ सय १२ छ । मन्त्रालयको तथ्यांकअनुसार प्रदेशमा वार्षिक २५ हजार मेट्रिक टन खाद्यान्न अपुग हुन्छ । कर्णालीमा ३ लाख ५२ हजार मेट्रिक टन खाद्यान्न आवश्यक पर्नेमा ३ लाख २६ हजार मेट्रिक टन उत्पादन हुने गरेको छ । कर्णाली प्रदेशको २८ प्रतिशत खेतीयोग्य जमिन बाँझै रहेको मन्त्रालयको तथ्यांक छ । मन्त्रालयका अनुसार ३ लाख ९९ हजार ३ सय ३० हेक्टर खेतीयोग्य जमिनमा ३ लाख २६ हजार मेट्रिक टन खाद्यान्न उत्पादन हुने गरेको छ ।

नेपाल कृषि अनुसन्धान परिषद्ले २०७८ सालमा कर्णालीमा गरेको अध्ययनमा वार्षिक १ सयदेखि २ सय मेट्रिक टन विषादी प्रयोग हुने देखाएको थियो । प्रतिवेदनअनुसार २०७८ सालमा १ सय १४ मेट्रिक टन विषादी प्रयोग भएको थियो । कृषिविज्ञ शर्माका अनुसार तरकारी खेतीमा ढुसीनाशक विषादी सबैभन्दा बढी प्रयोग हुँदै आएको छ । 'सरकारी तथ्यांकमा नभए पनि अहिले बाँकी पृष्ठ ४

हार्दिक बधाई तथा शुभकामना

कर्णाली प्रदेशको पहिलो दैनिक तथा लोकप्रिय पत्रिका **काँक्रेविहार राष्ट्रिय दैनिक**
प्रकाशन यात्राको **२६ औं वर्ष**मा प्रवेश गरेकोसुखद् उपलक्ष्यमा हार्दिक शुभकामनासहित नेपाली पत्रकारिताको मानक बनोस् भन्ने कामना गर्दछौं।

प्रो. दिनेश एण्ड ब्रोदर्स फोन : ०८३-५२१९४०
हामीकहाँ आकर्षक डिजाइनका गरगहनाहरू पाउनुका साथै अर्डर अनुसार बिना रसाइनका गहनाहरू तयार गरिन्छ ।
न्यू पोखरा आभूषण केन्द्र
वीरेन्द्रनगर-६ बिचबजार, सुर्खेत

मो.नं. ९८१२५२८३०२
हामीकहाँ काँचो तथा रेडिमेट कपडाहरू फुटकर तथा होलसेल मूल्यमा बिक्री गरिन्छ ।
सेवा गर्ने अवसर दिनुहोला ।
मुन्ना बस्त्रालय
वीरेन्द्रनगर-६ नेताचोक, सुर्खेत

फोन नं. ०८३-५२१२९५
"शुद्ध पेट्रोलियम पदार्थ, सही नापतौल– उपभोक्ताको अधिकार ।"
उमा आयल स्टोर
वीरेन्द्रनगर-१०, सुर्खेत

हामीकहाँ आकर्षक डिजाइनका गरगहनाहरू पाउनुका साथै अर्डर अनुसार बिना रसाइनका गहनाहरू तयार गरिन्छ ।
ॐ शिवम बस्त्रालय
वीरेन्द्रनगर-६, वीरेन्द्रचोक, सुर्खेत

प्रो. चेतन कडेल **मो.नं. ९८५८०५१००३**
हामीकहाँ स्कुल, क्याम्पस, कार्यालय, बोर्डिङ, संघसंस्था, लोकसेवा आयोग, शिक्षक सेवा आयोगका सम्पूर्ण पाठ्यपुस्तक पाउनुका साथै स्टेशनरी सामग्रीहरू सुपथ मूल्यमा पाइन्छ ।
नविन बुक्स हाउस
वीरेन्द्रनगर-६, घण्टाघर लाइन, सुर्खेत

"शुद्ध पेट्रोलियम पदार्थ, सही नापतौल– उपभोक्ताको अधिकार ।"
नारायण आयल स्टोर
वीरेन्द्रनगर-८, खजुरा, सुर्खेत

मो.नं. ९८१९५१२३९७
हामीकहाँ काँचो तथा रेडिमेट कपडाहरू फुटकर तथा होलसेल मूल्यमा बिक्री गरिन्छ ।
सेवा गर्ने अवसर दिनुहोला ।
श्री कमल बस्त्रालय
वीरेन्द्रनगर-६, वीरेन्द्रचोक, सुर्खेत

प्रो. जीवन वन्जाडे **मो.नं. ९८४८०५१०३३**
हामीकहाँ बाँझोटिङ्गो नमिलेको दाँत मिलाउने, दुखेको दाँतको जरैदेखि उपचार, थाहै नहुने गरी सिमेन्ट भर्ने, भाँचिएको मुखकोहड्डीको उपचार गर्ने, पहेंलो दाँतलाई सेतो बनाउने इत्यादी ।
सेवा गर्ने अवसर दिनुहोला ।
मध्यपश्चिम डेण्टल हस्पिटल प्रा.लि.
वीरेन्द्रनगर-६, हटियाचोक, सुर्खेत

मो.नं. ९८४८०३८९६६
हामीकहाँ आकर्षक डिजाइनका गरगहनाहरू पाउनुका साथै अर्डर अनुसार बिना रसाइनका गहनाहरू तयार गरिन्छ ।
न्यू भैरहवा ट्रेडर्स
वीरेन्द्रनगर-६, वीरेन्द्रचोक, सुर्खेत

प्रो. केशव ज्ञावली
हामीकहाँ काँचो तथा रेडिमेट कपडाहरू फुटकर तथा होलसेल मूल्यमा बिक्री गरिन्छ ।
सेवा गर्ने अवसर दिनुहोला ।
न्यू बुटवल इम्पोरियम
वीरेन्द्रनगर-६, तल्लोबजार, सुर्खेत

प्रो. पुष्प शाही **मो.नं. ९८५८०५११६४**
हामीकहाँ बाँझोटिङ्गो नमिलेको दाँत मिलाउने, दुखेको दाँतको जरैदेखि उपचार, थाहै नहुने गरी सिमेन्ट भर्ने, भाँचिएको मुखकोहड्डीको उपचार गर्ने, पहेंलो दाँतलाई सेतो बनाउने इत्यादी ।
सेवा गर्ने अवसर दिनुहोला ।
वीरेन्द्रनगर डेण्टल हस्पिटल प्रा.लि.
वीरेन्द्रनगर-६, हटियाचोक, सुर्खेत

प्रो. लक्ष्मीप्रसाद गौतम **फोन नं. ०८३-४११२९६**
"शुद्ध पेट्रोलियम पदार्थ, सही नापतौल– उपभोक्ताको अधिकार ।"
गंगामाला आयल स्टोर
वीरेन्द्रनगर-११, सुर्खेत

सामुदायिक विद्यालयलाई अभिभावकको साथ

काँक्रेविहार संवाददाता
सुर्खेत, ३१ भदौ ।



वीरेन्द्रनगरस्थित जन नमुना माध्यमिक विद्यालयमा करिब तीन हजार पाँच सय विद्यार्थी अध्ययनरत छन् । विद्यार्थीको यो चाप धान्न विद्यालयमा एक सय १८ जना स्थायी शिक्षक दरबन्दी छ, तर दरबन्दीले मात्रै सबै कक्षा र विषयको आवश्यकता पूरा गर्न नसकेपछि विद्यालयले आफ्नै स्रोत र अभिभावकको स्वेच्छिक सहयोग लगायतका माध्यमबाट थप शिक्षक व्यवस्थापन गरिरहेको छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गोविन्दबहादुर कोइरालाका अनुसार विद्यालयमा भर्ना भएका सबै विद्यार्थीलाई गुणस्तरीय शिक्षा दिनुपर्ने दायित्व विद्यालयको हो । तर विद्यार्थीको संख्या बढ्दै जाँदा सरकारी स्रोतबाट प्राप्त शिक्षकले मात्र पढाइ सञ्चालन गर्न कठिन छ । उनले भने, 'विद्यार्थीको चापअनुसार शिक्षक चाहिन्छ, सरकारी शिक्षकले मात्रै सबै कक्षा धान्न नसक्ने भएपछि विद्यालयले आफ्नै स्रोत र अभिभावकको सहयोगबाट शिक्षक व्यवस्थापन गरिरहेको छ ।'

जन नमुना माध्यमिक विद्यालयको अवस्था कर्णालीका सामुदायिक विद्यालयमा देखिएको एउटा प्रतिनिधिमूलक उदाहरण मात्रै हो । कर्णालीका अधिकांश विद्यालयको अवस्था एउटै छ । सरकारले स्वीकृत गरेको दरबन्दी पर्याप्त नहुँदा विद्यालयले वैकल्पिक स्रोत खोज्नुपर्ने अवस्था प्रदेशका धेरै विद्यालयमा छ । यही कारण कतै स्थानीय तह वा प्रदेशबाट शिक्षक थपिएका छन्, भने कतै विद्यालयकै स्रोतबाट शिक्षक राखिएका छन् । शिक्षा विकास तथा मानव स्रोत विकास केन्द्रको फ्ल्यास रिपोर्ट २०८२ अनुसार कर्णालीका सामुदायिक विद्यालयमा कक्षा १ देखि ५ सम्म २० विद्यार्थी बराबर एक शिक्षक छन् । कक्षा ६ देखि ८ मा भने ३० विद्यार्थी बराबर एक शिक्षक छन् । कक्षा १ देखि ८ सम्मको समग्र विद्यार्थी-शिक्षक अनुपात २३:१ छ । यो तहमा कर्णालीका सामुदायिक विद्यालयमा दुई लाख ८२ हजार चार सय ४२ विद्यार्थी र १२ हजार चार सय ३० शिक्षक रहेको प्रतिवेदनमा उल्लेख छ ।

तर यो जनशक्ति सबै सरकारी स्वीकृत दरबन्दीका शिक्षक मात्र होइनन् । आधार भूत तहमा स्थानीय तथा प्रदेश सरकारको सहयोगबाट दुई हजार एक सय १५ शिक्षक र निजी व्यवस्थापन तथा स्वयंसेवकका रूपमा ६ सय ७८ शिक्षक कार्यरत छन् । यसले सामुदायिक विद्यालयको कक्षा सञ्चालन स्वीकृत सरकारी दरबन्दीभन्दा बाहिरका शिक्षकमा समेत निर्भर रहेको देखाउँछ ।

वीरेन्द्रनगर-११ को अमर ज्योति नमुना माध्यमिक विद्यालयमा पनि करिब तीन हजार विद्यार्थी छन्, तर शिक्षकको स्वीकृत पद भने ३५ मात्रै छ । ठूलो संख्यामा विद्यार्थी र सीमित दरबन्दीबीच विद्यालयले निजी स्रोतबाट शिक्षक व्यवस्थापन गर्नुपरेको प्रधानाध्यापक खगेन्द्र थापा बताउँछन् ।

'संविधानले माध्यमिक तहसम्म शिक्षा निःशुल्क भनेको छ, तर त्यसअनुसार आवश्यक जनशक्ति र स्रोत विद्यालयलाई प्राप्त भएको छैन' उनले भने, 'विद्यार्थीको संख्या धेरै भएपछि कक्षा सञ्चालन गर्न थप शिक्षक चाहिन्छ, त्यसैले विद्यालय व्यवस्थापनका लागि अभिभावकको सहयोग लिनुपर्ने अवस्था आएको छ ।'

प्रदेश राजधानीकै ठूलो सामुदायिक विद्यालयमा समेत स्वीकृत दरबन्दी र वास्तविक आवश्यकता मेल नखाँदा अतिरिक्त स्रोतमा भर पर्नुपर्ने अवस्था छ । माध्यमिक तहको फ्ल्यास रिपोर्टले पनि सरकारी स्वीकृत शिक्षकबाहेकको जनशक्तिको आवश्यकता देखाउँछ । कक्षा ९ देखि १२ सम्म कर्णालीका सामुदायिक विद्यालयमा सरकारी स्वीकृत शिक्षक दुई हजार सात सय ४९ छन् । त्यही तहमा निजी स्रोत तथा स्वयंसेवकका रुपमा एक सय १२ शिक्षक कार्यरत छन् । 'बाहिरबाट हेर्दा विद्यालयले जबर्जस्ती शुल्क उठाएको जस्तो देखिन्छ, तर वास्तविकता विद्यालय सञ्चालनको बाध्यता हो' प्रधानाध्यापक थापा भन्छन्, 'समस्या समाधानका लागि सरकारले विद्यालयको वास्तविक आवश्यकता र विद्यार्थीको चापलाई आधार बनाएर नीति बनाउनुपर्छ ।' दुर्गम जिल्लाका सयौं विद्यार्थीहरु वीरेन्द्रनगरमा थुप्रिने तर दुर्गम क्षेत्रमा विद्यार्थी नहुँदा शिक्षक खाली बस्ने अवस्था पनि छ । यस्तो अवस्थाको अन्त्यका लागि आवश्यकता अनुसार विद्यालय समायोजन (मर्ज) को नीति अघि बढाउनुपर्ने थापाले बताए । यता बराहताल-५ को जनज्योति माध्यमिक विद्यालयमा पनि करिब सात सय ५० विद्यार्थी अध्ययनरत छन् । शिक्षकको स्वीकृत पद २७ छ । विद्यार्थीको संख्या र शिक्षकको उपलब्धताबीचको अन्तरका कारण विद्यालयमा पढाई व्यवस्थापन गर्न चुनौती रहेको विद्यालयले जनाएको छ ।

विषयगत शिक्षक समस्या, मारमा विद्यार्थी

कर्णालीका सामुदायिक विद्यालयमा शिक्षकको समस्या संख्या मात्र नभई विषयगत पनि छ । विशेषगरी गणित, विज्ञान र अंग्रेजी विषयका शिक्षकको अभाव धेरै विद्यालयमा देखिन्छ । प्रदेशको पछिल्लो विवरणअनुसार कक्षा १ देखि १० सम्म चार हजार नौ सय ९३ शिक्षक पद रिक्त छन् । त्यसमध्ये प्राथमिक तहमा ६ सय ४४, निम्न माध्यमिक तहमा दुई हजार ६ सय र माध्यमिक तहमा एक हजार सात सय ४९ पद रिक्त छन् । यसको असर विद्यालयको कक्षाकोठामा मात्र नभई विद्यार्थीको अतिरिक्त खर्चमा पनि परेको छ । शिक्षक अभाव भएका विद्यालयका विद्यार्थी विषयगत तयारीका लागि निजी ट्युसनमा निर्भर हुन थालेका छन् । कर्णालीका विभिन्न जिल्लाबाट एसईई तयारीका लागि वीरेन्द्रनगर आउने विद्यार्थीले एउटा विषयका लागि मासिक तीन हजार पाँच सय रुपैयाँसम्म तिर्नुपर्ने बाध्यता छ, यसले उक्त परिवारमा मासिक १० देखि १२ हजार रुपैयाँसम्म अतिरिक्त खर्च गर्नुपर्ने अवस्था छ । कालीकोटको कालिका माध्यमिक विद्यालयका विद्यार्थीले समेत शिक्षक अभावका कारण एसईई तयारीका लागि सुर्खेत आएर ट्युसन पढ्नुपर्ने अवस्था भोगेका छन् । विद्यालयमा विषयगत शिक्षक पर्याप्त नहुँदा पाठ्यक्रम पूरा गर्न कठिन हुनुका साथै विद्यार्थीले विद्यालयबाहिर अतिरिक्त कक्षा लिनुपर्ने अवस्था आएको थियो । यसरी सामुदायिक विद्यालयमा सरकारले विद्यार्थीबाट शुल्क नलिने नीति लिए पनि शिक्षक नपुग्दा विद्यार्थीको शिक्षामा अर्को बाटोबाट खर्च थपिँदै गएको छ । विद्यालयले थप शिक्षक राख्न स्रोत खोज्छ र विद्यार्थीले शिक्षक नपुगेको विषय पढ्न फेरि निजी ट्युसनको शुल्क तिर्छन् ।

दैलेखको भगवतीमाई गाउँपालिकास्थित ज्वाला माध्यमिक विद्यालयमा पनि करिब पाँच सय विद्यार्थी छन् । प्राविधिक धारसहित कक्षा १२ सम्म पढाइ हुने विद्यालयमा स्थायी, राहत, अस्थायी र स्थानीय तहको अनुदानबाट गरी करिब ३० शिक्षक छन् । कक्षा १० सम्म विद्यालयले शुल्क लिँदैन । तर कक्षा ११ र १२ मा शिक्षक तथा कर्मचारी व्यवस्थापनका लागि शुल्क लिने गरेको छ । विद्यालयका शिक्षक देवेन्द्र अधिकारीका अनुसार विषयगत शिक्षकको अभाव हुँदा विद्यार्थीको संख्या बढी भएका कक्षालाई आवश्यकताअनुसार विभाजन गर्न सकिँदैन । एउटै शिक्षकले धेरै विद्यार्थीलाई पढाउनुपर्ने अवस्था आउँछ । त्यसले शिक्षण सिकाइको गुणस्तरमा असर पार्ने गरेको उनको भनाइ छ । शिक्षा विकास निर्देशनालयका अनुसार कर्णालीमा विद्यालय तहमा स्थायी, अस्थायी र राहत गरी १२ हजार सात सय ६२ शिक्षक कार्यरत छन् । त्यसमध्ये ६ हजार दुई सय ६१ जना मात्रै स्वीकृत दरबन्दी छन् । निर्देशनालय प्रमुख दीपा हमालका अनुसार प्रदेशमा तीन हजार आठ सय ४२ राहत र दुई हजार ६ सय ५९ अस्थायी शिक्षक कार्यरत छन् । यसले कर्णालीका सामुदायिक विद्यालयमा स्वीकृत दरबन्दीबाहेकका शिक्षकको भरमा पनि पठनपाठन चलिरहेको देखाउँछ । शिक्षकको अभावसँगै विद्यालयमा आवश्यक अन्य शैक्षिक स्रोतको अवस्थाले पनि सामुदायिक शिक्षाको चुनौती देखाउँछ । फ्ल्यास रिपोर्ट २०८२ अनुसार बाँकी पृष्ठ ७

कर्णालीका...

नियमित विद्युत् आपूर्तिका लागि कोहलपुर-सुर्खेत-दैलेख-जुम्ला १३२केभीप्रसारणलाइनलगायतका पूर्वाधारलाई अघि बढाउने नीति लिएको छ । जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयले आर्थिक वर्ष २०८२/८३ मा करिब तीन अर्ब ८३ करोड रुपैयाँ बजेट पाएकोमा करिब दुई अर्ब ९१ करोड रुपैयाँ खर्च गरेको थियो, अर्थात् करिब ७६ प्रतिशत खर्च गरेको छ । तर 'कर्णाली उज्यालो' जस्ता कार्यक्रमका लागि विगतमा विनियोजित रकमसमेत पूर्ण रुपमा खर्च हुन नसकेकाले पूर्वाधार निर्माणमा बजेट मात्र पर्याप्त नभएको सरोकारवाला बताउँछन् । त्यसैले कर्णालीको उर्जा क्षेत्र लगानीको पर्खाइमा छन् ।

घोषणा...

पनि बर्षैनि त्यत्तिकै परिणाममा विषादी प्रयोग भइरहेको छ,' उनले भने, 'हामीले अनुसन्धान क्रममा सरकारले प्रतिबन्ध लगाएका २४ प्रकारका विषादी पनि किसानले खेतबारीमा प्रयोग गरेको पाइएको थियो, रोगकिराको प्रकोप पनि छिटो कम होस् भनेर किसान जथाभाबी विषादी प्रयोग गर्न बाध्य छन् ।'

कृषि बजेट कार्यान्वयनमा पनि कमी

कर्णालीमा कृषि मन्त्रालयको खर्च वर्षैनि घटिरहेको पूर्व भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री विमला केसीले बताइन् । उनका अनुसार त्यसको असर अर्गानिक कृषिलगायत कार्यक्रमको कार्यान्वयनमा परेको छ । 'खर्च घट्दा कार्यक्रम कार्यान्वयन नै कम हुने भयो, जसले प्रतिफल पनि न्यून देखियो,' उनले भनिन्, 'ठूला कृषि पूर्वाधारका योजना सधैं अलपत्र हुँदा टुक्रे योजनाले न प्रतिफल दिन्छ न बजेटको सदुपयोग नै ।'

प्रदेश लेखा नियन्त्रक कार्यालयका अनुसार आर्थिक वर्षको सुरुमा मन्त्रालयका लागि २ अर्ब ५७ करोड ११ लाख रुपैयाँ बजेट छुट्याइएकोमा जेठ मसान्तसम्म २६.९४ प्रतिशत अर्थात् ६९ करोड २७ लाख ७९ हजार रुपैयाँ मात्र खर्च भएको थियो । तत्कालीन भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री विनोदकुमार शाहले कृषि क्षेत्रमा देखिएका बेथिति कम गरी नियमसंगत रुपमा बजेट कार्यान्वयनमा लैजाँदा खर्च कम देखिएको बताए । 'आर्थिक वर्षको सुरुमै जेनजी आन्दोलनले प्रभाव पाऱ्यो, चाडपर्व, प्रतिनिधिसभा सदस्य निर्वाचनलगायत कारण पनि बजेट कार्यान्वयनमा समस्या देखियो,' उनले भने, 'अर्गानिक कृषि अभियानमार्फत कर्णालीलाई खाद्यान्न उत्पादनमा आत्मनिर्भर बनाउने योजना हो, जसका कार्यक्रमहरु क्रमशः कार्यान्वयन भइरहेका छन् ।' मन्त्रालयका सचिव संजिवकुमार कर्णले अर्गानिक प्रदेशको निर्णय कार्यान्वयनका लागि रैथाने बाली संरक्षण र विकासलाई पहिलो प्राथमिकतामा राखिएको बताए ।

उनका अनुसार प्रदेशभित्रै अर्गानिक र जैविक मल तथा जैविक विषादी उत्पादनका लागि किसान समूहलाई तालिम दिने, जैविक मलमा अनुदान दिने र आवश्यक कच्चा पदार्थ खरिदका लागि सहजीकरण गर्ने काम भइरहेको छ । निजीस्तरबाट झन्डै तीन दर्जन कम्पनी र सहकारीले जैविक मल तथा विषादी उत्पादन गरिरहेका छन् ।

हार्दिक बधाई तथा शुभकामना

कर्णाली प्रदेशको पहिलो दैनिक तथा लोकप्रिय पत्रिका
काँक्रेविहार राष्ट्रिय दैनिक प्रकाशन यात्राको २६ औं वर्षमा
प्रवेश गरेकोसुखद् उपलक्ष्यमा हार्दिक शुभकामनासहित नेपाली
पत्रकारिताको मानक बनोस् भन्ने
कामना गर्दछौं।

धनबहादुर रावत
अध्यक्ष
नेपाल उद्योग बाणिज्य महासंघ
कर्णाली प्रदेश, परिवार

भेरीगंगा नगरपालिकाको अनुरोध

१. भेरीगंगा नगरपालिकाभित्र सञ्चालित सम्पूर्ण संघ-संस्था, व्यवसायी र उद्यमीहरूले सम्बन्धित वडा कार्यालयमा गई आफ्नो संघ-संस्था, व्यवसाय र उद्योग/उद्यम अनिवार्य रुपमा दर्ता गर्नुहुन अनुरोध छ ।
२. यस नगरपालिका अन्तर्गतका वडाहरूमा दर्ता भई सञ्चालनमा रहेका व्यवसायहरू असोज मसान्त भित्र सम्बन्धित वडा कार्यालयमा गई नविकरण गरी हालसम्मको सबै जरिवाना छुटको सुविधा लिनुहुन सम्बन्धित सबैमा अनुरोध छ ।
३. आ.व. २०८३/८४ का लागि सम्बन्धित वडा कार्यालयमा गई असोज मसान्तभित्र सामाजिक सुरक्षा भत्ता नविकरण गर्नुहुनु सम्बन्धित सबैमा अनुरोध छ ।
४. भेरीगंगा नगरपालिकामा आ.व. २०८३/८४ मा उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजनाहरू असोज मसान्त भित्र उपभोक्ता समिति गठन गरी योजना सम्झौता गर्नुहुन सम्बन्धित सबैमा अनुरोध छ ।
५. भेरीगंगा नगरपालिका क्षेत्रभित्र अनाधिकृत रुपमा निर्माण भएका घरटहराहरू हटाईदिनुहुन सम्बन्धित पक्षमा अनुरोध छ ।
६. वास्तविक भूमिहिन दलित, भूमिहिन सुकुम्वासीहरूले तोकिएको समयभित्र सम्बन्धित वडा कार्यालयमा गई निवेदन दर्ता गराउनुहुन अनुरोध छ ।
७. यस नगरपालिका क्षेत्राधिकार भित्र तिनपाङ्रे सवारी साधनहरू (अटो) सञ्चालन गर्नुपरेमा नगरपालिका कार्यालयमा अनिवार्य दर्ता गरी सञ्चालन गर्नुहुन अनुरोध छ ।
८. यस नगरपालिका क्षेत्रभित्र रहेका विभिन्न सडकहरूको छेउछाउ तथा सडक अधिकार क्षेत्र (Right of Way) भित्र निर्माण सामग्री (ढुंगा, गिट्टी, बालुवा, माटो, सिमेन्ट, इट्टा, फलाम आदि) लगायत अन्य सामग्रीहरू अव्यवस्थित रुपमा राखिएको कारण सवारीसाधन तथा पैदल यात्रीको आवागमनमा असहजता उत्पन्न भएको, दुर्घटनाको जोखिम बढेको तथा सडक सञ्चालनमा बाधा पुगेको हुँदा सम्बन्धित सबै व्यक्ति, निर्माण व्यवसायी, उपभोक्ता समिति, संघ-संस्था तथा सरोकारवालाहरू सबैलाई त्यस्ता सामग्रीहरू हटाई सडकलाई अवरोधरहित, सुरक्षित तथा सहज आवागमन योग्य बनाउन अनुरोध छ । साथै यस सूचनाको पालना नगरी सडक अधिकार क्षेत्रभित्र राखिएका निर्माण सामग्री तथा अन्य सामग्रीहरू नहटाइएको पाइएमा प्रचलित कानून बमोजिम आवश्यक कारबाही प्रक्रिया अगाडि बढाइने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।
९. यस नगरपालिका अन्तर्गतका वडाहरूमा मेला महोत्सव सञ्चालन गर्दा जिल्ला प्रशासन कार्यालय, भेरीगंगा नगरपालिका कार्यालयबाट प्रदान गरिएको अवधि भित्र सम्पन्न हुने गरी सञ्चालन गर्नुहुन अनुरोध छ ।

हरिबहादुर खत्री
प्रमुख प्रशासकीय अधिकृत

धनसरा बोहरा
उप-प्रमुख

यज्ञप्रसाद ढकाल
नगर प्रमुख

भेरीगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
छिन्चु, सुर्खेत, कर्णाली प्रदेश, नेपाल

कर्णाली प्रदेश सभा सचिवालयको सूचना

नेपालको संविधान बमोजिम कर्णाली प्रदेश सभाले प्रदेशको अधिकार क्षेत्र भित्रका विषयगत क्षेत्रहरूमा कानून निर्माण गरिरहेको व्यहोरा अवगत नै छ । सोही क्रममा कर्णाली प्रदेश सभा गठन भएको करिब नौ वर्षको अवधिमा ७५ वटा कानुन निर्माण भई प्रदेश प्रमुखबाट प्रमाणीकरण भइसकेका छन् । प्रदेशसभा सचिवालयको अभिलेखअनुसार पहिलो कार्यकाल (२०७४ देखि २०७९ सम्म) मा ५३ वटा र दोस्रो कार्यकाल (२०७९ देखि हालसम्म) सुरु भएपछि २०८३ असार मसान्तसम्म थप २२ वटा विधेयक प्रमाणीकरण भएका छन् ।

कर्णाली प्रदेश सरकारबाट भए गरेका कार्यहरूको निरन्तर रूपमा संसदीय निगरानी गरी सरकारलाई जनताप्रति उत्तरदायी बनाउने कार्यमा प्रदेश सभाले आफ्ना काम कारबाहीहरू समेत अगाडि बढाइरहेको छ । कर्णाली प्रदेश सभाले निर्माण गरेका कानूनहरूको कार्यान्वयन, सभामा दर्ता भई विचाराधीन रहेका विधेयकहरू, कर्णाली प्रदेश सरकारबाट भए गरेका कार्यहरूको सम्बन्धमा कुनै राय, सुझाव, गुनासो भएमा निम्नानुसारको ईमेल, वेबसाइट मार्फत अथवा यस सचिवालयमा आईपुग्ने गरी पठाइदिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यसै सूचनामार्फत अनुरोध छ ।

ईमेल :- karnalipradesh@gmail.com
वेबसाइट :- assembly.karnali.gov.np
फोन :- ०८३-५२१५०८
सचिवालयको ठेगाना :- कर्णाली प्रदेश सभा सचिवालय, वीरेन्द्रनगर, सुर्खेत ।

पुनश्चः- *कर्णाली प्रदेश सभा र विषयगत समितिको काम कारबाही, सभाबाट पारित भएका, दर्ता भएका, सभामा विचाराधीन रहेका विधेयकहरू यस सचिवालयको वेबसाइट assembly.karnali.gov.np मा गई हेर्न सकिने व्यहोरा समेत अनुरोध छ ।*

हाम्रो अनुरोध

- सार्वजनिक सम्पत्तिको सुरक्षा, संरक्षण गर्नु हामी सबैको दायित्व हो ।
- व्यवसाय संचालन गर्दा नगरपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
- बालबालिकालाई घरेलु काममा होइन, विद्यालय पढ्न पठाऔं ।
- विकास निर्माण कार्य मा जनसहभागिता जुटाऔं ।
- महिला हिंसामुक्त समाजको निर्माण गरौं ।
- घरेलु हिंसा विरुद्ध डटेर लडौं, सभ्य समाजको निर्माणमा सहयोग पुर्याऔं ।
- आफ्नो घर वरपर बोट/बिरुवा रोपी हरियाली बनाऔं ।
- सडक सुरक्षा मानव जिउज्यानसँग जोडिएको विषय हो । यसप्रति हामी गम्भीर हुँदै सडक सुरक्षाका आधारभुत मापदण्डहरू पालना गरौं ।

जथाभावी सडक निर्माण, खोला उत्खनन् र वन विनाशले बाढीपहिरो निम्त्याउने हुँदा:

- वृक्षारोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं ।
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रुख, बाँस, निगालो जस्ता भू-क्षय रोक्ने खालका बिरुवा रोपौं र संरक्षण गरौं ।
- बस्ती तथा समुदायको रक्षा गरौं ।
- बाढी आएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं ।
- घर बनाउने स्थान बाढी तथा पहिरोको जोखिममा भए नभएको एकीन गरौं ।
- बाढीपहिरोबाट आफू पनि बचौं, अरूलाई पनि बचाऔं ।

टंक बहादुर भट्राई
प्रमुख प्रशासकीय अधिकृत

सुम्रिमा डिसी वली
उप-प्रमुख

जनकराज गौतम
नगर प्रमुख

बागचौर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बागचौर, सल्यान, कर्णाली प्रदेश, नेपाल

डेंगीबाट बचौं, सुरक्षित रहौं !

- कर्णाली प्रदेश तथा सुर्खेत जिल्लामा डेंगी रोगको संक्रमण बढ्दै गइरहेको हुँदा सम्पूर्ण नागरिकहरूलाई सचेत रहन अनुरोध गरिन्छ । आफ्नो घर, आँगन तथा वरपर पानी जम्न नदिनुहोस्, पानी संकलन हुने भाँडाहरू नियमित सफा गरी ढाकेर राख्नुहोस्, लामखुट्टेको टोकाइबाट बच्न झुल, जाली तथा शरीर ढाक्ने लुगा प्रयोग गर्नुहोस् ।
- यदि उच्च ज्वरो, टाउको दुख्ने, आँखैको पछाडि दुख्ने, शरीर तथा जोर्नी दुख्ने, वाकवाकी लाग्ने वा छालामा रातो दाग देखिनेजस्ता लक्षण देखिएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा गई जाँच तथा उपचार गराउनुहोस् । चिकित्सकको सल्लाहबिना औषधि सेवन नगर्नुहोस् ।

'सफा वातावरण, डेंगीमुक्त कर्णाली - हाम्रो साझा जिम्मेवारी'

प्रदेश जनस्वास्थ्य प्रयोगशाला
सुर्खेत

काँक्रेविहार राष्ट्रिय दैनिक
२६ औं वार्षिकोत्सव

कर्णालीको पर्यटन विकास र प्रवर्द्धन विशेष

भेरी करिडोर :

पर्यटकीय सम्भावनाको नयाँ 'लाइफलाइन'

भेरी किनार हुँदै हिमाल, ताल, धर्म र संस्कृतिसम्म जोड्ने भेरी करिडोरसडकले बदल्दैछ कर्णालीमा पर्यटनको भूगोल



✍ चन्द्रा कँडेल

सुर्खेत। कुनै समय सडक नपुगेको भूगोललाई दुर्गम भनेर चिनिन्थ्यो । अहिले त्यही भूगोलमा सडक पुग्दै गर्दा दुर्गमको परिचय विस्तारै पर्यटकीय गन्तव्यमा बदलिन थालेको छ । भेरी नदीको किनारैकिनार पहाड, बस्ती र उपत्यका छिचोल्दै हिमाली भूभागतर्फ उक्लिरहेको भेरी करिडोर त्यही परिवर्तनको सम्भावना बोकेको पूर्वाधार हो । बाँके-बर्दिया-सुर्खेत-सल्यान-जाजरकोट-रुकुम पश्चिम हुँदै डोल्पाको दुनै, उपल्लो डोल्पा र चीन सीमातर्फ पुग्ने यो करिडोर ३१७ किलोमिटरको सडक सञ्जालका रूपमा जोडिएको छ। यसको अन्तिम लक्ष्य डोल्पाको मरिम/मोरिम्ला क्षेत्र हुँदै चीनको सीमासम्म पहुँच पुऱ्याउनु हो ।

तर भेरी करिडोरको अर्थ सडक र व्यापारमा मात्रै सीमित छैन । यसको दुवैतर्फ फैलिएको भूगोलमा प्राकृतिक सौन्दर्य, धार्मिक आस्था, हिमाली संस्कृति, प्राचीन बस्ती, नदी, ताल, गुफा, वन्यजन्तु र पदयात्राका सम्भावना छन् ।



जाजरकोटमा साहसिक पर्यटनको ढोका

भेरी करिडोरको महत्वपूर्ण खण्ड जाजरकोट हुँदै जान्छ । जाजरकोटलाई अहिलेसम्म धेरैले राजनीतिक र प्रशासनिक पहिचानबाट चिने पनि यहाँको पर्यटन सम्भावना भने अझै पर्याप्त रूपमा बजारमा आउन सकेको छैन ।

जाजरकोट दरबार क्षेत्र, ऐतिहासिक तथा धार्मिक स्थल, पहाडी पाटन, वन क्षेत्र, नदी-उपत्यका र ग्रामीण जीवनशैलीलाई करिडोर पर्यटनसँग जोड्न सकिन्छ । विशेषगरी जाजरकोट-रुकुम-डोल्पा यात्रालाई साहसिक सडक यात्राका रूपमा विकास गर्न सकिने सम्भावना छ । मोटरसाइकल पर्यटन, जीप सफारी, पदयात्रा, क्याम्पिङ र ग्रामीण होमस्टे यस क्षेत्रका सम्भावित उत्पादन बन्न सक्छन् । जाजरकोटको भूगोलबाट डोल्पातर्फ उक्लिँदै जाँदा पर्यटकले केही सय किलोमिटरभित्रै नेपालको पहाडीदेखि हिमाली भूगोलसम्मको परिवर्तन प्रत्यक्ष अनुभव गर्न सक्छ । यही भौगोलिक विविधता करिडोर पर्यटनको ठूलो सम्पत्ति बन्न सक्छ ।

रुकुम पश्चिममा ग्रामीण जीवनको आकर्षण

भेरी करिडोरले रुकुम पश्चिमको आठबिसकोटलाई पनि पर्यटन र व्यापारको नयाँ केन्द्रका रूपमा स्थापित गर्ने सम्भावना बोकेको छ । राडी बजार, राडी ज्युला, गोतामकोट, चौरजहारी उपत्यका, रिम्ना दोभान लगायतका क्षेत्रलाई सडक यात्रासँग जोडेर पर्यटन उत्पादन बनाउन सकिन्छ ।

स्थानीय रहनसहन, मगर तथा अन्य समुदायका संस्कृति, परम्परागत खाना, भेषभूषा र ग्रामीण जीवनशैली आफैंमा पर्यटकका लागि आकर्षण बन्न सक्छन् । आठबिसकोटमा सडक पुगेपछि व्यापारिक गतिविधि तीव्र रूपमा बढेको र होटल व्यवसायसमेत विस्तार भएको स्थानीय सन्दर्भले देखाउँछ ।

सडकले पर्यटनसँगै स्थानीय उत्पादन, होटल, सेवा र रोजगारीलाई पनि विस्तार गर्न सक्ने सम्भावना देखिएको छ । त्यसैले करिडोरलाई केवल 'बाटो' का रूपमा हेर्ने कि 'आर्थिक-पर्यटकीय करिडोर' का रूपमा विकास गर्ने भन्ने प्रश्न अब महत्वपूर्ण बनेको छ ।

सडक पूर्वाधार पूरा हुने हो भने यी गन्तव्य एउटै पर्यटन सर्किटमा जोडिन सक्ने प्रचुर सम्भावना छ । भेरी करिडोरलाई पर्यटनको दृष्टिले हेर्दा यसको सबैभन्दा ठूलो शक्ति विविधता पनि हो । सुर्खेत छिन्चु, बोटेचौर हुदै यात्रा सुरु गर्ने पर्यटकले मध्यपहाडी भूगोल, सल्यानका धार्मिक तथा प्राकृतिक गन्तव्य, जाजरकोटका पहाडी उपत्यका र ऐतिहासिक-धार्मिक स्थल, रुकुम पश्चिमका भेरी उपत्यका तथा ग्रामीण संस्कृति हुँदै डोल्पाको हिमाली संसारमा प्रवेश गर्न सक्छन् ।

करिडोरसँग जोडिने पर्यटकीय सम्भावनामा सल्यानको कुपिण्डे दह, जाजरकोटका विभिन्न प्राकृतिक तथा धार्मिक स्थलहरु र जाजरकोट दरवार, रुकुम पश्चिमको चौरजहारी उपत्यका, राडी ज्युला, गोतामकोट र त्रिपुराकोट जस्ता पर्यटकिय स्थलहरु छन् । यस्तै डोल्पाको बाला त्रिपुरासुन्दरी, दुनै, शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज, शे-फोक्सुण्डो ताल, शे गुम्बा, डोल्पो बुद्ध र धो-तराप जस्ता क्षेत्र प्रमुख पर्यटकिय स्थलका रुपमा रहेका छन् ।

कर्णालीको पर्यटन गुरुयोजनाले पनि सल्यानको कुपिण्डे दह र डोल्पाको शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज तथा त्रिपुरासुन्दरी धार्मिक क्षेत्रलाई महत्वपूर्ण गन्तव्यका रूपमा समेटेको छ । यसरी हेर्दा करिडोरले एउटा मात्र गन्तव्य बेच्ने होइन, 'गन्तव्यहरूको श्रृंखला' बेच्ने क्षमता राख्छ । कर्णाली प्रदेश पर्यटन गुरुयोजनाले समेत विभिन्न जिल्लाका गन्तव्यलाई पदयात्रा तथा अन्तरजिल्ला पर्यटन सञ्जालसँग जोड्ने सम्भावना औंल्याएको छ । यो सडकमा यात्रा मात्रै होइन, प्रकृति, संस्कृति, धर्म, साहसिक पर्यटन र हिमाली जीवनको संयुक्त पर्यटन प्याकेज बनाउने संभावना रहेको पर्यटन तथा होटल व्यवसायी नोर्बु लामा बताउँछन् । 'आगामी वर्षमा भेरी करिडोर पूर्ण रूपमा स्तरोन्नति गर्नुपर्छ । स्थायी पुल निर्माण र उपल्लो डोल्पासम्म सडक छिट्टै पुर्याउन जरुरी छ' उनले भने, 'यो सडकले चीन सीमासम्मको सम्पर्क व्यवस्थित भयो भने यसको पर्यटन प्रभाव कर्णालीको सीमाभन्दा बाहिरसम्म पुग्न सक्छ ।'

भारतको रुपैडिहा हुँदै नेपाल प्रवेश गर्ने पर्यटकलाई सुर्खेत-सल्यान-जाजरकोट-रुकुम-डोल्पा हुँदै हिमाली गन्तव्यमा पुऱ्याउने बहुदेशीय पर्यटन रुट विकास गर्न सकिने उनले बताए । त्यसैगरी काठमाडौं वा पोखराबाट आएका पर्यटकलाई सुर्खेत हुँदै भेरी करिडोरमा प्रवेश गराएर रारा-जुम्ला-डोल्पा-फोक्सुण्डो जोड्ने सर्किट बनाउन सकिने पर्यटन व्यवसायीहरु बताउँछन् । भविष्यमा चीनतर्फको सीमा नाका प्रभावकारी रूपमा सञ्चालन भयो भने नेपाल-भारत-चीनबीच पर्यटन तथा व्यापारिक आवागमनको नयाँ सम्भावना समेत खुल्ने अपेक्षा छ । करिडोरलाई भारतदेखि चीनसम्म जोड्ने महत्वपूर्ण मार्गका रूपमा पनि हेरिएको छ । हिमाली बस्तीमा पर्यटकको संख्या मात्र नभई पर्यटकको बसाइ अवधि र स्थानीय खर्च बढाउने नीति पनि प्रभावकारी रुपमा बनाउन आवाश्यक छ । हाल भेरी करिडोरलाई आज सडक आयोजनाका रूपमा मात्रै हेरिँदैछ । भोलि यसको परिचय कर्णालीको पर्यटन मेरुदण्डका रूपमा स्थापित हुन सक्छ । होटल तथा पर्यटन व्यवसायी पदमबहादुर शाहीले भेरी र कर्णाली करिडोर निर्माणले कर्णालीका पर्यटकीय स्थललाई पर्यटकसँग जोड्न बाँकी पृष्ठ ८

गाउँपालिकाको अनुरोध

पर्यटन प्रवर्द्धन गरौँ

- नेपालको हिमाली क्षेत्र तथा प्राकृतिक सौन्दर्यको भ्रमण गरी आन्तरिक पर्यटन प्रवर्द्धन गरौँ ।
- हिमाल, हिमताल, हिमनदी तथा प्राकृतिक सम्पदाको संरक्षण र संवर्द्धन गरौँ ।
- पर्यटकीय क्षेत्रमा सरसफाइ कायम राखौँ र फोहोर जथाभावी नफालौँ ।

बालबालिकालाई मोबाइलको लतबाट बचाऔँ

- बालबालिकालाई लामो समयसम्म मोबाइल चलाउन नदिऔँ ।
- मोबाइलको सट्टा खेलकुद, पुस्तक पढ्ने तथा सिर्जनात्मक गतिविधिमा सहभागी गराऔँ ।
- खाना खाने, पढ्ने र सुत्ने समयमा मोबाइल प्रयोग नगर्ने बानी बसाऔँ ।
- अभिभावकले पनि मोबाइलको प्रयोगमा उदाहरणीय व्यवहार देखाउँदै बालबालिकासँग पर्याप्त समय बिताऔँ ।
- स्थानीय उत्पादन, कला, संस्कृति तथा सेवाको प्रयोग गरी स्थानीय अर्थतन्त्र र पर्यटन विकासमा योगदान गरौँ ।

मौसमजन्य विपद्बाट सुरक्षित बनौँ

- मौसम परिवर्तनसँगै स्वास्थ्य तथा सुरक्षामा विशेष ध्यान दिऔँ ।
- नियमित रूपमा साबुनपानीले हात धोऔँ र स्वच्छ पानी तथा पोषणयुक्त खाना सेवन गरौँ ।
- वर्षा, बाढी तथा पहिरोको समयमा जोखिमपूर्ण स्थानबाट टाढा रहौँ ।
- ज्वरो, रुघाखोकी वा अन्य स्वास्थ्य समस्या देखिएमा समयमै स्वास्थ्य जाँच गराऔँ ।

बाढी/पहिरोबाट सचेत होऔँ

- जोखिमयुक्त स्थानमा बसोबास भए समयमै सुरक्षित स्थानमा सर्दै गर्नुहोस् ।
- बालबालिका, वृद्धवृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूको सुरक्षामा विशेष ध्यान दिऔँ ।
- बाढी/पहिरो आएपछि अनावश्यक रूपमा बाहिर ननिस्कौँ र सुरक्षित स्थानमा बसौँ ।
- बिजुलीका तार, खम्बा तथा खोलानालाबाट टाढा रहौँ ।
- हल्ला तथा अफवाहमा विश्वास नगरी आधिकारिक सूचनामात्र आदान-प्रदान गरौँ ।

दिपक बुढाथोकी, प्रमुख प्रशासकीय अधिकृत | बुद्ध कुमारी खत्री, उपाध्यक्ष | ओज बहादुर बुढाथोकी, अध्यक्ष

छत्रेश्वरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भोटेचौर, सल्यान

लामखुट्टेको वासस्थान 'खोज र नष्ट गर' अभियान सञ्चालन गर्ने सम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा गर्मी तथा वर्षायामसँगै लामखुट्टेको प्रजनन तथा वृद्धि हुने क्रम बढ्दै जाँदा डेंगी, स्क्रब टाइफस, मलेरिया, जापानीज इन्सेफ्लाइटिस लगायतका रोगहरूको संक्रमणको जोखिमसमेत बढ्ने गर्दछ । यस नगरपालिका क्षेत्रभित्र विभिन्न समुदायबाट डेंगी रोगका बिरामीहरू समेत फेला परिरहेको अवस्थामा यो रोगको रोकथाम तथा नियन्त्रणका लागि लामखुट्टेको टोकाइबाट बच्नुका साथै यसको प्रजननस्थल नष्ट गर्नु अत्यन्त आवश्यक रहेको छ। लामखुट्टेको वासस्थान तथा प्रजननस्थल नष्ट गर्ने कार्य कुनै एक निकायको मात्र प्रयासबाट सम्भव नहुने भएकाले स्वास्थ्य संस्था, विद्यालय, टोल विकास संस्था, आमा समूह, स्थानीय क्लब, विभिन्न संघ-संस्था तथा सम्पूर्ण समुदायको सक्रिय सहभागिता आवश्यक रहेको छ। त्यसैले सम्बन्धित सबै निकाय तथा समुदायलाई कम्तीमा ८ हप्तासम्म, हप्ताको १ दिन १ घण्टा "खोज र नष्ट गर" अभियान सञ्चालन गरी घर, विद्यालय, कार्यालय तथा सार्वजनिक स्थान वरपर रहेका पानी जम्ने स्थानहरू पहिचान गर्ने, पानी जम्न नदिने तथा लामखुट्टेको सम्भावित वासस्थान एवं प्रजननस्थल नष्ट गर्ने कार्यमा सक्रिय रूपमा सहभागी भई रोगको रोकथाम तथा नियन्त्रणमा सहयोग पुऱ्याउन हार्दिक अनुरोध गरिन्छ।

महेन्द्रकुमार शर्मा, प्रमुख प्रशासकीय अधिकृत | विमला खड्लुक, उप-प्रमुख | उमेश कुमार पौडेल, नगर प्रमुख

लेकवेशी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कल्याण, सुर्खेत, कर्णाली प्रदेश, नेपाल

सडक डिभिजन कार्यालय सुर्खेतको अनुरोध !

- सडकको निर्माण र दिगोपना नै राष्ट्र निर्माणको प्रमुख आधार हो । त्यसैले सडक संरचनाहरूमा असर पर्ने निम्न कार्य नगर्नु हुन अनुरोध छ ।
- सडक सिमा अतिक्रमण गरी घर टहराहरू बनाउन ।
- सडकपेटीमा निर्माण सामग्री राख्न ।
- सडकमा कुनै किसिमको पानी निकास गर्न ।
- सवारी आगमनमा बाधा पुऱ्याउन ।
- ढल तथा क्याचपिटमा फोहोर तथा प्लास्टिकजन्य वस्तु राख्न ।

सडक डिभिजन, सुर्खेत

पशुमा खोप लगाउन किन जरूरी छ ?

पशुमा नियमित खोप लगाऔँ : रोगको रोकथामसँगै उत्पादन बढाऔँ ।

- पशुमा महामारीजन्य रोग नियन्त्रण गर्ने प्रभावकारी तथा किफायती उपाय भएकोले,
- पशुमा मान्छे र मान्छेबाट पशुमा सर्ने जेनेटिक रोगलाई नियन्त्रण गरी जनस्वास्थ्यलाई नकारात्मक प्रभावबाट बचाउन,
- रोगको कारण हुने पशुजन्य उत्पादनको गिरावटलाई कम गरी रोगको उपचार र नियन्त्रण गर्दा लाग्ने समय र खर्च बचतका लागि,
- मानिसको जीविकोपार्जनको स्रोतको रूपमा रहेको पशुपालन व्यवसायलाई जोगाई आम्दानी बढाउनुका साथै खाद्य सुरक्षा कायम राख्नको लागि,
- रोगको जोखिमलाई न्युनीकरण गरी कृषकको लगानी सुनिश्चित गर्नमा मद्दत गर्ने भएकोले,
- पशुमा रोगको प्रकोप गरी एन्टिबायोटिकको प्रयोग घटाउँछ र प्रतिजैविक प्रतिरोध न्युनिकरण गर्न महत्वपूर्ण भूमिका खेल्छ ।

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशु अस्पताल तथा पशु सेवा कार्यालय
वीरेन्द्रनगर, सुर्खेत

वीरेन्द्रनगर नगरपालिका वडा नं. ७, सुर्खेतको अनुरोध

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नवीकरण सम्बन्धी सूचना

- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सबै लाभग्राहीहरुले आर्थिक वर्ष २०८३/८४ का लागि २०८३ साल श्रावण १ गतेदेखि असोज मसान्तभित्र वडा कार्यालयमा राष्ट्रिय परिचयपत्र र नेपाली नागरिकतासहित बायोमेट्रिक (Biometric Finger Print) मार्फत नवीकरण गर्नुपर्ने ।
- १६ वर्ष मुनिका बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने अशक्त र ९० वर्ष माथिका ज्येष्ठ नागरिकहरुको हकमा राष्ट्रिय परिचयपत्र अनिवार्य नहुने ।

घुवकुमार चपाई
(वडा अध्यक्ष)

वीरेन्द्रनगर नगरपालिका
वडा नं. ७ को कार्यालय परिवार
सुर्खेत

वीरेन्द्रनगर नगरपालिका वडा नं. ८, सुर्खेतको अनुरोध

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नवीकरण सम्बन्धी सूचना

- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सबै लाभग्राहीहरुले आर्थिक वर्ष २०८३/८४ का लागि २०८३ साल श्रावण १ गतेदेखि असोज मसान्तभित्र वडा कार्यालयमा राष्ट्रिय परिचयपत्र र नेपाली नागरिकतासहित बायोमेट्रिक (Biometric Finger Print) मार्फत नवीकरण गर्नुपर्ने ।
- १६ वर्ष मुनिका बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने अशक्त र ९० वर्ष माथिका ज्येष्ठ नागरिकहरुको हकमा राष्ट्रिय परिचयपत्र अनिवार्य नहुने ।

टिकाराम शर्मा
(वडा अध्यक्ष)

वीरेन्द्रनगर नगरपालिका
वडा नं. ८ को कार्यालय परिवार
सुर्खेत

यात्रुहरूका लागि उपयोगी जानकारी

- सवारी साधनमा यात्रा गर्दा टिकट अनिवार्य रूपमा लिनुहोस् ।
- तोकिएको भाडाभन्दा बढी भाडा नतिर्नुहोस् ।
- सवारी साधनमा क्षमताभन्दा बढी यात्रु नचढ्नुहोस् ।
- यात्रा गर्दा आफ्नो सामान तथा मूल्यवान वस्तुको सुरक्षा आफैं गर्नुहोस् ।
- चालकलाई तीव्र गतिमा सवारी चलाउन दबाब नदिनुहोस् ।
- सवारी साधनमा यात्रा गर्दा ढोकामा उभिएर वा झुन्डिएर यात्रा नगर्नुहोस् ।
- चालकले मोबाइल प्रयोग गरेको वा लापरबाहीपूर्वक सवारी चलाएको देखिएमा सम्बन्धित निकायमा जानकारी गराउनुहोस् ।
- ट्राफिक नियमको पालना गर्दै सुरक्षित यात्रालाई प्राथमिकता दिनुहोस् ।
- महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा बालबालिकालाई आवश्यक सहयोग र प्राथमिकता दिनुहोस् ।
- यात्रा गर्दा फोहोर जथाभावी नफाल्नुहोस् र सार्वजनिक सवारीको स्वच्छता कायम राख्न सहयोग गर्नुहोस् ।
- सवारी साधनमा कुनै शंकास्पद वस्तु वा गतिविधि देखिएमा चालक/सहचालक वा सुरक्षा निकायलाई जानकारी दिनुहोस् ।
- सुरक्षित यात्रा नै सभ्य र जिम्मेवार यात्रुको पहिचान हो ।

प्रकाश शाही
अध्यक्ष
भिजिट कर्णाली यातायात प्रा.लि.
वीरेन्द्रनगर, सुर्खेत

वीरेन्द्रनगर नगरपालिका वडा नं. १०, सुर्खेतको अनुरोध

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नवीकरण सम्बन्धी सूचना

- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सबै लाभग्राहीहरुले आर्थिक वर्ष २०८३/८४ का लागि २०८३ साल श्रावण १ गतेदेखि असोज मसान्तभित्र वडा कार्यालयमा राष्ट्रिय परिचयपत्र र नेपाली नागरिकतासहित बायोमेट्रिक (Biometric Finger Print) मार्फत नवीकरण गर्नुपर्ने ।
- १६ वर्ष मुनिका बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने अशक्त र ९० वर्ष माथिका ज्येष्ठ नागरिकहरुको हकमा राष्ट्रिय परिचयपत्र अनिवार्य नहुने ।

डिलबहादुर रखाल
(वडा अध्यक्ष)

वीरेन्द्रनगर नगरपालिका
वडा नं. १० को कार्यालय परिवार
सुर्खेत

वीरेन्द्रनगर नगरपालिका वडा नं. ९, सुर्खेतको अनुरोध

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नवीकरण सम्बन्धी सूचना

- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सबै लाभग्राहीहरुले आर्थिक वर्ष २०८३/८४ का लागि २०८३ साल श्रावण १ गतेदेखि असोज मसान्तभित्र वडा कार्यालयमा राष्ट्रिय परिचयपत्र र नेपाली नागरिकतासहित बायोमेट्रिक (Biometric Finger Print) मार्फत नवीकरण गर्नुपर्ने ।
- १६ वर्ष मुनिका बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने अशक्त र ९० वर्ष माथिका ज्येष्ठ नागरिकहरुको हकमा राष्ट्रिय परिचयपत्र अनिवार्य नहुने ।

ऋषि गिरी
(वडा अध्यक्ष)

वीरेन्द्रनगर नगरपालिका
वडा नं. ९ को कार्यालय परिवार
सुर्खेत

प्रो. पूजा सिंह
ताजा तरकारी तथा फलफूलको भरपर्दो बजार
ताजा, गुणस्तरीय र उचित मूल्यमा

- मौसमी तथा हरियो तरकारी
- विभिन्न प्रकारका ताजा फलफूल
- आलु, प्याज तथा अन्य कृषि उपज
- थोक तथा खुद्रा बिक्रीको सुविधा

किसानबाट सिधै बजारसम्म – ताजा उपज, उचित मूल्य र भरपर्दो सेवा । आजै आउनुहोस्, ताजा तरकारी तथा फलफूलको सहज र भरपर्दो बजार रोज्नुहोस् ।

पूजा सब्जी मण्डी
वीरेन्द्रनगर-६, कृषि हाटबजार, सुर्खेत

वीरेन्द्रनगर नगरपालिका वडा नं. ११, सुर्खेतको अनुरोध

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नवीकरण सम्बन्धी सूचना

- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सबै लाभग्राहीहरुले आर्थिक वर्ष २०८३/८४ का लागि २०८३ साल श्रावण १ गतेदेखि असोज मसान्तभित्र वडा कार्यालयमा राष्ट्रिय परिचयपत्र र नेपाली नागरिकतासहित बायोमेट्रिक (Biometric Finger Print) मार्फत नवीकरण गर्नुपर्ने ।
- १६ वर्ष मुनिका बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने अशक्त र ९० वर्ष माथिका ज्येष्ठ नागरिकहरुको हकमा राष्ट्रिय परिचयपत्र अनिवार्य नहुने ।

चुडामणी चपाई
(वडा अध्यक्ष)

वीरेन्द्रनगर नगरपालिका
वडा नं. १२ को कार्यालय परिवार
सुर्खेत

वीरेन्द्रनगर नगरपालिका वडा नं. १३, सुर्खेतको अनुरोध

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नवीकरण सम्बन्धी सूचना

- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सबै लाभग्राहीहरुले आर्थिक वर्ष २०८३/८४ का लागि २०८३ साल श्रावण १ गतेदेखि असोज मसान्तभित्र वडा कार्यालयमा राष्ट्रिय परिचयपत्र र नेपाली नागरिकतासहित बायोमेट्रिक (Biometric Finger Print) मार्फत नवीकरण गर्नुपर्ने ।
- १६ वर्ष मुनिका बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने अशक्त र ९० वर्ष माथिका ज्येष्ठ नागरिकहरुको हकमा राष्ट्रिय परिचयपत्र अनिवार्य नहुने ।

दिपेन्द्रराज कोइराला
(वडा अध्यक्ष)

वीरेन्द्रनगर नगरपालिका
वडा नं. १३ को कार्यालय परिवार
सुर्खेत

यात्रुहरूका लागि उपयोगी जानकारी

- सवारी साधनमा यात्रा गर्दा टिकट अनिवार्य रूपमा लिनुहोस् ।
- तोकिएको भाडाभन्दा बढी भाडा नतिर्नुहोस् ।
- सवारी साधनमा क्षमताभन्दा बढी यात्रु नचढ्नुहोस् ।
- यात्रा गर्दा आफ्नो सामान तथा मूल्यवान वस्तुको सुरक्षा आफैं गर्नुहोस् ।
- चालकलाई तीव्र गतिमा सवारी चलाउन दबाब नदिनुहोस् ।
- सवारी साधनमा यात्रा गर्दा ढोकामा उभिएर वा झुन्डिएर यात्रा नगर्नुहोस् ।
- चालकले मोबाइल प्रयोग गरेको वा लापरबाहीपूर्वक सवारी चलाएको देखिएमा सम्बन्धित निकायमा जानकारी गराउनुहोस् ।
- ट्राफिक नियमको पालना गर्दै सुरक्षित यात्रालाई प्राथमिकता दिनुहोस् ।
- महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा बालबालिकालाई आवश्यक सहयोग र प्राथमिकता दिनुहोस् ।
- यात्रा गर्दा फोहोर जथाभावी नफाल्नुहोस् र सार्वजनिक सवारीको स्वच्छता कायम राख्न सहयोग गर्नुहोस् ।
- सवारी साधनमा कुनै शंकास्पद वस्तु वा गतिविधि देखिएमा चालक/सहचालक वा सुरक्षा निकायलाई जानकारी दिनुहोस् ।
- सुरक्षित यात्रा नै सभ्य र जिम्मेवार यात्रुको पहिचान हो ।

विष्णु बहादुर खड्का
अध्यक्ष
मध्यश्चिम यातायात प्रा.लि.
वीरेन्द्रनगर, सुर्खेत

वीरेन्द्रनगर नगरपालिका वडा नं. १४, सुर्खेतको अनुरोध

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नवीकरण सम्बन्धी सूचना

- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सबै लाभग्राहीहरुले आर्थिक वर्ष २०८३/८४ का लागि २०८३ साल श्रावण १ गतेदेखि असोज मसान्तभित्र वडा कार्यालयमा राष्ट्रिय परिचयपत्र र नेपाली नागरिकतासहित बायोमेट्रिक (Biometric Finger Print) मार्फत नवीकरण गर्नुपर्ने ।
- १६ वर्ष मुनिका बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने अशक्त र ९० वर्ष माथिका ज्येष्ठ नागरिकहरुको हकमा राष्ट्रिय परिचयपत्र अनिवार्य नहुने ।

देवबहादुर रोकाय
(वडा अध्यक्ष)

वीरेन्द्रनगर नगरपालिका
वडा नं. १४ को कार्यालय परिवार
सुर्खेत

वीरेन्द्रनगर नगरपालिका वडा नं. १५, सुर्खेतको अनुरोध

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नवीकरण सम्बन्धी सूचना

- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सबै लाभग्राहीहरुले आर्थिक वर्ष २०८३/८४ का लागि २०८३ साल श्रावण १ गतेदेखि असोज मसान्तभित्र वडा कार्यालयमा राष्ट्रिय परिचयपत्र र नेपाली नागरिकतासहित बायोमेट्रिक (Biometric Finger Print) मार्फत नवीकरण गर्नुपर्ने ।
- १६ वर्ष मुनिका बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने अशक्त र ९० वर्ष माथिका ज्येष्ठ नागरिकहरुको हकमा राष्ट्रिय परिचयपत्र अनिवार्य नहुने ।

कृष्णबहादुर थापा
(वडा अध्यक्ष)

वीरेन्द्रनगर नगरपालिका
वडा नं. १५ को कार्यालय परिवार
सुर्खेत

प्रो. प्रकाश कुमार तिमिल्सेना
ताजा तरकारी तथा फलफूलको भरपर्दो बजार
ताजा, गुणस्तरीय र उचित मूल्यमा

- मौसमी तथा हरियो तरकारी
- विभिन्न प्रकारका ताजा फलफूल
- आलु, प्याज तथा अन्य कृषि उपज
- थोक तथा खुद्रा बिक्रीको सुविधा

किसानबाट सिधै बजारसम्म – ताजा उपज, उचित मूल्य र भरपर्दो सेवा । आजै आउनुहोस्, ताजा तरकारी तथा फलफूलको सहज र भरपर्दो बजार रोज्नुहोस् ।

प्रकाश फलफुल तथा तरकारी मण्डी
वीरेन्द्रनगर-६, कृषि हाटबजार, सुर्खेत

वीरेन्द्रनगर नगरपालिका वडा नं. १६, सुर्खेतको अनुरोध

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नवीकरण सम्बन्धी सूचना

- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सबै लाभग्राहीहरुले आर्थिक वर्ष २०८३/८४ का लागि २०८३ साल श्रावण १ गतेदेखि असोज मसान्तभित्र वडा कार्यालयमा राष्ट्रिय परिचयपत्र र नेपाली नागरिकतासहित बायोमेट्रिक (Biometric Finger Print) मार्फत नवीकरण गर्नुपर्ने ।
- १६ वर्ष मुनिका बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने अशक्त र ९० वर्ष माथिका ज्येष्ठ नागरिकहरुको हकमा राष्ट्रिय परिचयपत्र अनिवार्य नहुने ।

डण्डबहादुर विश्वकर्मा
(वडा अध्यक्ष)

वीरेन्द्रनगर नगरपालिका
वडा नं. १६ को कार्यालय परिवार
सुर्खेत

सहकारी संस्थाहरूका लागि महत्वपूर्ण सूचना

- सहकारीका सिद्धान्त, प्रचलित कानुन तथा नियामक निकायका निर्देशन पालना गर्नुहोस् ।
- सदस्यको बचत सुरक्षा र हित संरक्षणलाई पहिलो प्राथमिकता दिनुहोस् ।
- संस्थाको कारोबारमा पारदर्शिता, वित्तीय अनुशासन र सुशासन कायम गर्नुहोस् ।
- नियमित लेखापरीक्षण, साधारणसभा तथा आवश्यक प्रतिवेदन समयमै सम्पन्न गर्नुहोस् ।
- ऋण लगानी तथा असुलीलाई व्यवस्थित, सुरक्षित र जिम्मेवार बनाउनुहोस् ।
- सञ्चालक, कर्मचारी र सदस्यबीच विश्वास, समन्वय र सहकार्य कायम गर्नुहोस् ।
- सहकारीमा देखिएका समस्या तथा अनियमितता समयमै पहिचान गरी आवश्यक सुधारका कदम चाल्नुहोस् ।
- सहकारी क्षेत्रको सुदृढीकरणका लागि जिल्ला सहकारी संघ सुर्खेतसँग निरन्तर समन्वय र सहकार्य गर्नुहोस् ।

"पारदर्शी सहकारी, सुरक्षित बचत र समृद्ध सदस्य–हाम्रो साझा प्रतिबद्धता ।"

प्रकाश कुमार तिमिल्सेना
अध्यक्ष
जिल्ला सहकारी संघ
वीरेन्द्रनगर, सुर्खेत

समयमै बचत गरौं, आवश्यकताअनुसार कर्जा लिऔं

- नियमित तथा आवधिक बचतको सुविधा
- सरल प्रक्रियाबाट कर्जा उपलब्ध
- कर्जाका लागि आवश्यक कागजात र सर्तबारे जानकारी
- समयमै किस्ता तथा ब्याज भुक्तानी गरौं
- बचत, कर्जा र सहकारी सेवासम्बन्धी सूचना समयमै प्राप्त गरौं
- सदस्यको आर्थिक समृद्धिका लागि सुरक्षित बचत, जिम्मेवार कर्जा र पारदर्शी सेवा ।



आजै सम्पर्क गर्नुहोस् र सहकारीका सेवा तथा सुविधाबारे जानकारी लिनुहोस् ।

टोपबहादुर टंलामी मगर
अध्यक्ष
सिद्धार्थ बहुउदेश्यीय सहकारी संस्था लि.
वीरेन्द्रनगर-६, सुर्खेत

समयमै बचत गरौं, आवश्यकताअनुसार कर्जा लिऔं

- नियमित तथा आवधिक बचतको सुविधा
- सरल प्रक्रियाबाट कर्जा उपलब्ध
- कर्जाका लागि आवश्यक कागजात र सर्तबारे जानकारी
- समयमै किस्ता तथा ब्याज भुक्तानी गरौं
- बचत, कर्जा र सहकारी सेवासम्बन्धी सूचना समयमै प्राप्त गरौं
- सदस्यको आर्थिक समृद्धिका लागि सुरक्षित बचत, जिम्मेवार कर्जा र पारदर्शी सेवा ।



आजै सम्पर्क गर्नुहोस् र सहकारीका सेवा तथा सुविधाबारे जानकारी लिनुहोस् ।

बमबहादुर बि.सी.
अध्यक्ष
वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लि.
वीरेन्द्रनगर-६, सुर्खेत

यात्रुहरूका लागि उपयोगी जानकारी

- सवारी साधनमा यात्रा गर्दा टिकट अनिवार्य रूपमा लिनुहोस् ।
- तोकिएको भाडाभन्दा बढी भाडा नतिर्नुहोस् ।
- सवारी साधनमा क्षमताभन्दा बढी यात्रु नचढ्नुहोस् ।
- यात्रा गर्दा आफ्नो सामान तथा मूल्यवान वस्तुको सुरक्षा आफैं गर्नुहोस् ।
- चालकलाई तीव्र गतिमा सवारी चलाउन दबाब नदिनुहोस् ।
- सवारी साधनमा यात्रा गर्दा ढोकामा उभिएर वा झुन्डिएर यात्रा नगर्नुहोस् ।
- चालकले मोबाइल प्रयोग गरेको वा लापरबाहीपूर्वक सवारी चलाएको देखिएमा सम्बन्धित निकायमा जानकारी गराउनुहोस् ।
- ट्राफिक नियमको पालना गर्दै सुरक्षित यात्रालाई प्राथमिकता दिनुहोस् ।
- महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा बालबालिकालाई आवश्यक सहयोग र प्राथमिकता दिनुहोस् ।
- यात्रा गर्दा फोहोर जथाभावी नफाल्नुहोस् र सार्वजनिक सवारीको स्वच्छता कायम राख्न सहयोग गर्नुहोस् ।
- सवारी साधनमा कुनै शंकास्पद वस्तु वा गतिविधि देखिएमा चालक/सहचालक वा सुरक्षा निकायलाई जानकारी दिनुहोस् ।
- सुरक्षित यात्रा नै सभ्य र जिम्मेवार यात्रुको पहिचान हो ।

फिरोज खड्का — *कार्यालय प्रमुख*
रमेश खड्का — *सचिव*
कमल खड्का (जुनी) — *अध्यक्ष*
देउती नागरिक यातायात प्रा.लि.
वीरेन्द्रनगर, सुर्खेत

यात्रुहरूका लागि उपयोगी जानकारी

- सवारी साधनमा यात्रा गर्दा टिकट अनिवार्य रूपमा लिनुहोस् ।
- तोकिएको भाडाभन्दा बढी भाडा नतिर्नुहोस् ।
- सवारी साधनमा क्षमताभन्दा बढी यात्रु नचढ्नुहोस् ।
- यात्रा गर्दा आफ्नो सामान तथा मूल्यवान वस्तुको सुरक्षा आफैं गर्नुहोस् ।
- चालकलाई तीव्र गतिमा सवारी चलाउन दबाब नदिनुहोस् ।
- सवारी साधनमा यात्रा गर्दा ढोकामा उभिएर वा झुन्डिएर यात्रा नगर्नुहोस् ।
- चालकले मोबाइल प्रयोग गरेको वा लापरबाहीपूर्वक सवारी चलाएको देखिएमा सम्बन्धित निकायमा जानकारी गराउनुहोस् ।
- ट्राफिक नियमको पालना गर्दै सुरक्षित यात्रालाई प्राथमिकता दिनुहोस् ।
- महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा बालबालिकालाई आवश्यक सहयोग र प्राथमिकता दिनुहोस् ।
- यात्रा गर्दा फोहोर जथाभावी नफाल्नुहोस् र सार्वजनिक सवारीको स्वच्छता कायम राख्न सहयोग गर्नुहोस् ।
- सवारी साधनमा कुनै शंकास्पद वस्तु वा गतिविधि देखिएमा चालक/सहचालक वा सुरक्षा निकायलाई जानकारी दिनुहोस् ।
- सुरक्षित यात्रा नै सभ्य र जिम्मेवार यात्रुको पहिचान हो ।

गोविन्दप्रसाद शर्मा
कार्यालय प्रमुख
सुर्खेत काँक्रेविहार यातायात प्रा.लि.
वीरेन्द्रनगर, सुर्खेत

फेरिँदैछ गिडी दहको परिचय



✍ दीपकजंग शाही



चार वर्षअघिसम्म जुम्लाको तातोपानी गाउँपालिका-४ को 'गिडी दह' धेरैका लागि अपरिचित थियो। घना जंगल, पाटन र पहाडले घेरिएको करिब ३ हजार ४८५ मिटर उचाइमा रहेको दह स्थानीयका लागि भने नौलो थिएन। शिकार खेल्ने, घोडा तथा भेडा चराउनेहरु त्यहाँ पुग्थे । तर पर्यटनको दृष्टिले राज्य वा अन्य निकायको औपचारिक उपस्थिति त्यहाँ थिएन।

२०७९ साल असोजमा त्यो अवस्था पहिलोपटक बदलियो । तातोपानी गाउँपालिकाको पहलमा असोज ४ देखि ६ गतेसम्म गिडी दहमै पहिलोपटक सम्मेलन आयोजना भयो। स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी, प्रदेश र संघ सरकारका प्रतिनिधि, विकास साझेदार संस्था तथा पत्रकारसहितको टोली गिडी दह पुगेको थियो। त्यसअघि सरकारी टोलीसमेत त्यहाँ पुगेको इतिहास थिएन । दहको क्षेत्रफल र गहिराइसमेत नापिएको थिएन। सडक र व्यवस्थित पदमार्ग थिएनन्। पर्यटकका लागि बस्ने तथा खाने पूर्वाधार पनि थिएन । तातोपानी-४ का वडाध्यक्ष अमर रोकायाका अनुसार त्यही अवस्थालाई बदल्ने उद्देश्यले स्थानीय सरकारले गिडी दहलाई पर्यटनको प्राथमिकतामा राख्ने निर्णय गऱ्यो। "पहिलोपटक गिडी दहमा सम्मेलन गरेर यसको सम्भावना बाहिर ल्याउने काम गऱ्यौं," तातोपानी गाउँपालिकाका प्रवक्ता समेत रहेका रोकाया भन्छन्, "त्यसपछि पूर्वाधार निर्माण, प्रचारप्रसार र अध्ययनलाई सँगसँगै अगाडि बढायौं ।" पहिलो गिडी दह सम्मेलनबाट गिडीदहमा पूर्वाधार निर्माण, प्रचारप्रसार, बजेट व्यवस्थापन र संरक्षणलगायत विषय समेटिएको १४ बुँदे घोषणापत्र जारी गरिएको थियो।

सम्मेलनपछि गिडीदहलाई गाउँपालिका र वडाको मात्र विषय बनाएर सीमित नराखी संघ तथा प्रदेश सरकारसँग समेत पूर्वाधार निर्माणका लागि बजेट माग गर्न थालिएको वडाध्यक्ष रोकाया बताउँछन्। त्यसपछि पदमार्ग र सडक निर्माणको प्रक्रिया अघि बढेको उनले बताए। रोकायाका अनुसार २०८० सालबाट पदमार्ग निर्माण सुरु भएको हो । अहिले गिडीदह पुग्ने दुईवटा पदमार्ग निर्माण गरिएको छ। वडाध्यक्ष रोकायाका अनुसार वडा नम्बर ४ को कार्यालय हाँकुदेखि फुलचौंले पाटनसम्म १६ किलोमिटर पदमार्ग बनेको छ। यस्तै २९ किलोमिटर अर्को पदमार्ग निर्माण गरिएको छ। गिडी दह जाने बाटोमा एउटा झोलुङ्गे पुल पनि बनाईएको छ।

संघीय सरकारको अनुदानबाट पदमार्ग निर्माण गरिएको उनले जानकारी दिए। सँगसँगै बाटोमा सूचना तथा प्रचारप्रसारका लागि होडिङ बोर्डसमेत राखिएका छन्।

गिडी दह जलवायु सम्मेलन

२०७९ को सम्मेलनपछि गिडी दहमा अर्को ठूलो कार्यक्रमका रुपमा २०८३ जेठ २९ देखि ३१ गतेसम्म जलवायु सम्मेलन गरिएको थियो। पहिलो सम्मेलनले गिडीदहलाई पर्यटनको बहसमा ल्याएको थियो भने दोस्रो सम्मेलनले यसलाई पर्यापर्यटन र जलवायु परिवर्तनको बहससँग जोडेको छ । प्रवक्ता रोकायाका अनुसार जलवायु सम्मेलनमा करिब ६ सय जनाको सहभागिता थियो । सहभागीहरुलाई गिडीदहमै खाने र बस्ने व्यवस्था गरिएको थियो। सम्मेलनका लागि गाउँपालिकाले चार लाख रुपैयाँ र अन्य वडा तथा गैरसरकारी संस्थाबाट समेत स्रोत व्यवस्थापन गरिएको उनले बताए।

सम्मेलनले गिडीदहलाई दीगो पर्यटकीय पूर्वाधारका रुपमा विकास गर्ने प्रतिबद्धतासहित घोषणापत्र जारी गरेको थियो। उच्च हिमाली क्षेत्रमा रहेको ताल, त्यसको जलाधार, जैविक विविधता र जलवायु परिवर्तनका प्रभावलाई समेत जोडेर हेर्नुपर्ने निश्कर्ष 'गिडी दह जलवायु सम्मेलन' बाट निकालिएको थियो। जलवायु सम्मेलनपछि गिडी दहलाई पर्यटकी गन्तव्यका रुपमा मात्र नहेरी त्यसबाट बग्ने पानीलाई बहुउपयोग गर्ने योजना पनि अघि बढेको छ। तालबाट बग्ने खोलामा विद्युत् उत्पादनका लागि सम्भाव्यता अध्ययन भईरहेको रोकायाले बताए। एउटा कम्पनीले करिब दुई वर्षदेखि डीपीआरको काम गरिरहेको उनले बताए। कम्पनीको प्रारम्भिक अनुमानअनुसार त्यहाँबाट करिब ६० मेगावाट विद्युत् उत्पादन गर्न सकिने सम्भावना रहेको छ । गिडी दहलाई सहज पहुँचमा जोड्न सडक निर्माणको योजना पनि अघि बढेको गाउँपालिकाका अध्यक्ष नन्दप्रसाद चौलागाईंले बताए।

गिडी दहसम्म पुग्ने करिब १० किलोमिटर सडकको डीपीआर तयार भइसकेको उनले जानकारी दिए । वातावरणीय प्रभाव मूल्यांकनसमेत गरिएको उनले बताए। २०७९ मा गिडीदहको मुख्य समस्या नै पर्यटक नपुग्नु थियो। अहिले अवस्था केही बदलिएको छ। २०८० र २०८१ गरी दुई बर्षमा २१३ जना पर्यटक गिडी दह पुगेको तथ्याङ्क छ। २०८२ मा गाउँपालिकाले गिडीदह भ्रमण वर्ष घोषणा गर्दै पर्यटक संख्या बढाउने लक्ष्यसमेत राखेको थियो। अहिले पनि पनि गिडी दहमा स्वदेशी पर्यटक फाट्टफुट्ट पुगिरहेका छन् । बेलाबखत विदेशी पर्यटकसमेत पुग्ने गरेको तातोपानी गाउँपालिकाका प्रवक्ता रोकायाले बताए । "पर्यटक नआउने नै होइन, २०७९ सालअघि भन्दा त आउनुहुन्छ। तर पर्यटकको चाप भने बढ्न सकेको छैन।" उनले भने।

'गुमनाम' दहको पहिलोपटक वैज्ञानिक नापजाँच

गिडी दहको पर्यटन प्रवर्द्धन अभियानमा अर्को महत्वपूर्ण काम यसको वैज्ञानिक अध्ययन हो । चार वर्षअघि गिडीदहको लम्बाइ, चौडाइ र गहिराइसमेत यकिन थिएन। अहिले भने काठमाडौं विश्वविद्यालयका विज्ञमार्फत गिडी दहको बाथिमेट्रिक सर्भे गरिएको वडाध्यक्ष रोकाया बताउँछन्। उक्त अध्ययनअनुसार गिडीदहको लम्बाइ १ हजार ५१० मिटर, चौडाइ ३१० मिटर र अधिकतम गहिराइ ४२.८ मिटर रहेको छ। उक्त बाथिमेट्रिक अध्ययनका लागि राष्ट्रिय ताल संरक्षण समिति र गाउँपालिकाबाट बजेट व्यवस्थापन गरिएको थियो।

प्रवक्ता रोकायाका अनुसार बाथिमेट्रिक अध्ययनले गिडी दहलाई नेपालका गहिरा तालमध्ये एकका रुपमा चिनाउने आधारसमेत दिएको छ । अहिलेसम्म अध्ययन भएको तालहरुमध्ये गिडी तह छैटौं गहिरो तालका रुपमा छ। सबैभन्दा गहिरो ताल रारा (१६७ मिटर), शे-फोक्सुण्डो (१४५ मिटर), तिलिचो (८५ मिटर), गोक्यो (६२.४ मिटर), छो रोल्पा हिमताल (६० मिटर) गहिराई भएका छन्। त्यसपछिको गिडी तह (४२.८ मिटर) रहेको पछिल्लो बाथिमेट्रिक सर्भे रिपोर्टले देखाएको छ।

"कर्णालीमा बाथिमेट्रिक सर्भे रिपोर्ट तयार गरिएका यसअघि दुई वटा मात्र ताल मुगुको रारा र डोल्पाको से-फोक्सुण्डो मात्र थिए, अहिले गिडी दहको पनि नापजाँच गरेपछि यो तेस्रो भयो," उनले भने, "यसपछि कर्णालीका गहिरा तालमध्येमा यो पनि भएको देखियो।"

तालछेउमै धर्मशाला

तातोपानी गाउँपालिकाका प्रवक्ता रोकायाका अनुसार हाल गिडी दह जाने पर्यटकका लागि दुई वटा धर्मशाला निर्माण गरिएको छ । ती धर्मशालामा खाना र बस्नको व्यवस्था गरिएको छ। हाल तालको छेउमै करिब ४० जना बस्न मिल्ने धर्मशाला निर्माण गरिएको छ।

खानेपानी र शौचालयको व्यवस्था उक्त धर्मशालामा गरिएको छ । व्यवस्थित ब्याडमिन्टन कोर्टसमेत निर्माण भएको रोकायाले बताए। गिडीखोला हुँदै गिडीदह जाने बाटोमा पर्ने फुलचौंले पाटनमा पनि धर्मशाला निर्माण गरिएको उनले बताए । "धर्मशालामा व्यवस्थित शौचालय, खानेपानीको व्यवस्था छ, विभिन्न निकायसँग सहकार्य गरेपछि हामीलाई धर्मशाला निर्माणमा सहज भएको हो । यसले पर्यटकलाई यसअघि हुने असुविधाबाट मुक्ति दिएको छ," उनले भने, "अहिले गिडी दहको पर्यटन विकासका लागि हामी दोस्रो कार्यकालका जनप्रतिनिधि आइसकेपछि थुप्रै काम गरेका छौं, संघ र प्रदेश सरकार सँगसँगै विकास साझेदार निकायको पनि सहयोग लिईरहेका छौं।"

सामुदायिक...

कर्णालीका कक्षा १ देखि ८ सम्मका पाँच सय तीन सामुदायिक विद्यालयमध्ये तीन सय २२ मा मात्र विद्युत् सुविधा छ। तीन सय ८७ विद्यालयमा कम्प्युटर, दुई सय ६२ मा खानेपानी, दुई सय २६ मा पुस्तकालय र दुई सय ७८ मा इन्टरनेट सुविधा छ । माध्यमिक तहका विद्यालयमा पनि सिकाइका आवश्यक सामग्री सबै ठाउँमा पर्याप्त छैनन् । जस अनुसार कर्णालीका तीन सय ७१ सामुदायिक माध्यमिक विद्यालयमध्ये तीन सय ५३ मा शिक्षक निर्देशिका, दुई सय ६१ म बाल सिकाइ सामग्री, दुई सय १० मा पुस्तक कुनो र दुई सय ४७ विद्यालयमा सन्दर्भ सामग्री मात्रै छन् । यसको अर्थ सामुदायिक विद्यालयको समस्या शिक्षकको दरबन्दीमा मात्रै सीमित छैन । शिक्षकसँगै प्रविधि, पुस्तकालय, खानेपानी, इन्टरनेट र अन्य सिकाइ सामग्रीको उपलब्धता पनि विद्यालयअनुसार फरक छ । सरकारले निःशुल्क शिक्षाको घोषणा गरे पनि गुणस्तरीय शिक्षाका लागि आवश्यक सबै स्रोत विद्यालयसम्म समान रूपमा पुग्न नसकेको तथ्यांकले देखाउँछ।

कानुनमा निःशुल्क, व्यवहारमा अतिरिक्त खर्च

नेपालको संविधानले माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने अधिकार सुनिश्चित गरेको छ। शिक्षा ऐनले पनि सरकारले निःशुल्क घोषणा गरेको शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीबाट कुनै पनि प्रकारको शुल्क लिन नहुने व्यवस्था गरेको छ । तर अभिभावकले स्वेच्छाले दिएको सहयोग वा चन्दा भने लिन सकिने व्यवस्था छ। आवश्यक स्रोतको व्यवस्था गरी निःशुल्क शिक्षा उपलब्ध गराउने दायित्व सरकारकै हो। तर विद्यालयको वास्तविक अवस्था भने कानुनी व्यवस्थाभन्दा फरक छ। शिक्षकको दरबन्दी अपुग भएपछि विद्यालयले निजी स्रोतबाट शिक्षक राख्नुपर्छ । त्यसका लागि विद्यालयले आफ्नै आम्दानी, स्थानीय तहको सहयोग वा अभिभावकको स्वेच्छिक सहयोग खोज्ने गरेका छन्।

यस्तै बिषयगत शिक्षक अभावले सो विषय पढ्न विद्यार्थीले विद्यालयबाहिर ट्युसन शुल्क तिर्नुपर्ने बाधयता छ । कर्णालीको शैक्षिक परिणामले पनि यस समस्याको गम्भीरता देखाउँछ। पछिल्लो एसईईमा प्रदेशबाट ३१ हजार सात सय ७३ परीक्षार्थी सहभागी भएकामा १८ हजार ४२ जना अर्थात् ५६ दशमलव ७८ प्रतिशत मात्र उत्तीर्ण भएका थिए। राष्ट्रिय उत्तीर्ण दर ६२ प्रतिशत थियो । प्रदेशका सात सय ३० विद्यालयबाट विद्यार्थी सहभागी भएकोमा ४६ विद्यालयको नतिजा शून्य रहेको तथ्यांक सार्वजनिक भयो। शिक्षाविद् जीतबहादुर शाहका अनुसार सामुदायिक विद्यालयले विद्यार्थीबाट भर्ना, मासिक, परिचयपत्र वा पाठ्यपुस्तकका नाममा शुल्क लिन नहुने कानुनी व्यवस्था भए पनि व्यवहारमा विद्यालयहरु आर्थिक दबाबमा छन् । निजी विद्यालयसँग प्रतिस्पर्धा गर्नुपर्ने र सरकारी लगानी मुख्यतः तलब तथा कर्मचारी व्यवस्थापनमै केन्द्रित हुँदा विद्यालयले अन्य आवश्यकता पूरा गर्न वैकल्पिक स्रोत खोज्नुपर्ने अवस्था आएको उनले बताए। कर्णालीको सार्वजनिक शिक्षामा पूर्वाधारसँगै विद्यार्थीको अनुपातमा शिक्षकको व्यवस्थापन गर्न नसके गुणस्तरमा सुधार नहुने उनी बताउँछन्। 'अनिवार्य तथा निःशुल्क शिक्षाअन्तर्गत सामुदायिक विद्यालयले भर्ना शुल्क, मासिक शुल्क, परिचय शुल्क र पाठ्यपुस्तक शुल्क नलेउ भन्छ, तर व्यवहारमा त्यस्तो छैन' उनले भने, 'सामुदायिक विद्यालयभन्दा निजी लगानीका शैक्षिक संस्था बलियो भएको परिस्थितिसँग लड्न शुल्क लिनुपर्ने बाध्यता आएको हुनसक्छ।' उनका अनुसार कर्णालीमा समस्या शिक्षक अभावमा मात्र सीमित छैन। प्रदेशका आठ सय ६० विद्यालयमा ३० जनाभन्दा कम विद्यार्थी अध्ययनरत छन्, भने एक हजार एक सय ५२ विद्यालयमा ४५ जनाभन्दा कम विद्यार्थी छन् । यसरी हेर्दा कर्णालीका धेरै सामुदायिक विद्यालयमा विद्यार्थी संख्या निकै न्यून छ। विद्यार्थी संख्या कम भएका विद्यालयको संख्या ठूलो भए पनि अर्कोतर्फ विद्यार्थीको चाप रहेका विद्यालयमा भने पर्याप्त शिक्षकको अभाव छ। यी विविध कठिनाईकाबीच कर्णालीका सामुदायिक विद्यालय सञ्चालनमा भने अभिभावकले सक्दो सहयोग जारी राखेका छन्।

गाउँपालिकाको अनुरोध

मौसमजन्य विपद्बाट सुरक्षित बनौं

- मौसम परिवर्तनसँगै स्वास्थ्य तथा सुरक्षामा विशेष ध्यान दिऔं।
- नियमित रूपमा साबुनपानीले हात धोऔं र स्वच्छ पानी तथा पोषणयुक्त खाना सेवन गरौं।
- वर्षा, बाढी तथा पहिरोको समयमा जोखिमपूर्ण स्थानबाट टाढा रहौं।
- ज्वरो, रुघाखोकी वा अन्य स्वास्थ्य समस्या देखिएमा समयमै स्वास्थ्य जाँच गराऔं।

बाढी/पहिरोबाट सचेत होऔं

- जोखिमयुक्त स्थानमा बसोबास भए समयमै सुरक्षित स्थानमा सर्दै गर्नुहोस्।
- बालबालिका, वृद्धवृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूको सुरक्षामा विशेष ध्यान दिऔं।
- बाढी/पहिरो आएपछि अनावश्यक रूपमा बाहिर ननिस्कौं र सुरक्षित स्थानमा बसौं।
- बिजुलीका तार, खम्बा तथा खोलानालाबाट टाढा रहौं।
- हल्ला तथा अफवाहमा विश्वास नगरी आधिकारिक सूचनामात्र आदान-प्रदान गरौं।

बालबालिकालाई मोबाइलको लतबाट बचाऔं

- बालबालिकालाई लामो समयसम्म मोबाइल चलाउन नदिऔं।
- मोबाइलको सट्टा खेलकुद, पुस्तक पढ्ने तथा सिर्जनात्मक गतिविधिमा सहभागी गराऔं।
- खाना खाने, पढ्ने र सुत्ने समयमा मोबाइल प्रयोग नगर्ने बानी बसाऔं।
- अभिभावकले पनि मोबाइलको प्रयोगमा उदाहरणीय व्यवहार देखाउँदै बालबालिकासँग पर्याप्त समय बिताऔं।
- स्थानीय उत्पादन, कला, संस्कृति तथा सेवाको प्रयोग गरी स्थानीय अर्थतन्त्र र पर्यटन विकासमा योगदान गरौं।

पर्यटन प्रवर्द्धन गरौं

- नेपालको हिमाली क्षेत्र तथा प्राकृतिक सौन्दर्यको भ्रमण गरी आन्तरिक पर्यटन प्रवर्द्धन गरौं।
- हिमाल, हिमताल, हिमनदी तथा प्राकृतिक सम्पदाको संरक्षण र संवर्द्धन गरौं।
- पर्यटकीय क्षेत्रमा सरसफाइ कायम राखौं र फोहोर जथाभावी नफालौं।

श्रीसम्सेर राना मगर, प्रमुख प्रशासकीय अधिकृत | कलावती न्यौपाने, उपाध्यक्ष | सुन्दरकुमार के.सी., अध्यक्ष

डुङ्गेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डाँडापराजुल, दैलेख

गाउँपालिकाको अनुरोध

बाढी/पहिरोबाट सचेत होऔं

- जोखिमयुक्त स्थानमा बसोबास भए समयमै सुरक्षित स्थानमा सर्दै गर्नुहोस्।
- बालबालिका, वृद्धवृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूको सुरक्षामा विशेष ध्यान दिऔं।
- बाढी/पहिरो आएपछि अनावश्यक रूपमा बाहिर ननिस्कौं र सुरक्षित स्थानमा बसौं।
- बिजुलीका तार, खम्बा तथा खोलानालाबाट टाढा रहौं।
- हल्ला तथा अफवाहमा विश्वास नगरी आधिकारिक सूचनामात्र आदान-प्रदान गरौं।

मौसमजन्य विपद्बाट सुरक्षित बनौं

- मौसम परिवर्तनसँगै स्वास्थ्य तथा सुरक्षामा विशेष ध्यान दिऔं।
- नियमित रूपमा साबुनपानीले हात धोऔं र स्वच्छ पानी तथा पोषणयुक्त खाना सेवन गरौं।
- वर्षा, बाढी तथा पहिरोको समयमा जोखिमपूर्ण स्थानबाट टाढा रहौं।
- ज्वरो, रुघाखोकी वा अन्य स्वास्थ्य समस्या देखिएमा समयमै स्वास्थ्य जाँच गराऔं।

बालबालिकालाई मोबाइलको लतबाट बचाऔं

- बालबालिकालाई लामो समयसम्म मोबाइल चलाउन नदिऔं।
- मोबाइलको सट्टा खेलकुद, पुस्तक पढ्ने तथा सिर्जनात्मक गतिविधिमा सहभागी गराऔं।
- खाना खाने, पढ्ने र सुत्ने समयमा मोबाइल प्रयोग नगर्ने बानी बसाऔं।
- अभिभावकले पनि मोबाइलको प्रयोगमा उदाहरणीय व्यवहार देखाउँदै बालबालिकासँग पर्याप्त समय बिताऔं।
- स्थानीय उत्पादन, कला, संस्कृति तथा सेवाको प्रयोग गरी स्थानीय अर्थतन्त्र र पर्यटन विकासमा योगदान गरौं।

पर्यटन प्रवर्द्धन गरौं

- नेपालको हिमाली क्षेत्र तथा प्राकृतिक सौन्दर्यको भ्रमण गरी आन्तरिक पर्यटन प्रवर्द्धन गरौं।
- हिमाल, हिमताल, हिमनदी तथा प्राकृतिक सम्पदाको संरक्षण र संवर्द्धन गरौं।
- पर्यटकीय क्षेत्रमा सरसफाइ कायम राखौं र फोहोर जथाभावी नफालौं।

रेशम महतारा, प्रमुख प्रशासकीय अधिकृत | वीरेन्द्रबहादुर शाही, उपाध्यक्ष | बेदबहादुर शाही, अध्यक्ष

जुनीचाँदे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मजकोट, जाजरकोट

भेरी करिडोर...

ठूलो मद्दत पुग्ने बताए । कर्णालीलाई पर्यटक एकपटक आएर फर्किने होइन, पटक-पटक आउनुपर्ने क्षेत्रका रूपमा विकास गर्नुपर्ने उनको धारणा छ । 'भेरी करिडोर पूरा भयो भने डोल्पा नजिकिनेछ, फोक्सुण्डो पहुँचयोग्य हुनेछ, रारा-फोक्सुण्डोको दूरी घट्नेछ' उनले भने, 'जाजरकोट र रुकुमका गाउँ पर्यटकीय नक्सामा आउनेछन् र कर्णालीको पहाड तथा हिमालबीच नयाँ आर्थिक सम्बन्ध स्थापित हुनेछ ।'

तर त्यसका लागि सडक मात्र पुगेर हुँदैन । सडकसँगै पुल, पुलसँगै गन्तव्य, गन्तव्यसँगै सुविधा र सुविधासँगै स्थानीय समुदायको स्वामित्व जस्ता कुरा सँगै अघि बढे मात्रै भेरी करिडोर वास्तविक अर्थमा पर्यटनको 'लाइफलाइन' बन्नेछ । भेरी करिडोरको सबैभन्दा ठूलो सम्भावना चीनको सीमा पुग्नु मात्र नभई नेपालको एउटा लामो समयदेखि ओझेलमा परेको भूगोललाई विश्व पर्यटनको नक्सामा पुऱ्याउनु पनि हो ।

डोल्पा ठूलो पर्यटन 'ब्रान्ड'

भेरी करिडोरको पर्यटन सम्भावनाको केन्द्रमा डोल्पा आउँछ । विश्वमै दुर्लभ हिमाली भूगोल, तिब्बती बौद्ध संस्कृति, प्राचीन गुम्बा, हिमाल, जडीबुटी, वन्यजन्तु र तालहरूले डोल्पालाई विशिष्ट बनाएका छन् ।

त्यसमध्ये सबैभन्दा चर्चित नाम हो–शे-फोक्सुण्डो ताल । गहिरो नीलो पानी, वरिपरिका चट्टानी पहाड र हिमाली भू-दृश्यका कारण फोक्सुण्डो नेपालको मात्र होइन, अन्तर्राष्ट्रिय पर्यटन बजारमा समेत पहिचान बनाइसकेको गन्तव्य हो । डोल्पाको पर्यटन सम्भावनामा फोक्सुण्डोका साथै शे गुम्बा, त्रिपुरासुन्दरी, धो-तराप, जगदुल्ला क्षेत्र लगायतका गन्तव्य पनि जोडिन्छन् । फ्रेन्च फिल्म निर्माता एरिक भ्यालीको क्याराभान चलचित्रपछि डोल्पाको भूगोल अन्तर्राष्ट्रिय रूपमा थप चिनिएको छ । पछिल्लो समय विदेशी पर्यटकसँगै आन्तरिक पर्यटकको संख्या पनि बढिरहेको पर्यटन व्यवसायीहरु बताउँछन् । उनीहरुका अनुसार सडक पूर्वाधार, होटल र पदमार्ग व्यवस्थित गर्न सके डोल्पामा पर्यटकको संख्या उल्लेख्य रूपमा बढाउन सकिन्छ । पर्यटक बढेमा स्थानीय रोजगारी र स्थानीय उत्पादनको बजारसमेत विस्तार हुने व्यवसायीको भनाइ छ ।

फोक्सुण्डो हेर्न जाने पर्यटक बढिरहेकाले अँझै सडक, होटल र पदमार्ग व्यवस्थित गर्न सके ठूलो संख्यामा पर्यटक ल्याउन सकिने संभावना छ । यही कुरा भेरी करिडोरको मूल पर्यटन सम्भावनासँग जोडिन्छ । अहिले पर्यटकले 'डोल्पा पुग्न' नै ठूलो समय र खर्च छुट्याउनुपर्छ । भविष्यमा करिडोर स्तरोन्नति हुँदै गएपछि यात्रा आफैं पर्यटन उत्पादन बन्न सक्छ । डोल्पाकी प्रमुख जिल्ला अधिकारी जुनु हमालले पनि जिल्लाको प्राकृतिक, धार्मिक र सांस्कृतिक सम्भावना ठूलो भए पनि आधारभूत पूर्वाधारको विकास आवश्यक रहेको बताएकी छन् । यही कारण भेरी करिडोर निर्माणलाई पर्यटन पूर्वाधारको आधारका रूपमा लिनुपर्ने उनको भनाइ छ । सडकसँगै विद्युत्, सञ्चार, खानेपानी, होटल, स्वास्थ्य सेवा, उद्धार प्रणाली, पदमार्ग र सूचना केन्द्र विकास गर्न सके पर्यटनको लाभ स्थानीय समुदायसम्म पुऱ्याउन सकिने उनले बताइन् ।

रारा–फोक्सुण्डो जोड्ने सम्भावना

भेरी करिडोरको अर्को ठूलो सम्भावना रारा र फोक्सुण्डोलाई एउटै पर्यटन सर्किटमा जोड्नु हो । भेरी करिडोरबाट जुम्लासँग जोडिने विभिन्न सडक निर्माण भएपछि रारा, फोक्सुण्डो र कर्णालीका धार्मिक तथा ऐतिहासिक गन्तव्यबीचको दूरी र पहुँच सहज हुने अपेक्षा गरिएको छ । रारा-फोक्सुण्डो 'लेक टु लेक' पर्यटनलाई समेत नयाँ आधार दिनसक्ने संभावना छ । यसले कर्णालीको पर्यटनलाई एउटा महत्वपूर्ण नयाँ अवधारणा दिन सक्छ । तर पर्यटनको सम्भावना जति ठूलो छ, चुनौती पनि उत्तिकै गम्भीर छ । भेरी करिडोरका विभिन्न खोलामा स्थायी पुल नहुँदा वर्षायाममा सडक अवरुद्ध हुने गरेको छ । तर करिडोर आयोजना कार्यालय प्रमुख नरेश प्रसाद केशरीका अनुसार २०८३ सालमा जाजरकोट-डोल्पा सडकखण्डका विभिन्न स्थानमा १३ वटा पक्की पुल निर्माणका लागि ठेक्का प्रक्रिया अघि बढाइएको छ । सोही अनुसार पुल तथा सडकको काम तीव्र गतिमा भइरहेको उनले बताए ।

तर ताक्सुगाडमा बाढीले सडक र पुलमा क्षति पुऱ्याएपछि नौ दिनसम्म सडक अवरुद्ध भएको पछिल्लो घटनाले पनि करिडोरको जोखिम देखाएको छ । पर्यटकले गन्तव्य पुग्न सडकमा घण्टौं जाम, खोलामा पानीको जोखिम र अनिश्चित यात्रा भोग्नुपरेमा पर्यटन बजारमा गन्तव्यको राम्रो प्रचार मात्र पर्याप्त हुँदैन । त्यसैले सडक बनाउने मात्रै नभई पर्यटकमैत्री सडक बनाउने नीति आवश्यक छ । पर्यटक बढेपछि पहिलो लाभ स्थानीय होटल व्यवसायले पाउनेछ । त्यसपछि यातायात, गाइड, पोर्टर, होमस्टे, हस्तकला, कृषि उत्पादन, पशुपालन, स्थानीय खाना, सांस्कृतिक कार्यक्रम र साहसिक पर्यटन सेवामा अवसर सिर्जना हुने विज्ञहरु बताउँछन् । भेरी करिडोर आसपासका गाउँमा उत्पादन हुने स्याउ, ओखर, सिमी, आलु, फापर, जडीबुटी, स्थानीय मह, पशुजन्य उत्पादन र हस्तकलालाई पर्यटन बजारसँग जोड्न सकिन्छ । पर्यटकले होटलमा मात्र पैसा खर्च गर्ने नभई गाउँमै बस्ने, स्थानीय खाना खाने, स्थानीय गाइड लिने र स्थानीय उत्पादन किन्ने वातावरण बनाउन सके पर्यटनको पैसा समुदायमै घुम्नेछ । यही मोडललले करिडोरलाई 'स्थानीय अर्थतन्त्रको करिडोर' बनाउन सक्छ ।



गाउँपालिकाको अनुरोध

मौसमजन्य विपद्बाट सुरक्षित बनौं

- मौसम परिवर्तनसँगै स्वास्थ्य तथा सुरक्षामा विशेष ध्यान दिऔं ।
- नियमित रूपमा साबुनपानीले हात धोऔं र स्वच्छ पानी तथा पोषणयुक्त खाना सेवन गरौं ।
- वर्षा, बाढी तथा पहिरोको समयमा जोखिमपूर्ण स्थानबाट टाढा रहौं ।
- ज्वरो, रुघाखोकी वा अन्य स्वास्थ्य समस्या देखिएमा समयमै स्वास्थ्य जाँच गराऔं ।

बाढी/पहिरोबाट सचेत होऔं

- जोखिमयुक्त स्थानमा बसोबास भए समयमै सुरक्षित स्थानमा सर्दै गर्नुहोस् ।
- बालबालिका, वृद्धवृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूको सुरक्षामा विशेष ध्यान दिऔं ।
- बाढी/पहिरो आएपछि अनावश्यक रूपमा बाहिर ननिस्कौं र सुरक्षित स्थानमा बसौं ।
- बिजुलीका तार, खम्बा तथा खोलानालाबाट टाढा रहौं ।
- हल्ला तथा अफवाहमा विश्वास नगरी आधिकारिक सूचनामात्र आदान-प्रदान गरौं ।

बालबालिकालाई मोबाइलको लतबाट बचाऔं

- बालबालिकालाई लामो समयसम्म मोबाइल चलाउन नदिऔं ।
- मोबाइलको सट्टा खेलकुद, पुस्तक पढ्ने तथा सिर्जनात्मक गतिविधिमा सहभागी गराऔं ।
- खाना खाने, पढ्ने र सुत्ने समयमा मोबाइल प्रयोग नगर्ने बानी बसाऔं ।
- अभिभावकले पनि मोबाइलको प्रयोगमा उदाहरणीय व्यवहार देखाउँदै बालबालिकासँग पर्याप्त समय बिताऔं ।
- स्थानीय उत्पादन, कला, संस्कृति तथा सेवाको प्रयोग गरी स्थानीय अर्थतन्त्र र पर्यटन विकासमा योगदान गरौं ।

पर्यटन प्रवर्द्धन गरौं

- नेपालको हिमाली क्षेत्र तथा प्राकृतिक सौन्दर्यको भ्रमण गरी आन्तरिक पर्यटन प्रवर्द्धन गरौं ।
- हिमाल, हिमताल, हिमनदी तथा प्राकृतिक सम्पदाको संरक्षण र संवर्द्धन गरौं ।
- पर्यटकीय क्षेत्रमा सरसफाइ कायम राखौं र फोहोर जथाभावी नफालौं ।

भक्तबहादुर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

अमरिता लामा
उपाध्यक्ष

नारासिं रोकाय
अध्यक्ष

जगदुल्ला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
माझगाउँ, डोल्पा

गाउँपालिकाको अनुरोध

बालबालिकालाई मोबाइलको लतबाट बचाऔं

- बालबालिकालाई लामो समयसम्म मोबाइल चलाउन नदिऔं ।
- मोबाइलको सट्टा खेलकुद, पुस्तक पढ्ने तथा सिर्जनात्मक गतिविधिमा सहभागी गराऔं ।
- खाना खाने, पढ्ने र सुत्ने समयमा मोबाइल प्रयोग नगर्ने बानी बसाऔं ।
- अभिभावकले पनि मोबाइलको प्रयोगमा उदाहरणीय व्यवहार देखाउँदै बालबालिकासँग पर्याप्त समय बिताऔं ।
- स्थानीय उत्पादन, कला, संस्कृति तथा सेवाको प्रयोग गरी स्थानीय अर्थतन्त्र र पर्यटन विकासमा योगदान गरौं ।

पर्यटन प्रवर्द्धन गरौं

- नेपालको हिमाली क्षेत्र तथा प्राकृतिक सौन्दर्यको भ्रमण गरी आन्तरिक पर्यटन प्रवर्द्धन गरौं ।
- हिमाल, हिमताल, हिमनदी तथा प्राकृतिक सम्पदाको संरक्षण र संवर्द्धन गरौं ।
- पर्यटकीय क्षेत्रमा सरसफाइ कायम राखौं र फोहोर जथाभावी नफालौं ।

मौसमजन्य विपद्बाट सुरक्षित बनौं

- मौसम परिवर्तनसँगै स्वास्थ्य तथा सुरक्षामा विशेष ध्यान दिऔं ।
- नियमित रूपमा साबुनपानीले हात धोऔं र स्वच्छ पानी तथा पोषणयुक्त खाना सेवन गरौं ।
- वर्षा, बाढी तथा पहिरोको समयमा जोखिमपूर्ण स्थानबाट टाढा रहौं ।
- ज्वरो, रुघाखोकी वा अन्य स्वास्थ्य समस्या देखिएमा समयमै स्वास्थ्य जाँच गराऔं ।

बाढी/पहिरोबाट सचेत होऔं

- जोखिमयुक्त स्थानमा बसोबास भए समयमै सुरक्षित स्थानमा सर्दै गर्नुहोस् ।
- बालबालिका, वृद्धवृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूको सुरक्षामा विशेष ध्यान दिऔं ।
- बाढी/पहिरो आएपछि अनावश्यक रूपमा बाहिर ननिस्कौं र सुरक्षित स्थानमा बसौं ।
- बिजुलीका तार, खम्बा तथा खोलानालाबाट टाढा रहौं ।
- हल्ला तथा अफवाहमा विश्वास नगरी आधिकारिक सूचनामात्र आदान-प्रदान गरौं ।

श्यामकृष्ण आचार्य
प्रमुख प्रशासकीय अधिकृत

दुदा रोकाया
उपाध्यक्ष

दत्तबहादुर शाही
अध्यक्ष

मुड्केचुला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नर्कु, डोल्पा

गाउँपालिकाको अनुरोध

बालबालिकालाई मोबाइलको लतबाट बचाऔं

- बालबालिकालाई लामो समयसम्म मोबाइल चलाउन नदिऔं ।
- मोबाइलको सट्टा खेलकुद, पुस्तक पढ्ने तथा सिर्जनात्मक गतिविधिमा सहभागी गराऔं ।
- खाना खाने, पढ्ने र सुत्ने समयमा मोबाइल प्रयोग नगर्ने बानी बसाऔं ।
- अभिभावकले पनि मोबाइलको प्रयोगमा उदाहरणीय व्यवहार देखाउँदै बालबालिकासँग पर्याप्त समय बिताऔं ।
- स्थानीय उत्पादन, कला, संस्कृति तथा सेवाको प्रयोग गरी स्थानीय अर्थतन्त्र र पर्यटन विकासमा योगदान गरौं ।

पर्यटन प्रवर्द्धन गरौं

गाउँ कार्यपालिकाको कार्यालय
साल्दाङ, डोल्पा

जहाँ प्रकृति...

दैलेखको पञ्चकोशी क्षेत्रको दुल्लुमा रहेको छ । अहिलेसम्मको अध्ययनअनुसार सबैभन्दा पुरानो मानिएको दामुपाल, अढईपालद्वारा शाक्य नौ सय तिन तदानुसार विक्रम संवत् एक हजार अठ्तिस को शिलालेख यसै क्षेत्रमा रहेको छ । १४१४ सालमा पृथ्वी मल्लले बनाएको सात हात लामो किर्तिस्तम्भ पनि यही क्षेत्रमा छ । पादुकामा रहेको अशोक चल्लको स्तम्भ, शिरस्थानमा रहेको अभिलेख तथा बाटोभरि गाडिएका बीरखम्बाका अभिलेखले नेपाली भाषा र पश्चिम नेपालको इतिहास बुझ्न महत्वपूर्ण आधार दिन्छन् ।

नेपालकै अग्लो पचाल झरना

कालीकोटको पचाल झरना गाउँपालिकाको खार्दुमा रहेको 'पचाल झरना' उत्कृष्ट नयाँ पर्यटकीय गन्तव्यअन्तर्गत पर्छ । ३८१ मिटर उचाइबाट खस्ने यो एसियाकै दोस्रो र नेपालकै सबैभन्दा अग्लो झरनाका रुपमा परिचित छ । जिल्ला सदरमुकाम मान्मादेखि १८ कोस उत्तर पूर्वमा रहेको पचालझरना घना जंगलको बीचमा छ । चर्चित धार्मिक स्थल पुग्न मालिकाबाट बग्ने पानीको मुल एकै ठाउँमा मिसिएपछि यो झरना बनेको हो । कालीकोट पुग्ने पर्यटकले खाँडाचक्र पञ्चदेवल तथा पिलीमा रहेको युद्ध स्मारक पनि अवलोकन गर्न सक्छन् ।

सिंजा सभ्यता

सिंजा उपत्यका नेपालकै ऐतिहासिक र महत्वपूर्ण पर्यटकीय स्थल हो । सिंजा सभ्यता नेपाली भाषाको उद्गमस्थल र सिंजा राज्यका रुपमा परिचित छ । बाइसे-चौबिसे राज्यको समयमा सिंजा एक बलियो राज्यका रुपमा रहेको थियो । जिल्ला सदरमुकाम खलंगादेखि करिब दुई घण्टाको यात्रापछि सिंजा क्षेत्र पुग्न सकिन्छ । इतिहास, भाषा र सभ्यताको अध्ययन गर्न चाहनेका लागि सिंजा महत्वपूर्ण गन्तव्य हो ।

स्वर्गकी अप्सरा 'रारा'

रारा कर्णाली प्रदेशको प्रमुख पर्यटकीय गन्तव्य हो । प्रदेश राजधानी सुर्खेतबाट करिब डेढ दिनको यात्रामा रारा पुग्न सकिन्छ । रारा यात्राका लागि साना चारपांग्रे सवारीसाधन र मोटरसाइकल सहज मानिन्छन । सुर्खेत, दैलेख, कालीकोट र जुम्ला हुँदै मुगुमा रहेको रारा ताल पुग्न सकिन्छ । प्राकृतिक सुन्दरताले सजिएको रारा नेपालकै सबैभन्दा ठूलो ताल हो । यो १०.८ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ । रारा राष्ट्रिय निकुञ्जभित्र रहेको राराको गहिराई १६७ मिटर छ भने समुद्री सतहबाट १० हजार फिट उचाइमा पर्दछ । सफा पानीमा स्नो ट्राउट माछा, हाँस र जलेवाजस्ता चरा डुबुल्की मारेको दृश्यले राराको वातावरण अनुपम देखिन्छ । ताल वरिपरिका विभिन्न फूलको मगमग बासना र प्राकृतिक सौन्दर्यले पर्यटकलाई मोहित तुल्याउँछ । दिनभर तालको किनार-किनार घुमेर साँझपख भुलभुले वा सिंजा क्षेत्रमा बास बस्ने गरी राराबाट फर्कन सकिन्छ ।

शे-फोक्सुन्डोको निलो आकर्षण

डोल्पा १२औं महिना घुम्नका लागि उपयुक्त जिल्ला हो । शे-फोक्सुन्डो राष्ट्रिय निकुञ्जमा पर्ने शे-फोक्सुन्डो तालसम्म पुग्न सुरुमा दुनै पुग्नुपर्छ । नेपालगञ्जबाट सोझै जहाजमार्फत पनि दुनै पुग्न सकिन्छ । हालसम्मको रेकर्डअनुसार समुद्री सतहबाट ११ हजार ८ सय फिट उचाईमा रहेको शे-फोक्सुन्डो नेपालको दोस्रो गहिरो ताल हो । यसको गहिराइ १४५ मिटर छ । डोल्पामै प्रसिद्ध त्रिपुरासुन्दरी मन्दिर छ । शे-फोक्सुन्डो राष्ट्रिय निकुञ्जमा हिउँ चितुवा देख्न सकिन्छ । शे-फोक्सुन्डोबाट रारा पदयात्राका लागि पनि राम्रो सम्भावना छ । तल्लो र माथिल्लो डोल्पा पदयात्राका लागि उपयुक्त मानिन्छन् । माथिल्लो डोल्पाको नगलापास क्षेत्र अति रमणीय छ । विश्वको सबैभन्दा अग्लो स्थानमा रहेको मानव बस्ती धो उपत्यका पनि डोल्पामै पर्दछ ।

लिमी उपत्यकाको प्राचीन संसार

हुम्ला भर्खरै राष्ट्रिय सडक सञ्जालसँग जोडिएको जिल्ला हो । कर्णाली करिडोरले हुम्लाका केही गाउँ हुँदै सदरमुकाम जोडेको छ । नेपालगञ्ज र सुर्खेतबाट हवाई मार्ग हुँदै पनि जिल्ला सदरमुकाम सिमिकोट पुग्न सकिन्छ । त्यहाँबाट करिब एक हप्ताको पैदल यात्रापछि लिमी उपत्यका पुग्न सकिन्छ । छिटो यात्राका लागि हेलिकप्टरको सुविधा पनि उपलब्ध हुन्छ । ११औं शताब्दीको हल्जी गुम्बा र गाउँमा रहेका सानाठुला गुम्बा यहाँका मुख्य आकर्षण हुन । खस सम्राज्यको आधार खण्ड र तिब्बती संस्कृति पनि यहाँका विशेषता हुन् । लिमी उपत्यका प्राचीनकालका बहुमुल्य मुर्ति र गुम्बाले भरिएको क्षेत्र हो । महँगा मुर्ति, पौराणिक वास्तुकला, पुराना गरगहना तथा गुम्बामा कुँदिएका पौराणिक कलाकृति यहाँका थप आकर्षण हुन । मुगु र हुम्लाको सीमामा चंखेली हिमाल छ । उक्त हिमालको चित्र एक रुपैयाँको नोटमा पनि राखिएको थियो । हिन्दु तथा बौद्ध धर्मावलम्बीको तीर्थस्थल मानसरोवर पुग्न हुम्लाकै बाटो प्रयोग हुन्छ ।

कुपिन्डे दह

सल्यानको पश्चिम क्षेत्रमा रहेको कुपिन्डे दह सल्यानमा छ । सुर्खेतदेखि करिब तीन घण्टाको सडक यात्रापछि दहमा पुग्न सकिन्छ । छोटो दुरी, प्राकृतिक सुन्दरता र कम खर्चिलो भएकाले कुपिन्डे दह धेरैको रोजाइ बन्ने गरेको छ । सल्यानको जिल्ला सदरमुकाम खलंगादेखि करिब २४ किलोमिटर पश्चिममा रहेको यो दह पहाडले घेरिएको छ । २३.५३ हेक्टर क्षेत्रफलमा फैलिएको दहको लम्बाई ८३४, चौडाइ ५०३ र गहिराइ ३४ मिटर छ । समुद्री सतहबाट १ हजार १२० मिटर उचाइमा रहेको दहमा ५४ लाख ८२ हजार ५७४ घनमिटर पानी छ ।

इतिहास बोकेको खलंगा दरबार

जाजरकोटको खलंगा दरबार क्षेत्र अर्को पर्यटकीय स्थल हो । २५० वर्ष पहिले बनेको जाजरकोट दरबार कला, संस्कृति तथा इतिहासका दृष्टिले महत्वपूर्ण मानिन्छ । विक्रम संवत १४०० मा रजौटा राज्यको अस्तित्वमा आएको दरबार तत्कालीन राजा गजेन्द्रनारायण शाहले निर्माण गरेका थिए । जिल्ला सदरमुकाम खलंगाको आडैमा जाजरकोट दरबार क्षेत्र अवस्थित छ । १७ कार्तिक २०८० मा गएको विनाशकारी भूकम्पले क्षति पुगेको दरबार अहिले पुनर्निर्माणको पर्खाइमा छ ।

स्यार्पु ताल

रुकुम पश्चिम जिल्लाको बाँफिकोट गाउँपालिका वडा नम्बर ३ र ५ मा पर्ने स्यार्पु ताल पनि घुम्नलायक गन्तव्य हो । समुद्री सतहबाट झण्डै १ हजार ३७२ देखि १ हजार ४४२ मिटरसम्मको उचाइमा अवस्थित यो तालको क्षेत्रफल झण्डै २.६ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ । सिमैछरी लेकबाट दादुरे हुँदै आउने कञ्चन पानी र खारखोला यस तालका मुख्य स्रोत हुन् । यसको निकास भेरी नदीमा पुगेर मिसिन्छ । पर्यटकीय दृष्टिकोणले यहाँ नौकाविहार लोकप्रिय छ । साथै उच्च हिमाली तथा पहाडी क्षेत्रको व्यावसायिक माछापालनका लागि पनि यो ताल चर्चित छ । ताल र वरपरको मनोरम दृश्य अवलोकनका लागि नेपाली सेनाको सहयोगमा अवलोकन टावरसमेत निर्माण गरिएको छ ।

समयमै बचत गरौं, आवश्यकताअनुसार कर्जा लिऔं

- नियमित तथा आवधिक बचतको सुविधा
- सरल प्रक्रियाबाट कर्जा उपलब्ध
- कर्जाका लागि आवश्यक कागजात र सर्तबारे जानकारी
- समयमै किस्ता तथा ब्याज भुक्तानी गरौं
- बचत, कर्जा र सहकारी सेवासम्बन्धी सूचना समयमै प्राप्त गरौं
- सदस्यको आर्थिक समृद्धिका लागि सुरक्षित बचत, जिम्मेवार कर्जा र पारदर्शी सेवा ।

आजै सम्पर्क गर्नुहोस् र सहकारीका सेवा तथा सुविधाबारे जानकारी लिनुहोस् ।

सिंहबहादुर गुरूङ
अध्यक्ष
बौद्ध ग्रामिण बहुउदेश्यीय सहकारी संस्था लि.
वीरेन्द्रनगर-९, सुर्खेत

वीरेन्द्रनगर नगरपालिका वडा नं. ३, सुर्खेतको अनुरोध

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नवीकरण सम्बन्धी सूचना

- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सबै लाभग्राहीहरुले आर्थिक वर्ष २०८३/८४ का लागि २०८३ साल श्रावण १ गतेदेखि असोज मसान्तभित्र वडा कार्यालयमा राष्ट्रिय परिचयपत्र र नेपाली नागरिकतासहित बायोमेट्रिक (Biometric Finger Print) मार्फत नवीकरण गर्नुपर्ने।
- १६ वर्ष मुनिका बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने अशक्त र ९० वर्ष माथिका ज्येष्ठ नागरिकहरुको हकमा राष्ट्रिय परिचयपत्र अनिवार्य नहुने ।

विनोद सिंह विष्ट (वडा अध्यक्ष)
वीरेन्द्रनगर नगरपालिका
वडा नं. ३ को कार्यालय परिवार, सुर्खेत

वीरेन्द्रनगर नगरपालिका वडा नं. ६, सुर्खेतको अनुरोध

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नवीकरण सम्बन्धी सूचना

- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सबै लाभग्राहीहरुले आर्थिक वर्ष २०८३/८४ का लागि २०८३ साल श्रावण १ गतेदेखि असोज मसान्तभित्र वडा कार्यालयमा राष्ट्रिय परिचयपत्र र नेपाली नागरिकतासहित बायोमेट्रिक (Biometric Finger Print) मार्फत नवीकरण गर्नुपर्ने।
- १६ वर्ष मुनिका बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने अशक्त र ९० वर्ष माथिका ज्येष्ठ नागरिकहरुको हकमा राष्ट्रिय परिचयपत्र अनिवार्य नहुने ।

जनकबहादुर रावल (वडा अध्यक्ष)
वीरेन्द्रनगर नगरपालिका
वडा नं. ६ को कार्यालय परिवार, सुर्खेत

गाउँपालिकाको अनुरोध

बालबालिकालाई मोबाइलको लतबाट बचाऔं

- बालबालिकालाई लामो समयसम्म मोबाइल चलाउन नदिऔं ।
- मोबाइलको सट्टा खेलकुद, पुस्तक पढ्ने तथा सिर्जनात्मक गतिविधिमा सहभागी गराऔं ।
- खाना खाने, पढ्ने र सुत्ने समयमा मोबाइल प्रयोग नगर्ने बानी बसाऔं ।
- अभिभावकले पनि मोबाइलको प्रयोगमा उदाहरणीय व्यवहार देखाउँदै बालबालिकासँग पर्याप्त समय बिताऔं ।
- स्थानीय उत्पादन, कला, संस्कृति तथा सेवाको प्रयोग गरी स्थानीय अर्थतन्त्र र पर्यटन विकासमा योगदान गरौं ।

पर्यटन प्रवर्द्धन गरौं

- नेपालको हिमाली क्षेत्र तथा प्राकृतिक सौन्दर्यको भ्रमण गरी आन्तरिक पर्यटन प्रवर्द्धन गरौं ।
- हिमाल, हिमताल, हिमनदी तथा प्राकृतिक सम्पदाको संरक्षण र संवर्द्धन गरौं ।
- पर्यटकीय क्षेत्रमा सरसफाइ कायम राखौं र फोहोर जथाभावी नफालौं ।

मौसमजन्य विपद्बाट सुरक्षित बनौं

- मौसम परिवर्तनसँगै स्वास्थ्य तथा सुरक्षामा विशेष ध्यान दिऔं ।
- नियमित रूपमा साबुनपानीले हात धोऔं र स्वच्छ पानी तथा पोषणयुक्त खाना सेवन गरौं ।
- वर्षा, बाढी तथा पहिरोको समयमा जोखिमपूर्ण स्थानबाट टाढा रहौं ।
- ज्वरो, रुघाखोकी वा अन्य स्वास्थ्य समस्या देखिएमा समयमै स्वास्थ्य जाँच गराऔं ।

बाढी/पहिरोबाट सचेत होऔं

- जोखिमयुक्त स्थानमा बसोबास भए समयमै सुरक्षित स्थानमा सर्दै गर्नुहोस् ।
- बालबालिका, वृद्धवृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूको सुरक्षामा विशेष ध्यान दिऔं ।
- बाढी/पहिरो आएपछि अनावश्यक रूपमा बाहिर ननिस्कौं र सुरक्षित स्थानमा बसौं ।
- बिजुलीका तार, खम्बा तथा खोलानालाबाट टाढा रहौं ।
- हल्ला तथा अफवाहमा विश्वास नगरी आधिकारिक सूचनामात्र आदान-प्रदान गरौं ।

खड्कबहादुर परियार
प्रमुख प्रशासकीय अधिकृत

ज्ञानबहादुर सिंह
उपाध्यक्ष

कर्णबहादर रावल
अध्यक्ष

खार्पुनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
यांग्चुबगर, हुम्ला

वीरेन्द्रनगर नगरपालिका वडा नं. ११, सुर्खेतको अनुरोध

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नवीकरण सम्बन्धी सूचना

- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सबै लाभग्राहीहरुले आर्थिक वर्ष २०८३/८४ का लागि २०८३ साल श्रावण १ गतेदेखि असोज मसान्तभित्र वडा कार्यालयमा राष्ट्रिय परिचयपत्र र नेपाली नागरिकतासहित बायोमेट्रिक (Biometric Finger Print) मार्फत नवीकरण गर्नुपर्ने ।
- १६ वर्ष मुनिका बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने अशक्त र ९० वर्ष माथिका ज्येष्ठ नागरिकहरुको हकमा राष्ट्रिय परिचयपत्र अनिवार्य नहुने ।

खिमलाल देवकोटा
(वडा अध्यक्ष)
वीरेन्द्रनगर नगरपालिका
वडा नं. ११ को कार्यालय परिवार, सुर्खेत





ASHIM AUTO PARTS
Birendranagar-3, Surkhet, Tel. No. 083-521979

सार्वजनिक सूचना !

कर्णाली प्रदेशको आर्थिक तथा वित्तीय प्रशासनलाई पारदर्शी, प्रभावकारी र जवाफदेही बनाउने उद्देश्यले प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयबाट सञ्चालित बजेट, नीति तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

- बजेट तथा कार्यक्रम कार्यान्वयन मार्गदर्शनः चालु आर्थिक वर्षको विनियोजित बजेट तथा स्वीकृत कार्यक्रमहरूलाई तोकिएको समय र मापदण्डभित्र नतिजामुखी रूपमा कार्यान्वयन गर्न सबै प्रदेश निकाय तथा मातहतका कार्यालयहरूलाई आवश्यक मार्गदर्शन लागू गरिएको छ ।
- वित्तीय हस्तान्तरण तथा अनुदानः स्थानीय तहहरूमा हस्तान्तरण हुने ससर्त, समपूरक, विशेष तथा वित्तीय समानीकरण अनुदानको प्रभावकारी कार्यान्वयन र कार्यप्रगतिका आधारमा बजेट निकासको व्यवस्था मिलाइएको छ ।
- कर तथा राजस्व सम्बन्धी व्यवस्थाः प्रदेश सरकारद्वारा तोकिएका कर, दस्तुर तथा राजस्व समयमै दाखिला गरी प्रदेशको आर्थिक समृद्धिमा योगदान पुऱ्याउन सर्वसाधारण, व्यवसायी तथा सरोकारवालाहरूमा अनुरोध छ ।
- सार्वजनिक खर्चमा मितव्ययिताः बजेट अनुशासन कायम राख्दै सरकारी खर्चमा मितव्ययिता र वित्तीय उत्तरदायित्व प्रवर्द्धन गर्ने सम्बन्धी नियम तथा मापदण्डको पूर्ण पालना गर्न सम्बद्ध सबै अधिकारीहरूलाई निर्देशन दिइएको छ ।

कर्णाली प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत

फोक्सुण्डोको फन्को !



✍ गोकर्णप्रसाद उपाध्याय

नेपालको बेजोड भूआकृति, प्रकृति र संस्कृतिले मानिसलाई जति घुम्यो उति घुमौं घुमौं बनाउँछ । त्यही भएर यसपालि समुद्री सतहबाट १,३१० मिटरमा बसेको काठमाडौंबाट २१० मिटर पनि नपुग्ने नेपालगञ्ज झरेर २,३१० मिटरमा रहेको डोल्पाको जुफाल हुँदै ३,६१० मिटर उचाइमा बसेको से-फोक्सुण्डो घुम्ने योजना बन्यो ।

परिचयको भारी छ डोल्पासँग । ७,८८९ वर्ग किलोमिटरको ठूलो जिल्ला । ३,५५५ वर्गकिलोमिटरको ठूलै राष्ट्रिय निकुञ्ज । सुलिगाड झरना । से-फोक्सुण्डो ताल । ११ औं शताब्दीका गुम्बा । सदियौं पुराना स्तुपहरू । हिउँ चितुवाको सर्वाधिक घनत्व । ४,०८० मिटरमा बसेको अग्लो मानव बस्ती । नम्बरी यार्सागुम्बा पाइने ठाउँ ।

घुम्न पहिले मन चाहिने रहेछ, त्यसपछि मन मिल्ने मान्छे । दुईजना मन मिल्ने मान्छे राजेश र टेक भेटिए यसपालि । आवश्यक कपडा, अमेरिकाका उपहार 'स्केचर्स' जुत्ता, काठमाडौंको उपहार गगल्स, जापानबाट शिवजीले ल्याइदिएको पावरबैंक, प्रयागले सियाटलबाट पठाइदिएको आइफोन, लोक सेवा ज्ञानले जुटाइदिएको गोप्रो, 'ट्याग' नेपालले दिएको क्याप अनि सरकारले दिएको अलिकति तलब बोकेर हिँडियो गन्तव्यतिर ।

नेपालगञ्ज जाँदा

काठमाडौं-नेपालगञ्जको उडानमा बुद्ध एयरको मुखपत्र 'यात्रा' का पानामा 'पदयात्राको मौसम' भनेर से-फोक्सुण्डोलाई उत्कृष्ट गन्तव्यमा राखेको देखियो । जाने गन्तव्य नै उत्कृष्ट भनेको पाएपछि मन बाटैमा फुरुंग ।



नेपालगञ्जमा विपीन, सुरेश दाइ र सुदेशले स्वागत गरे । सुरेश दाइकोमा बस्यौं त्यो रात । कोहलपुरमा । भोलिपल्ट डोल्पा (जुफाल) जाने चाँजोपाँजो विपीनले मिलाइदिए । हावा कर्णालीको हवाई यातायातको बाधक हो । डोल्पामा नौ बजेपछि प्लेन अवतरण गर्ने मुश्किल । त्यसैले तिनलाई बिहानै उड्न हतारो । बिहान पाँचै बजे एयरपोर्ट जाँदै गर्दा नेपालगञ्ज-कोहलपुर हाइवेमा क्षितिजको चन्द्रमा टाढाको सडक बत्तीजस्तै टल्किरहेको थियो ।

नेपालगञ्जबाट जुफाल

नेपालगञ्ज एयरपोर्टमा कर्णालीतिर जाने एयरलाइन्सका काउन्टर एकाबिहानै खुलिसक्छन् । जुफालका लागि टिकट लियौं । प्रतिव्यक्ति साढे छ हजार रूपैयाँ । ठ्याक्कै पाँच किलो शून्य ग्रामको ब्यागसहित 'चेक इन' सकियो । घाम बल्ल बाँके राष्ट्रिय निकुञ्जको सालको जंगलमाथि उक्लँदै थियो । हामी समिट एयरको जहाजमा उक्लियौं । फुच्चे विमान तराई छोड्दै पहाडमाथि उड्न दौडियो ।

आकाशमा उड्दा पहाड मात्र होइन, धेरै थोक देखिन्छन् । आँखा नाँचिरहेथे । पर सेता हिमालसँगै काला चट्टानी पहाड । नजिकै हरिया वनजंगल । माथि नीलो क्षितिज । तल नागबेली नदीहरू, घुमाउरा सडक, फाँटका बस्तीहरू, त्रिपुराकोट मन्दिर, किरिङमिरिङ बाटाहरू देखिँदै थिए । पैंतीस मिनेट उडेपछि जहाज जुफालमा बस्छ । एयरपोर्टमा जहाज कुरेर बसेका यात्रु अनि 'चिलगाडी' हेर्न घरका छाना र बारीका पाटामा डोल्पालीहरूको उपस्थिति मौलिक थियो ।

डोल्पा टेकेपछि

लागिरहेथ्यो, डोल्पामा कालोपत्रे त त्यही एयरपोर्टको रनवे मात्रै होला । त्यस्तै रहेछ । २०७६ सालमा हुम्लालाई उछिनेर राष्ट्रिय सडक सञ्जालमा जोडिने अन्तिम जिल्ला बन्नबाट जोगिएको डोल्पामा कालोपत्रे त टाढाको कुरा, सडकहरूमा 'फोरह्वीलर' बाहेकका गाडी चलाउनै नसकिने रहेछ । नेपालगञ्जबाट २७२ किलोमिटरको सडक छिचोल्न तीन-चारवटा सवारीसाधन फेर्नैपर्ने बेग्लै बाध्यता । नेपालगञ्जको तातोमा शरीरमा झुन्ड्याइएको एक थान टिसर्टले के धान्थ्यो डोल्पामा उत्रिएपछि? कथाले पातलो ज्याकेट माग्यो जुफालको सिरेटो छेक्न । यात्रा यादगार बनाउन मोबाइल क्यामरा र गोप्रो 'एक्टिभ' हुनुपर्ने पनि कथाकै माग थियो । एयरपोर्ट मुन्तिर हेपिएझैं जुफाल । अधिकांश बाँकी पृष्ठ १५

हार्दिक बधाई तथा शुभकामना

कर्णाली प्रदेशको पहिलो दैनिक तथा लोकप्रिय पत्रिका काँक्रेविहार राष्ट्रिय दैनिक प्रकाशन यात्राको २६ औं वर्षमा प्रवेश गरेकोसुखद् उपलक्ष्यमा हार्दिक शुभकामनासहित नेपाली पत्रकारिताको मानक बनोस् भन्ने कामना गर्दछौं।

नैनसिंह खत्री

प्रिन्सिपल

सिद्धापाइला इङ्गिलिस मिडिमय सेकेन्डरी स्कुल

वीरेन्द्रनगर-१०, सुर्खेत

हार्दिक बधाई तथा शुभकामना

कर्णाली प्रदेशको पहिलो दैनिक तथा लोकप्रिय पत्रिका काँक्रेविहार राष्ट्रिय दैनिक प्रकाशन यात्राको २६ औं वर्षमा प्रवेश गरेकोसुखद् उपलक्ष्यमा हार्दिक शुभकामनासहित नेपाली पत्रकारिताको मानक बनोस् भन्ने कामना गर्दछौं।

कल्याणी खड्का

मन्त्री

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

कर्णाली प्रदेश, नेपाल

गाउँपालिकाको अनुरोध

पर्यटन प्रवर्द्धन गरौं

- नेपालको हिमाली क्षेत्र तथा प्राकृतिक सौन्दर्यको भ्रमण गरी आन्तरिक पर्यटन प्रवर्द्धन गरौं ।
- हिमाल, हिमताल, हिमनदी तथा प्राकृतिक सम्पदाको संरक्षण र संवर्द्धन गरौं ।
- पर्यटकीय क्षेत्रमा सरसफाइ कायम राखौं र फोहोर जथाभावी नफालौं ।
- स्थानीय उत्पादन, कला, संस्कृति तथा सेवाको प्रयोग गरी स्थानीय अर्थतन्त्र र पर्यटन विकासमा योगदान गरौं ।

मौसमजन्य विपद्बाट सुरक्षित बनौं

- मौसम परिवर्तनसँगै स्वास्थ्य तथा सुरक्षामा विशेष ध्यान दिऔं ।
- नियमित रूपमा साबुनपानीले हात धोऔं र स्वच्छ पानी तथा पोषणयुक्त खाना सेवन गरौं ।
- वर्षा, बाढी तथा पहिरोको समयमा जोखिमपूर्ण स्थानबाट टाढा रहौं ।
- ज्वरो, रुघाखोकी वा अन्य स्वास्थ्य समस्या देखिएमा समयमै स्वास्थ्य जाँच गराऔं ।

बालबालिकालाई मोबाइलको लतबाट बचाऔं

- बालबालिकालाई लामो समयसम्म मोबाइल चलाउन नदिऔं ।
- मोबाइलको सट्टा खेलकुद, पुस्तक पढ्ने तथा सिर्जनात्मक गतिविधिमा सहभागी गराऔं ।
- खाना खाने, पढ्ने र सुत्ने समयमा मोबाइल प्रयोग नगर्ने बानी बसाऔं ।
- अभिभावकले पनि मोबाइलको प्रयोगमा उदाहरणीय व्यवहार देखाउँदै बालबालिकासँग पर्याप्त समय बिताऔं ।

बाढी/पहिरोबाट सचेत होऔं

- जोखिमयुक्त स्थानमा बसोबास भए समयमै सुरक्षित स्थानमा सर्दै गर्नुहोस् ।
- बालबालिका, वृद्धवृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूको सुरक्षामा विशेष ध्यान दिऔं ।
- बाढी/पहिरो आएपछि अनावश्यक रूपमा बाहिर ननिस्कौं र सुरक्षित स्थानमा बसौं ।
- बिजुलीका तार, खम्बा तथा खोलानालाबाट टाढा रहौं ।
- हल्ला तथा अफवाहमा विश्वास नगरी आधिकारिक सूचनामात्र आदान-प्रदान गरौं ।

पूर्णबहादुर बि.क.
प्रमुख प्रशासकीय अधिकृत

नरबहादसर बान्तोला
उपाध्यक्ष

खड्क बि.क. (विवश)
अध्यक्ष

चौकुने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गुटु, सुर्खेत

गाउँपालिकाको अनुरोध

बाढी/पहिरोबाट सचेत होऔं

- जोखिमयुक्त स्थानमा बसोबास भए समयमै सुरक्षित स्थानमा सर्दै गर्नुहोस् ।
- बालबालिका, वृद्धवृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूको सुरक्षामा विशेष ध्यान दिऔं ।
- बाढी/पहिरो आएपछि अनावश्यक रूपमा बाहिर ननिस्कौं र सुरक्षित स्थानमा बसौं ।
- बिजुलीका तार, खम्बा तथा खोलानालाबाट टाढा रहौं ।
- हल्ला तथा अफवाहमा विश्वास नगरी आधिकारिक सूचनामात्र आदान-प्रदान गरौं ।

पर्यटन प्रवर्द्धन गरौं

- नेपालको हिमाली क्षेत्र तथा प्राकृतिक सौन्दर्यको भ्रमण गरी आन्तरिक पर्यटन प्रवर्द्धन गरौं ।
- हिमाल, हिमताल, हिमनदी तथा प्राकृतिक सम्पदाको संरक्षण र संवर्द्धन गरौं ।
- पर्यटकीय क्षेत्रमा सरसफाइ कायम राखौं र फोहोर जथाभावी नफालौं ।
- स्थानीय उत्पादन, कला, संस्कृति तथा सेवाको प्रयोग गरी स्थानीय अर्थतन्त्र र पर्यटन विकासमा योगदान गरौं ।

मौसमजन्य विपद्बाट सुरक्षित बनौं

- मौसम परिवर्तनसँगै स्वास्थ्य तथा सुरक्षामा विशेष ध्यान दिऔं ।
- नियमित रूपमा साबुनपानीले हात धोऔं र स्वच्छ पानी तथा पोषणयुक्त खाना सेवन गरौं ।
- वर्षा, बाढी तथा पहिरोको समयमा जोखिमपूर्ण स्थानबाट टाढा रहौं ।
- ज्वरो, रुघाखोकी वा अन्य स्वास्थ्य समस्या देखिएमा समयमै स्वास्थ्य जाँच गराऔं ।

बालबालिकालाई मोबाइलको लतबाट बचाऔं

- बालबालिकालाई लामो समयसम्म मोबाइल चलाउन नदिऔं ।
- मोबाइलको सट्टा खेलकुद, पुस्तक पढ्ने तथा सिर्जनात्मक गतिविधिमा सहभागी गराऔं ।
- खाना खाने, पढ्ने र सुत्ने समयमा मोबाइल प्रयोग नगर्ने बानी बसाऔं ।
- अभिभावकले पनि मोबाइलको प्रयोगमा उदाहरणीय व्यवहार देखाउँदै बालबालिकासँग पर्याप्त समय बिताऔं ।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

शिवा कुमारी खड्का
उपाध्यक्ष

टोप बहादुर विसी
अध्यक्ष

गुराँस गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रानीमत्ता, दैलेख

हार्दिक बधाई तथा शुभकामना

कर्णाली प्रदेशको पहिलो दैनिक तथा लोकप्रिय पत्रिका काँक्रेविहार राष्ट्रिय दैनिक प्रकाशन यात्राको २६ औं वर्षमा प्रवेश गरेकोसुखद् उपलक्ष्यमा हार्दिक शुभकामनासहित नेपाली पत्रकारिताको मानक बनोस् भन्ने कामना गर्दछौं।

हर्षविक्रम खड्का

अध्यक्ष

सुर्खेत उद्योग बाणिज्य संघ

वीरेन्द्रनगर, सुर्खेत परिवार

हार्दिक बधाई तथा शुभकामना

कर्णाली प्रदेशको पहिलो दैनिक तथा लोकप्रिय पत्रिका काँक्रेविहार राष्ट्रिय दैनिक प्रकाशन यात्राको २६ औं वर्षमा प्रवेश गरेकोसुखद् उपलक्ष्यमा हार्दिक शुभकामनासहित नेपाली पत्रकारिताको मानक बनोस् भन्ने कामना गर्दछौं।

मदन खड्का

प्रोप्राइटर

साझा स्टोर

वीरेन्द्रनगर, सुर्खेत परिवार

फोक्सुण्डोको...

पुराना घर, धुलाम्मे सडक, सानो जिपपार्क । बिछ्याइएका ढुंगाहरू उप्किएका, भत्किएका । जहाज चल्दा मात्र चहलपहल हुने, अरू बेला सुनसान । वैभव हराएको सहरजस्तो । त्यहाँबाट जिपमा दस किलोमिटर तल सुलिगाड पुग्न पाँच सय रूपैयाँ तिर्यौं । यति छोटो दूरीको लागि यति धेरै भाडा! सायद नेपालकै सबैभन्दा चर्को भाडा होला!

पैदलयात्रा सुरू

एकातिर ठूलीभेरी र अर्कोतिर फोक्सुण्डोबाट आएको सुलिगाड खोला भेटिने ठाउँ । सुलिगाड नै भनिँदो रहेछ यस ठाउँलाई पनि ।

छेउको आर्मी चेक प्वाइन्टको बोर्डले भनिरहेथ्यो - दुनै र धो बस्ती यताबाट । नाउली, जगदुल्ला, तोइजेम, काइगाउँ, खालीवन, त्रिपुराकोट जाने उताबाट । अनि कागनी, साङटा, छेप्का, चौधफेरे, च्याङमार, च्याची, बाउलीगाड, खुर्बु, सुम्दुवा, साइजोल, पलम (खोला छोडेर बायाँतिर उकालो लाग्ने ठाउँ) हुँदै से-फोक्सुण्डो पुग्ने बाटो मास्तिर ।

ठूलीभेरीलाई छोड्दै पैदलयात्रा यहींबाट सुरू भयो । सुलिगाडको विपरीत दिशामा । उनी सुसाउँदै ओराली झर्दै थिइन्, हामी स्याँस्याँ गर्दै उकाली चढ्न थाल्यौं । उनी खोँचबाट बग्दै थिइन्, हामी भीरबाट हिँड्दै । उनी अविरल थिइन्, हामी थकानले सुस्ताउँथ्यौं बेलाबेला । कहिलेकाहीं थकाइ मार्न सुलिगाडको चिसो पानीमा खुट्टा चोबल्थ्यौं । किनारमै बसेर गीत गाउथ्यौं । किनारै किनार हिँड्दा जमिन तातेर आएको राप बेलाबेला बादलुले आकाश ढाकेपछि हराउँथ्यो ।

हिउँ चितुवा

सन् १९७३ मा अमेरिकी जीवशास्त्री जर्ज स्यालरले नाउरको अध्ययन गर्ने क्रममा डोल्पामा हिउँ चितुवाका पाइला र संकेतहरू फेला पारेछन् । उनका सहकर्मी पिटर म्याथिसनले सन् १९७८ मा 'द स्नो लियोपार्ड' पुस्तक लेख्नुअघि विश्वका लागि हिउँ चितुवा दन्त्य कथाझैं थियो । स्यालरले डोल्पामा वन्यजन्तु आरक्ष स्थापनाको अध्ययन पनि गरेछन् । से-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज त सन् १९८४ मा स्थापना भयो । हिउँ चितुवा । एकान्तमा बस्न रूचाउने । लजालु स्वभावको । मान्छेप्रति आक्रामक नहुने । मध्य एसियाका हिमाली क्षेत्रमा पर्ने १२ देशमा पाइने बिरालोको प्रजाति । जसको मुख्य आहार नाउर, जंगली भेडा, उड्न नसक्ने चराहरू, खरायो र घरपालुवा जनावर हुन् । त्यही हिउँ चितुवाको भूमि मानिने से-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज भएर हिँड्दा हिउँ चितुवा देखिन सक्ने आश पनि थियो । अनि, देखिएला कि भन्ने त्रास पनि ।

खच्चडको नाइके

यो बाटोमा मान्छेभन्दा खच्चड र घोडाको ओहोरदोहोर बढी हुन्छ । अधिकांश घोडाहरू यार्सागुम्बा टिप्न हिँडेका मालिक र तिनका सामान लिएर पाटन, लेकतिर उक्लिएका छन् ।

बुट्टेदार कपडाले निधार ढाकिने गरी टाउकोमा फित्ता । गर्दनमा चौंरीपुच्छरे रातो झल्लरी । घाँटीमा घन्टी, जीउमा ठूलाठूला घुंगुरू र रिबन । खुरमा टाप भइहाले । भारी बोक्ने गद्दा भिरेको तर भारी भरसक नबोक्ने । ऊ लाम्बा अर्थात खच्चडहरूको नाइके । अरूभन्दा फरक, बलियो देखिन्छ । अरू खच्चडको पिठ्युँमा ऊनबाट बनेको राडी । राडीमाथि भारी । क्षमताअनुसार कम बेसी । गर्छन् दिनहुँ गामबेसी । अगाडि खच्चडको नाइके लाम्बा । पुछारमा खच्चड गोठालो पेम्बा । घन्टी बजाउँदै, धूलो उडाउँदै कुदिरहेछन् गन्तव्यका लागि । यस्तै रहेछ खच्चडको जिन्दगी ।

रोमाञ्चक बाटो

से-फोक्सुण्डोसम्म लैजाने पहाडी बाटो रोमाञ्चक छ । गोरेटो, घोडेटो । सलल बग्दैन ती उबडखाबड ढिस्काहरूमा । उकाली, ओराली अनि नागबेली त किस्मतै हो त्यो बाटोको । खच्चडले बिगारेको बाटो, भीरमा कोरिएको डरै लाग्ने बाटो, थिन्ले लडेको बाटो, कैयौं खच्चड झरेको बाटो । नदी किनारै किनार भीरमा बनाएको साँघुरो बाटो । ठाउँठाउँमा ठाडो उकालोको यात्रा ।

बाटोमा नदी किनार भरसक छुट्दैन । नदीले छोडे भीर । कतै बिछ्याइएका ढुंगा । कतै खच्चडका टापले धुलाम्मे पारेको गोरेटो । कतै भीरमा पर्खाल लगाएर उठाएको साँघुरो बाटो । नदी छेकेर तारजाली भर्दै बनाइएका कैयौं अस्थायी बाटाहरू कुल्चिँदै, छिचोल्दै हिँड्नुपर्ने । खच्चड आउँदा भित्तोमा टाँसिनुपर्ने । ठाउँठाउँमा काठेसाँघुले दुई किनार जोडेर गन्तव्य छोट्याउँदै अघि बढ्नुपर्ने । त्यसैले त हिँड्नुको मज्जा छ पहाडहरूमा । पर हिउँ टल्किरहेका अग्ला हिमालहरू । नजिकै चट्टानयुक्त मोडदार, रुखबिरूवाशून्य फुस्रा पहाडहरू । तिनैमाथि बादल आएर थपक्क बसेझैं लाग्ने । लाग्छ 'रक क्लाइम्बिङ' का लागि यीभन्दा उत्तम, सर्लक्क परेका चट्टानी पहाडहरू अन्यत्र सायदै होलान् । तिनै पहाडमा कतैकतै गुफाजस्ता । सायद चिल, शिकारी जनावरहरू बस्दा हुन् । दुईधार पहाडहरूको खोँचबाट सानो खोला बग्दै जाँदा नदीको आकार लिइरहेछ, आखिर बुँदबुँदले समुद्र बन्ने हो । पहाडका फेदतिर बुट्यानहरू, भुइँमा रंगीचंगी फूलहरू ।

अस्थायी बस्ती

ज्यालस, पलम आदि ठाउँमा केही प्रयोगविहीन घर देखिन्थे । रित्तारित्ता । लेकतिर जाडो बढेपछि आवधिक बसाइँ सर्दा बस्ने घर रहेछन् । माटोको गारोले छाएका । छानामाथि लोङ्टा (बौद्ध मन्त्र लिखित झन्डा) अड्याइएका । हावा चल्दा ती झन्डा जति जोरले सुसायो, त्यसमा भएका मन्त्र पनि सोही गतिमा गुञ्जिन्छन् अरे! अनि पिसाच वा नकारात्मक शक्ति टाढै बस्छ अरे!

सुलिगाड झरना

पहाडको आफ्नै स्वरूप हुन्छ तर तिनलाई झरनाले जति सुन्दर अरूले बनाउन सक्दैनन् । फोक्सुण्डो ताल पुग्नु पहिले देखिन्छ सुलिगाड झरना । १६८ मिटर अग्लो । दुई तहमा झरेको । सुलिगाड झरनाको फैलावट, झराइ, 'लोकेसन' सबै लोभलाग्दो । नहोस् पनि किन? सिंगै खोला झरनामा परिणत भएको छ । हावाले सयौं मिटर परसम्म ओसारेर लैजाने पानीमा कण छोइरहुँजस्तो । झरना आँखा नभिम्क्याइ हेरिरहूँ जस्तो । सुसाइ सुनिरहूँजस्तो । झरेको पानी चट्टानमा ठोक्किएर छिटाहरू बाफझैं उड्ने । यहाँ आइपुग्दा लागेको थकान झरनाको अलौकिकताले बिर्साइ दिने रहेछ ।

रिग्मो गाउँ

रिग्मो गाउँको प्रवेश बिन्दुमा प्यागोडा शैलीको स्वागत गेट रहेछ । ढुंगाको पर्खाल, काठको छानो । राम्रो देखिए पनि के-के नमिलेजस्तो । बोन्पो संस्कृति झल्काउनुपर्ने ठाउँमा प्यागोडाले सोचेजति स्वाद नदिएको अनुभूति हुन्छ ।

स्वागतद्वारबाट छिर्नासाथ माने छ । लगत्तै रातो र सेतो रङ पोतिएका तीनतले स्तुपहरू । रिग्मोमा चिटिक्क परेका ३०-३२ घर झुरूप्प बसेका छन् । एकाध मात्र रङ लगाइएका । बाँकी माटोको गारो पोतिएका । छानामाथि कलेजी, सेतो, रातो, हरियो र पहेलो गरी पाँच रङ मिश्रित झन्डाहरू फहराइएका । ताल घुम्न आउनेहरू यही गाउँमा बस्छन् ।

से-फोक्सुण्डो ताल

साँझ पाँच बजेतिर तालछेउ पुग्दा अग्ला पहाडहरूको काखमा आनन्दले बसेको से-फोक्सुण्डोको पानीलाई हावाले किनारतिर घचेटिरहेथ्यो । सेतो बादलुको घुम्टोले तललाई लगभग ढाकिरहेथ्यो । तालको पानी टाढाबाट कालोकालो देखिइरहेको थियो । तालको मुहान काञ्जिरोवाको चुचुरोमा गोधुली घाम टल्किरहेको थियो । तालछेउ टाँसिएको सूचनापाटीले गुलेली (अंग्रेजी अक्षर 'वाई') आकारको से-फोक्सुण्डोको बारेमा भनिरहेथ्यो - सन् २००७ मा रामसार सूचीमा सूचीकृत यस तालको क्षेत्रफल ४.९५ वर्गकिलोमिटर, अधिकतम लम्बाइ ५.९३ किलोमिटर, अधिकतम चौडाइ १.८ किलोमिटर र गहिराइ १४५ मिटर छ । फोक्सुण्डो रङ फेरिरहन्छ । समय र मौसमअनुसार आफू कुन रङमा अझ सुन्दर देखिन्छु भनेर परीक्षण गर्दो हो सायद! तर उसलाई के थाहा, ऊ जुनसुकै रूपमा पनि कम्ता सुन्दर छैन भनेर!

आकाशको रङ तालको पानीमा पोखिएझैं लाग्ने । पानीमुनि पहाडको कल्साउँदो र हिमालको सेतो छाया । अझ माथिबाट सूर्यका बैजनी किरण पोखिँदा नीलबैजनी देखिने । जस्तो आकाश, उस्तै पानी ।

थासुङ छोलिङ गुम्बा

से-फोक्सुण्डो तालबाट निसृत खोलो तरेर एक किलोमिटर हिँडेपछि थासुङ छोलिङ गुम्बा पुगिन्छ । गुम्बा पुग्ने पुग्ने बेला दायाँतिर लहरै आठवटा स्तुप छन् । ताल आसपास चाहिँ दुई दर्जनजति । नयाँ बनेका बाहेक प्रायः गारो उप्किएका, पर्खाल चर्किएका । छ सय वर्ष पुरानो बुट्टेदार र कलात्मक झ्याल-ढोकायुक्त गुम्बा छेउछाउका अरू संरचना पनि मक्किएका ।

बिहानीको घाम त्यही गुम्बाको सिरानीबाट झुल्किने रहेछ । घाम आकाशमा उक्लिँदै गर्दा तालमा पहाडका छाया लोभलाग्दा देखिने रहेछन् । हेरिरहँदा वरवर सर्ने छायाको हिमाल पनि । अनि परतिर ताल चम्किँदै जाने । ताल हेर्ने 'भ्यु प्वाइन्ट' झैं गुम्बाको आँगनी । काठको फलेक ठोकेर, झन्डा ठडाएर, ध्वजाहरू बाँधेर चिटिक्क सजाइएको आँगनी छेउको ढल्किएको बूढो रूखलाई 'सेल्फी प्वाइन्ट' भन्दा फरक नपर्ला ।

अन्त्यमा, 'रेशम फिरिरी' गीतको पंक्ति 'आकाशमा जहाज, सडकमा मोटर नभए टाढा छ...' वास्तवमा कर्णालीको लागि 'फिट' छ । त्यहाँ त्यस्तै दुर्गम छ । साधन नभए कहिले पुग्ने पुग्ने ? सुलिगाडबाट से-फोक्सुण्डो तालसम्म जाँदा कम्तीमा पन्ध्र ठाउँमा काठेसाँघु वा झोलुंगे पुल तरेर सुलिगाडलाई वारपार गर्नुपर्छ । यात्रामा दालभात तरकारी सबैतिर पाइन्छ ।

फापरको रोटी, चोतो, आलु तथा उवा र कोदोबाट बनेको घरेलु मदिरा र छ्याङ पनि पाइन्छन् । मासु पाउन समस्या भए पनि अण्डा प्रायः पाइने । बसोबासको समस्या छैन । दुनै, छेप्का, साइजोलका होटल र तालछेउको रिग्मो गाउँका होमस्टे र होटलले थुप्रै पर्यटक धान्न सक्छन् । खर्च जहाज टिकट र गाडीलाई छोडेर नेपालगञ्जबाट चौध-पन्ध्र हजार रूपैयाँ भए पुग्छ । तर पनि से-फोक्सुण्डो पुग्न चाहिने सबभन्दा ठूलो कुरा मन, इच्छाशक्ति नै रहेछ ।

(१९ असार २०८० मा सेतोपाटीमा प्रकाशित)

समृद्ध कर्णालीको आधार, कृषि र ऊर्जाको विकासमा महत्वपूर्ण पूर्वाधार ।

- भेरी नदीको पानीलाई बबई नदीमा डाइभर्सन गरी सिँचाइ सुविधा विस्तार गर्ने आयोजना ।
- बाँके र बर्दियाका खेतीयोग्य क्षेत्रमा वर्षैभरि सिँचाइ सुविधा पुऱ्याउने उद्देश्य ।
- आयोजनाबाट कृषि उत्पादन र उत्पादकत्व वृद्धिमा योगदान पुग्ने अपेक्षा ।
- जलविद्युत् उत्पादनमार्फत ऊर्जा विकासमा योगदान पुऱ्याउने लक्ष्य ।
- आयोजना निर्माण तथा सञ्चालनका क्रममा स्थानीय समुदायको सुरक्षा र वातावरण संरक्षणलाई प्राथमिकता ।
- आयोजना क्षेत्रका बासिन्दा तथा सर्वसाधारणलाई निर्माणस्थलमा सावधानी अपनाउन र सुरक्षा मापदण्ड पालना गर्न अनुरोध ।

"भेरीको पानी बबईमा, समृद्धिको यात्रा कृषिमा"

भेरी-बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना
सुर्खेत

गाउँपालिकाको अनुरोध

पर्यटन प्रवर्द्धन गरौं
- नेपालको हिमाली क्षेत्र तथा प्राकृतिक सौन्दर्यको भ्रमण गरी आन्तरिक पर्यटन प्रवर्द्धन गरौं ।
- हिमाल, हिमताल, हिमनदी तथा प्राकृतिक सम्पदाको संरक्षण र संवर्द्धन गरौं ।
- पर्यटकीय क्षेत्रमा सरसफाइ कायम राखौं र फोहोर जथाभावी नफालौं ।
- स्थानीय उत्पादन, कला, संस्कृति तथा सेवाको प्रयोग गरी स्थानीय अर्थतन्त्र र पर्यटन विकासमा योगदान गरौं ।

मौसमजन्य विपद्बाट सुरक्षित बनौं
- मौसम परिवर्तनसँगै स्वास्थ्य तथा सुरक्षामा विशेष ध्यान दिऔं ।
- नियमित रूपमा साबुनपानीले हात धोऔं र स्वच्छ पानी तथा पोषणयुक्त खाना सेवन गरौं ।
- वर्षा, बाढी तथा पहिरोको समयमा जोखिमपूर्ण स्थानबाट टाढा रहौं ।
- ज्वरो, रुघाखोकी वा अन्य स्वास्थ्य समस्या देखिएमा समयमै स्वास्थ्य जाँच गराऔं ।

बालबालिकालाई मोबाइलको लतबाट बचाऔं
- बालबालिकालाई लामो समयसम्म मोबाइल चलाउन नदिऔं ।
- मोबाइलको सट्टा खेलकुद, पुस्तक पढ्ने तथा सिर्जनात्मक गतिविधिमा सहभागी गराऔं ।
- खाना खाने, पढ्ने र सुत्ने समयमा मोबाइल प्रयोग नगर्ने बानी बसाऔं ।
- अभिभावकले पनि मोबाइलको प्रयोगमा उदाहरणीय व्यवहार देखाउँदै बालबालिकासँग पर्याप्त समय बिताऔं ।

बाढी/पहिरोबाट सचेत होऔं
- जोखिमयुक्त स्थानमा बसोबास भए समयमै सुरक्षित स्थानमा सर्दै गर्नुहोस् ।
- बालबालिका, वृद्धवृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूको सुरक्षामा विशेष ध्यान दिऔं ।
- बाढी/पहिरो आएपछि अनावश्यक रूपमा बाहिर ननिस्कौं र सुरक्षित स्थानमा बसौं ।
- बिजुलीका तार, खम्बा तथा खोलानालाबाट टाढा रहौं ।
- हल्ला तथा अफवाहमा विश्वास नगरी आधिकारिक सूचनामात्र आदान-प्रदान गरौं ।

सुरेन्द्र सिंह — प्रमुख प्रशासकीय अधिकृत
मिनाकुमारी रोकाया — उपाध्यक्ष
बोधविक्रम जि.सी. — अध्यक्ष

चिङ्गाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पुङखेल, सुर्खेत

गाउँपालिकाको अनुरोध

बाढी/पहिरोबाट सचेत होऔं
- जोखिमयुक्त स्थानमा बसोबास भए समयमै सुरक्षित स्थानमा सर्दै गर्नुहोस् ।
- बालबालिका, वृद्धवृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूको सुरक्षामा विशेष ध्यान दिऔं ।
- बाढी/पहिरो आएपछि अनावश्यक रूपमा बाहिर ननिस्कौं र सुरक्षित स्थानमा बसौं ।
- बिजुलीका तार, खम्बा तथा खोलानालाबाट टाढा रहौं ।
- हल्ला तथा अफवाहमा विश्वास नगरी आधिकारिक सूचनामात्र आदान-प्रदान गरौं ।

पर्यटन प्रवर्द्धन गरौं
- नेपालको हिमाली क्षेत्र तथा प्राकृतिक सौन्दर्यको भ्रमण गरी आन्तरिक पर्यटन प्रवर्द्धन गरौं ।
- हिमाल, हिमताल, हिमनदी तथा प्राकृतिक सम्पदाको संरक्षण र संवर्द्धन गरौं ।
- पर्यटकीय क्षेत्रमा सरसफाइ कायम राखौं र फोहोर जथाभावी नफालौं ।
- स्थानीय उत्पादन, कला, संस्कृति तथा सेवाको प्रयोग गरी स्थानीय अर्थतन्त्र र पर्यटन विकासमा योगदान गरौं ।

मौसमजन्य विपद्बाट सुरक्षित बनौं
- मौसम परिवर्तनसँगै स्वास्थ्य तथा सुरक्षामा विशेष ध्यान दिऔं ।
- नियमित रूपमा साबुनपानीले हात धोऔं र स्वच्छ पानी तथा पोषणयुक्त खाना सेवन गरौं ।
- वर्षा, बाढी तथा पहिरोको समयमा जोखिमपूर्ण स्थानबाट टाढा रहौं ।
- ज्वरो, रुघाखोकी वा अन्य स्वास्थ्य समस्या देखिएमा समयमै स्वास्थ्य जाँच गराऔं ।

बालबालिकालाई मोबाइलको लतबाट बचाऔं
- बालबालिकालाई लामो समयसम्म मोबाइल चलाउन नदिऔं ।
- मोबाइलको सट्टा खेलकुद, पुस्तक पढ्ने तथा सिर्जनात्मक गतिविधिमा सहभागी गराऔं ।
- खाना खाने, पढ्ने र सुत्ने समयमा मोबाइल प्रयोग नगर्ने बानी बसाऔं ।
- अभिभावकले पनि मोबाइलको प्रयोगमा उदाहरणीय व्यवहार देखाउँदै बालबालिकासँग पर्याप्त समय बिताऔं ।

भक्त बहादुर मल्ल — प्रमुख प्रशासकीय अधिकृत
गंग बहादुर शाही — उपाध्यक्ष
छबीराम सुवेदी — अध्यक्ष

नौमुले गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नौमुले, दैलेख

जनहितमा जारी सन्देश !

- घर निर्माण गर्नु अगाडि अनिवार्य रूपमा नगरपालिकाबाट नक्सा पास गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी गराउने सम्बन्धमा कुनै सम्झौता नगरौं ।
- घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सोको पालना गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरू अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- आफ्नो टोल बस्तीमा हुने विकासका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सदैव जागरूक बनौं ।
- घरमा उत्पादन हुने फोहोरलाई कुहिने र नकुहिने छुट्याएर राखौं । कुहिने फोहोरबाट घरमै मल निर्माण गरौं ।
- हाम्रो टोल, बस्तीको सफाइले हाम्रो सभ्यताको परिचय दिन्छ । आफ्नो घर, टोल र सार्वजनिक क्षेत्र सदैव सफा राखौं ।
- कर तिर्नु भनेको तपाईं हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर नगरपालिकामा बुझाउने गरौं ।
- नगरबासीको नाताले खुल्ला स्थानमा दिशा गर्नु लाजमर्दो काम हो । तसर्थ सबैले शौचालय निर्माण गरी प्रयोग गरौं ।
- नगरपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं । तपाईंले जति बढी चासो देखाउनु हुन्छ, नगरपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ ।
- सडक छेउ किनारामा निर्माण सामग्रीहरू नराखौं ।
- घर निर्माण गर्दा घर नक्सा पास गरेर मात्र निर्माण कार्य सुरु गरौं ।
- कर समयमै तिरौं ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं ।
- बालश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरुवा रोपौं ।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- बालश्रमको प्रयोग नगरौं । नगरपालिकालाई बालश्रममुक्त गाउँ बनाऔं । सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पत्ति हुन्, बालबालिकाको लालन, पालन र शिक्षादीक्षामा ध्यान दिऔं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाइँसराइ, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।

हरिचन्द्र बुढा — प्रमुख प्रशासकीय अधिकृत
सुस्मिता सापकोटा सुनार — उप-प्रमुख
प्रकाश भण्डारी — नगर प्रमुख

शारदा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, सल्यान

आंशिक भएपनि पक्की सडकको पहुँचमा बराहताल

काँक्रेबिहार संवाददाता

गतिलो सडक पूर्वाधारको अभावमा वर्षौंदेखि ओझेलमा परेको सुर्खेतको बराहतालमा पर्यटकको चहलपहल बढ्न थालेको छ । प्रदेश राजधानी वीरेन्द्रनगरबाट नजिकै रहे पनि सहज सडक पहुँच नहुँदा बराहतालमा पर्यटकको आगमन अपेक्षाकृत कम थियो । तर, बराहताल गाउँपालिका-४, तरंगासम्म सडक स्तरोन्नति भएपछि यहाँ घुम्न आउनेको संख्या बढ्न थालेको हो । कर्णाली प्रदेश सरकारले तरंगासम्म १६ किलोमिटर सडक निर्माण तथा स्तरोन्नति गरेपछि बराहताल पुग्ने बाटो सहज बनेको छ । सडक सहज भएसँगै वीरेन्द्रनगरलगायत आसपासका क्षेत्रबाट दैनिक ठुलो संख्यामा पर्यटक बराहताल पुग्न थालेका छन् । यसले लामो समयदेखि पर्यटकीय सम्भावना भएर पनि उपयोग हुन नसकेको बराहताललाई नयाँ परिचय दिन थाले जनप्रतिनिधि बताउँछन् ।

बराहताल गाउँपालिका-४ का वडाध्यक्ष विर्खबहादुर सिजापती सडक निर्माणपछि बराहतालमा पर्यटकको चहलपहल बढेको बताउँछन् । उनका अनुसार पहिले सडकको अवस्था कमजोर भएकाले बराहतालसम्म पुग्न मानिसहरु खासै रुचाउँदैनथे । अहिले भने सडक बनेपछि घुम्न आउनेको संख्या बढेको छ । पर्यटकको आगमन बढ्दा स्थानीयको आयस्तरमा समेत सुधार हुन थालेको उनले बताए । अध्यक्ष सिजापती भन्छन्, “पहिले गतिलो सडक पूर्वाधारकै अभावका कारण मान्छेहरु बराहताल घुम्न आउँथेनन्, अहिले सडक बनेपछि मान्छे आईरहेका छन् । यसले स्थानीय आयस्तरमा पनि वृद्धि भएको छ ।”

कर्णाली प्रदेश सरकार मातहतको पूर्वाधार निर्देशनालय सुर्खेतले २० असार २०८० मा हुर्के-जामु नाम दिईएको सडकको १६ किलोमिटर खण्ड स्तरोन्नतिको काम सुरु गरेको थियो । कुल ६१ करोड ५९ लाख ३० हजार रुपैयाँ लागत रहेको उक्त सडक निर्माणको जिम्मा खड्का कृष्ण/श्याम एण्ड शंकर जेभी काठमाडौंले लिएको थियो । तरंगासम्म सडक पुग्नु स्थानीयका लागि भने लामो प्रतीक्षापछि सम्भव भएको हो ।

२०४८ सालमा विश्व खाद्य कार्यक्रमको सहयोगमा तरंगासम्म गोरेटो बाटो खनिएको थियो । त्यसको करिब १६ वर्षपछि २०६४ सालतिर तरंगासम्म कच्ची सडक पुगेको थियो । तर कच्ची सडकलाई स्तरोन्नति गरी सहज आवागमनयोग्य बनाउन थप १६ वर्ष लाग्यो । अहिले तरंगासम्म स्तरीय सडक पुगे पनि बराहतालसम्म भने अझै पैदल यात्रा गर्नुपर्ने अवस्था छ । सडकबाट तरंगासम्म पुगेपछि त्यहाँबाट तालसम्म पैदलै जानुपर्छ ।

यसका बाबजुद सडकमा भएको सुधारले पर्यटकको आगमनमा ठूलो परिवर्तन ल्याएको स्थानीय लक्ष्मण थापा बताउँछन् ।

कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरबाट झन्डै २९ किलोमिटर दुरीमा रहेको बराहताल प्राकृतिक, धार्मिक र जैविक विविधताका हिसाबले महत्वपूर्ण गन्तव्य हो । तर, लामो समयसम्म भौतिक पूर्वाधार, प्रचारप्रसार र संरक्षणको अभावमा यसको पर्यटकीय सम्भावना ओझेलमा परेको छ । भरपर्दो सडक सुविधा नहुँदा राजधानीबाट नजिकै भए पनि बराहतालसम्म पुग्ने पर्यटकको संख्या न्युन थियो । बराहताल गाउँपालिकाको नामकरणसमेत यही तालको नामबाट गरिएको हो । गाउँपालिका-४ तरंगामा रहेको बराहताल करिब १६ बिघा क्षेत्रफलमा फैलिएको छ ।



वरिपरि बाक्लो जंगलले घेरिएको ताल प्राकृतिक रुपमा आकर्षक छ । तालमा बाह्रै महिना विभिन्न प्रजातिका सिमकुखुरा, पानी हाँसलगायतका पन्छी देख्न पाइन्छ । जाडो मौसममा भने विभिन्न ठाउँबाट आगन्तुक चरासमेत आउने गरेका छन् । बराहतालको यही प्राकृतिक विशेषतालाई पर्यटकीय आकर्षणका रुपमा विकास गर्न सकिने स्थानीयको विश्वास छ । ताल क्षेत्रमा चराको अवलोकन, प्राकृतिक वातावरणको आनन्द, धार्मिक स्थलको भ्रमण र वरपरको जंगलको दृश्यावलोकन गर्न सकिन्छ । यसले बराहताललाई छोटो दूरीको घुमफिरका लागि उपयुक्त गन्तव्य बनाउन सक्ने सम्भावना देखाएको छ । समुद्र सतहबाट ३८२ मिटर उचाइमा रहेको बराहताल नजिकै बराह देवताको मन्दिरसमेत छ । त्यसकारण तालको प्राकृतिक महत्वसँगै धार्मिक महत्व पनि रहेको वडाध्यक्ष सिजापती बताउँछन् । तालमा विभिन्न प्रजातिका माछा, कछुवा र पानी सर्पसमेत पाइन्छन् । “जाडो समयमा तालमा अस्ट्रेलिया, भारतसहित १२ देशका पानीजन्य चराहरु जाडो छल्न आउँछन, त्यसले पनि यहाँ आउने पर्यटकले फरक आनन्द लिन सक्छन् ।” उनले भने ।

तालको झण्डै १५० मिटर तलबाट भेरी नदी बग्छ । बराहताल नजिकै भेरी नदीमा रहेको बाँदरफड्के पनि अर्को महत्वपूर्ण पर्यटकीय स्थल हो । बाँदरफड्केमा भेरी नदीलाई बाँदरहरुले उफ्रिएर सजिलै पार गर्ने भएकाले यो स्थानले थप आकर्षण बोकेको छ। बराहताल र बाँदरफड्केलाई एउटै पर्यटकीय गन्तव्यका रुपमा विकास गर्न सके यहाँ आउने पर्यटकले प्राकृतिक तथा जैविक विविधताको थप अनुभव लिन सक्ने स्थानीयको अपेक्षा छ । बराहतालको पर्यटकीय विकासका लागि संघीय, प्रदेश र स्थानीय सरकारले हालसम्म करिब पाँच करोड रुपैयाँ खर्च गरिसकेका छन् । तालतलाई व्यवस्थित बनाउन गुरुयोजनाअनुसार विभिन्न काम अघि बढाईएको छ ।

ताल क्षेत्रको सरसफाई, पुरानो मन्दिरको मर्मत, ताल वरपर सुरक्षित पैदलमार्ग निर्माण, नजिकका बस्तीमा होमस्टे सञ्चालन, खानेपानीको व्यवस्था र सडक सुधारका कार्यक्रम अघि सारिएका छन् । सडक पुगेपछि पर्यटकको संख्या बढे पनि बराहतालको पर्यटन विकासका लागि अझै केही काम गर्नुपर्ने देखिन्छ। तरंगाबाट तालसम्म पुग्ने पैदलमार्गलाई व्यवस्थित र सुरक्षित बनाउन सके पर्यटकलाई थप सहज हुने थापाको अपेक्षा छ ।

ताल क्षेत्रको संरक्षण, सरसफाई, खानेपानी तथा आवश्यक पर्यटकीय पूर्वाधारको विकाससँगै प्रचारप्रसारलाई पनि प्राथमिकता दिनुपर्ने देखिन्छ । राजधानी वीरेन्द्रनगरबाट नजिकै रहेको बराहतालमा सडक पहुँच विस्तार भएपछि यसको पर्यटकीय सम्भावना फेरि चर्चामा आएको छ । सडकले पर्यटकलाई गन्तव्यसम्म पुग्ने आधार तयार गरेको छ । अब त्यसपछि आवश्यक पूर्वाधार निर्माण, प्राकृतिक तथा धार्मिक सम्पदाको संरक्षण र व्यवस्थित प्रचारप्रसार गर्न सके बराहताललाई कर्णालीकै आकर्षक पर्यटकीय गन्तव्यका रुपमा स्थापित गर्न सकिने स्थानीय मनकुमारी शाही बताउँछिन् ।

वीरेन्द्रनगर नगरपालिका वडा नं. २, सुर्खेतको अनुरोध

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नवीकरण सम्बन्धी सूचना

- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सबै लाभग्राहीहरुले आर्थिक वर्ष २०८३/८४ का लागि २०८३ साल श्रावण १ गतेदेखि असोज मसान्तभित्र वडा कार्यालयमा राष्ट्रिय परिचयपत्र र नेपाली नागरिकतासहित बायोमेट्रिक (Biometric Finger Print) मार्फत नवीकरण गर्नुपर्ने ।
- १६ वर्ष मुनिका बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने अशक्त र ९० वर्ष माथिका ज्येष्ठ नागरिकहरुको हकमा राष्ट्रिय परिचयपत्र अनिवार्य नहुने ।

गजबहादुर बुढा
(वडा अध्यक्ष)

वीरेन्द्रनगर नगरपालिका
वडा नं. २ को कार्यालय परिवार
सुर्खेत

वीरेन्द्रनगर नगरपालिका वडा नं. १, सुर्खेतको अनुरोध

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नवीकरण सम्बन्धी सूचना

- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सबै लाभग्राहीहरुले आर्थिक वर्ष २०८३/८४ का लागि २०८३ साल श्रावण १ गतेदेखि असोज मसान्तभित्र वडा कार्यालयमा राष्ट्रिय परिचयपत्र र नेपाली नागरिकतासहित बायोमेट्रिक (Biometric Finger Print) मार्फत नवीकरण गर्नुपर्ने ।
- १६ वर्ष मुनिका बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने अशक्त र ९० वर्ष माथिका ज्येष्ठ नागरिकहरुको हकमा राष्ट्रिय परिचयपत्र अनिवार्य नहुने ।

दिनेश खत्री
(वडा अध्यक्ष)

वीरेन्द्रनगर नगरपालिका
वडा नं. १ को कार्यालय परिवार
सुर्खेत

सर्वसाधारणका लागि सूचना

- भेरी कोरिडोर सिँचाइ तथा नदी व्यवस्थापन आयोजना
- भेरी नदी तथा आसपासका क्षेत्रमा सिँचाइ सुविधा विस्तार र नदी व्यवस्थापन गर्ने उद्देश्यले आयोजना सञ्चालनमा रहेको छ।
- सिँचाइ पूर्वाधारको विकासमार्फत कृषियोग्य जमिनमा भरपर्दो सिँचाइ सुविधा विस्तारमा जोड दिइएको छ।
- नदी कटान तथा बाढीबाट हुने क्षति न्यूनीकरणका लागि तटबन्ध तथा नदी नियन्त्रणका संरचना निर्माण गरिँदैछ।
- आयोजना क्षेत्रको कृषि उत्पादन र उत्पादकत्व वृद्धिमा सहयोग पुऱ्याउने लक्ष्य रहेको छ।
- निर्माण कार्यका क्रममा स्थानीय बासिन्दा तथा सर्वसाधारणले सुरक्षा मापदण्डको पालना गर्नुहुन अनुरोध छ।
- नदी तथा निर्माणस्थल आसपासमा आवतजावत गर्दा सावधानी अपनाउनुहोस् ।
- आयोजना सम्बन्धी समस्या, गुनासो वा सुझाव भए सम्बन्धित कार्यालयमा सम्पर्क गर्नुहोस् ।

“सिँचाइको विस्तार, नदीको व्यवस्थापन–समृद्धिको आधार ।”

भेरी कोरिडोर सिँचाइ तथा नदी व्यवस्थापन आयोजना
सुर्खेत

भैरवी गाउँपालिकाको अनुरोध

बाढी/पहिरोबाट सचेत होऔँ
- जोखिमयुक्त स्थानमा बसोबास भए समयमै सुरक्षित स्थानमा सर्दै गर्नुहोस् ।
- बालबालिका, वृद्धवृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूको सुरक्षामा विशेष ध्यान दिऔँ ।
- बाढी/पहिरो आएपछि अनावश्यक रूपमा बाहिर ननिस्कौँ र सुरक्षित स्थानमा बसौँ ।
- बिजुलीका तार, खम्बा तथा खोलानालाबाट टाढा रहौँ ।
- हल्ला तथा अफवाहमा विश्वास नगरी आधिकारिक सूचनामात्र आदान-प्रदान गरौँ ।

पर्यटन प्रवर्द्धन गरौँ
- नेपालको हिमाली क्षेत्र तथा प्राकृतिक सौन्दर्यको भ्रमण गरी आन्तरिक पर्यटन प्रवर्द्धन गरौँ ।
- हिमाल, हिमताल, हिमनदी तथा प्राकृतिक सम्पदाको संरक्षण र संवर्द्धन गरौँ ।
- पर्यटकीय क्षेत्रमा सरसफाइ कायम राखौँ र फोहोर जथाभावी नफालौँ ।
- स्थानीय उत्पादन, कला, संस्कृति तथा सेवाको प्रयोग गरी स्थानीय अर्थतन्त्र र पर्यटन विकासमा योगदान गरौँ ।

मौसमजन्य विपद्बाट सुरक्षित बनौँ
- मौसम परिवर्तनसँगै स्वास्थ्य तथा सुरक्षामा विशेष ध्यान दिऔँ ।
- नियमित रूपमा साबुनपानीले हात धोऔँ र स्वच्छ पानी तथा पोषणयुक्त खाना सेवन गरौँ ।
- वर्षा, बाढी तथा पहिरोको समयमा जोखिमपूर्ण स्थानबाट टाढा रहौँ ।
- ज्वरो, रुघाखोकी वा अन्य स्वास्थ्य समस्या देखिएमा समयमै स्वास्थ्य जाँच गराऔँ ।

बालबालिकालाई मोबाइलको लतबाट बचाऔँ
- बालबालिकालाई लामो समयसम्म मोबाइल चलाउन नदिऔँ ।
- मोबाइलको सट्टा खेलकुद, पुस्तक पढ्ने तथा सिर्जनात्मक गतिविधिमा सहभागी गराऔँ ।
- खाना खाने, पढ्ने र सुत्ने समयमा मोबाइल प्रयोग नगर्ने बानी बसाऔँ ।
- अभिभावकले पनि मोबाइलको प्रयोगमा उदाहरणीय व्यवहार देखाउँदै बालबालिकासँग पर्याप्त समय बिताऔँ ।

दमन दाहाल
प्रमुख प्रशासकीय अधिकृत

देवी भण्डारी
उपाध्यक्ष

रिता कुमारी शाही
अध्यक्ष

भैरवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भैरीकालिकाथुम, दैलेख



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८५८०५०५०५, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)